# नेपाली महिलाहरूको सांखिक चित्रण : एक समालोचनात्मक समिक्षा

मीना आचार्य

नेपालमा महिलाहरूको मर्यादा स्तर, खण्ड १, भाग १









# नेपाली महिलाहरूको सांखिक चित्रण:
# एक समालोचनात्मक समिक्षा

# नेपालमा महिलाहरूको मर्यादा स्तर

पृष्ठभूमि प्रतिवेदन

## खण्ड १, भाग १

# नेपाली महिलाहरूको सांखिक चित्रण : एक समालोचनात्मक समिक्षा

**मीना आचार्य**

अनुवादक: पदम नाथ तिवारी

आर्थिक विकाश तथा
प्रशासन अनुसन्धान केन्द्र
त्रिभूवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल ।

स्टटिस्टीकल प्रोफाइल अफ नेपुलीज विमेन : अ क्रिटीकल रिभ्यु
नेपालमा महिलाहरूको मर्यादा स्तर पृष्ठभूमि प्रतिवेदन
खण्ड १, भाग १ को नेपाली अनुवाद

युनिसेफ, नेपाल, द्वारा प्रकाशित
आषाढ २०४०
१००० प्रति

सर्व प्रथम अंग्रेजी भाषामा प्रकाशित गर्ने :

आर्थिक विकाश तथा प्रशासन अनुसन्धान केन्द्र
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर
काठमाडौं, नेपाल

प्रथम अंग्रेजी संस्करण, सन् १९७९
द्वितीय अंग्रेजी संस्करण, सन् १९८०

Nepali edition of <u>Statistical Profile of Nepalese Women: A Critical Review; Status of Women in Nepal Background Reports, Volume I</u>, Part I by Mina Acharya.

Published by UNICEF, Nepal
July 1983, B.S. Ashād 2040
1000 copies

English edition published originally by:

Centre For Economic Development And Administration
Tribhuvan University, Kirtipur, Kathmandu, Nepal

First printing: May 1979
Second printing: October 1980

मुद्रक: जोरगणेश प्रेस प्रा.लि. बालाजु औद्योगिक क्षेत्र काठमाडौं

# विषय सूची


| | पृष्ठ |
|---|---|
| तालिका सूची | क |
| नेपाली संस्करण बारे जानकारी | घ |
| प्रस्तावना | च |
| प्राक्कथन | छ |
| भूमिका | ढ |
| सामान्य डेमोग्राफिक विशेषता | १ |
| उमेरको बनोट | ४ |
| लिंगको अनुपात | ६ |
| जातिय बनोट | ८ |
| जनसंख्या वृद्धि | १० |
| मृत्यु दर र जीवन अवधि | १२ |
| प्रजनन | १७ |
| सामाजिक लक्षणाहरू | २१ |
| वैवाहिक अवस्था | २३ |
| शिक्षा | ३० |
| राजनैतिक अभिव्यक्ति | ३६ |
| आर्थिक लक्षणाहरू | ४३ |
| आर्थिक गतिविधीको दर | ४५ |
| औद्योगिक र पेशागत वर्गिकरण | ७७ |
| रोजगारीको स्तर र काम गर्ने अवस्था | ६४ |
| सारांश र निष्कर्श | १०३ |
| सहायक सन्दर्भ सूची | ११२ |
| तथ्यांकका श्रोतहरू | ११५ |

# तालिका सूची


| तालिका नम्बर | शिर्षक | पृष्ठ |
|---|---|---|
| १. | क्षेत्र अनुसारको जन-घनत्व ........................ | ३ |
| २. | उमेर र लिंग अनुसार जनसंख्याको वनोट .................. | ५ |
| ३. | लिंगको अनुपात ........................................ | ६ |
| ४. | क्षेत्र अनुसार लिंगको अनुपात ........................... | ७ |
| ५. | मातृभाषा अनुसार जनसंख्याको वनोट, २०२८ ............ | ६ |
| ६. | नेपालको जनसंख्या (१९६८ - २०३३) .................... | ११ |
| ७. | मृत्यु दर ................................................ | १२ |
| ८. | जन्मको समयमा अनुमानित जीवन अवधि ................. | १३ |
| ९. | शिशु मृत्यु दर ........................................... | १३ |
| १०. | उमेर अनुसार सुधारिएको मृत्यु दर, २०३३ ............... | १४ |
| ११. | क्षानिएको उमेरमा संभावित जीवन अवधि ................ | १५ |
| १२. | निरन्तर विवाहित र तत्काल विवाहित महिलाहरूको औषत बाल-बच्चा संख्या ................................ | १८ |
| १३. | जन्मेका र जिवित बालबच्चाको औषत संख्या ............ | १८ |
| १४. | वासस्थान क्षेत्र अनुसार वैवाहिक उमेर र कुल प्रजनन दर .... | १९ |
| १५. | विवाह गर्ने औसत उमेर ................................. | २३ |
| १६. | उमेर समूह अनुसारको वैवाहिक अवस्था .................. | २४ |
| १७. | भौगोलिक क्षेत्र, उमेर र लिंग अनुसार विवाहित जनसंख्याको अनुपात ................................ | २६ |
| १८. | ६ वर्ष र सो भन्दा माथि उमेरका महिला संख्याको उमेर अनुसारको वैवाहिक अवस्था, २०२८ ................ | २७ |
| १९. | भौगोलिक क्षेत्र अनुसार वैवाहिक सम्बन्ध विच्छेद गरेका र विधवा महिलाहरूको अनुपात, २०२८ .................. | २८ |
| २०. | साक्षरता दर ............................................. | ३० |

२१. भौगोलिक क्षेत्र अनुसारको साक्षरता दर ................ ३३
२२. शैक्षिक उपलब्धीका केहि सूचकहरू ........................ ३७
२३. शैक्षिक स्तर अनुसारको भर्ना संख्या ......................... ३८
२४. स्थानीय पंचायतहरूमा राजनैतिक सहभागिता ............. ४१
२५. राजनैतिक ज्ञानको स्तर ....................................... ४२
२६. कुल जनसंख्या मध्ये संभावित श्रमशक्ति ..................... ४६
२७. लिंग अनुसार आर्थिक दृष्टिले सकृय जनसंख्या ............. ४७
२८. लिंग र वासस्थान अनुसार उमेर समूहको सहभागिता दर .... ४८
२९. आर्थिक गतिविधि दर ....................................... ५२
३०. १० वर्ष र माथि उमेरका जनसंख्याको विकास क्षेत्र
अनुसारको गतिविधि दरहरू .................................. ५३
३१. १० वर्ष र माथि उमेरका आर्थिक दृष्टिले सकृय महिला र
घरधन्दा गर्ने महिलाहरू ....................................... ५७
३२. लिंग अनुसार कृषि कार्यको बाँडफाँट ..................... ६१
३३. लिंग अनुसार घरायसी कामको बाँडफाँट ................... ६२
३४. छानिएका जिल्लाहरूको भाषा समूह र गतिविधि
दरहरू ........................................................... ६३
३५. दुई गुरुंग परिवारमा गरिने कामहरू, सन् १९६६ ........... ६५
३६. तराईमा जग्गाको स्वामित्व ................................. ७३
३७. थारू समुदायमा लिंगहरूका बीच श्रमको विभाजन .......... ७४
३८. धान खेतीमा लाग्ने जनश्रमको बनोट ........................ ७६
३९. व्यवसाय अनुसार आर्थिक दृष्टिले सकृय जनसंख्याको
वितरण ........................................................... ७८
४०. आधारभूत उद्योग सम्बन्धी क्षेत्रमा काम गरेका महिलाहरू .. ७९
४१. मुख्य व्यवसाय अनुसार श्रमिकहरूको संख्या ................ ८०
४२. व्यवसाय अनुसार श्रम शक्तिको बनोट ...................... ८२
४३. विस्तृत पेशागत समूह अनुसार आर्थिक दृष्टिले सकृय
जनसंख्याको वर्गिकरण ........................................ ८४

४४. विस्तृत पेशागत समूहको वनोट .......................... ८५
४५. सरकारी सेवामा महिलाहरूको अनुपात, आषाढ २०३५ ... ८६
४६. छनौटमा परेका सरकारी र अर्ध-सरकारी संस्थाहरूमा महिलाहरूको अनुपात .................................. ८७
४७. पेशा अनुसार महिलाहरूको संख्या, २०२८ ................. ८९
४८. विशेष ज्ञान अनुसार व्यवसायिक र प्राविधिक जनशक्तिको वनोट ..................................... ९०-९१
४९. केहि आर्थिक क्षेत्रमा लिंग अनुसार श्रमशक्तिको वनोट ...... ९२
५०. उमेर समूह अनुसारको रोजगारी स्तर, २०२८ .............. ९५
५१. आर्थिक दृष्टिले सकृय जनसंख्याको रोजगारी स्तर .......... ९६
५२. क्षेत्र अनुसार काम गर्ने दैनिक औषत घण्टा ............... ९८
५३. कानिष्का क्षेत्रहरूमा मासिक औषत आय ................. ९९
५४. श्रम शक्तिको शैक्षिक स्तर ............................... १००
५५. आर्थिक दृष्टिले सकृय महिला जनसंख्याको वैवाहिक स्थिति ........................................ १०२

# नेपाली संस्करणबारे जानकारी

त्रिभुवन विश्वविद्यालय, आर्थिक विकाश तथा प्रशासन अनुसन्धान केन्द्र द्वारा प्रकाशित नेपालमा महिलाहरूको मर्यादा स्तर परियोजना प्रतिवेदनहरू (Status of Women in Nepal Project Monographs 1979-1981) अंग्रेजी विदहरू, अनुसन्धानकर्ताहरू, प्रशासकहरू र नीति निर्माताहरूलाई खासगरी महिला सम्बन्धी विषयमा सहयोगी सामग्री हुन गएका छन् । तर अधिकांस नेपालीहरूले अंग्रेजीको अनभिज्ञताले गर्दा परियोजना प्रतिवेदनबाट वाञ्छित मात्रामा फाइदा उठाउन सकेका छैनन् । त्यसैले युनिसेफले, अंग्रेजी भाषा बुझ्न नसक्ने नेपालीहरू त्यस्मा पनि विशेष गरी महिलाहरूलाई नेपाली महिलाहरूको आर्थिक गतिविधि, सामाजिक अवस्था, राजनैतिक सहभागिता र परंपरा एवं कानूनी अधिकार आदि बारे बुझ्न सजिलो होस् भन्ने उद्देश्यले परियोजना प्रतिवेदनको खण्ड १ र खण्ड २ का भागहरू मध्ये देहायका चार महत्वपूर्ण भागहरूलाई सरल नेपाली भाषामा अनुवाद गराई जन समक्ष ल्याएको छ ।

१. Statistical Profile of Nepalese Women, A Critical Review, Volume I, Part I by Meena Acharya 1979.

नेपाली महिलाहरूको सांख्यिक चित्रण : एक समालोचनात्मक समिक्षा, खण्ड १, भाग १, लेखिका: मिना आचार्य, सन् १९७९

२. Tradition & Change in the Legal Status of Nepalese Women, Volume I, Part 2 by Lynn Bennet with assistance from Shilu Singh 1979.

नेपाली स्वास्नीमानिसहरूको कानूनी स्थितिमा परम्परा र परिवर्तन, खण्ड १, भाग २, लेखिका: लिन बेनेट, सिलु सिंहको सहायताबाट, सन् १९७९

३. Institutions Concerning Women in Nepal, Volume 1, Part 3 by Bina Pradhan 1979.

(अनुवाद भई रहे को)

४. Rural Women of Nepal : An Aggregate Analysis & Summary of 8 Village Studies, Volume II, Part 9 by Meena Acharya & Lynn Bennett 1981.

(अनुवाद भई रहे को)

# प्रस्तावना

नेपालमा स्वास्नीमानिसहरूको स्थिति बारे प्रयोगात्मक जांचबुझको अझै अलि अभाव नै छ, तैपनि राष्ट्रिय विकासमा स्वास्नीमानिसहरूको भूमिका बारे र समानता साकार पार्ने उनिहरूको स्थिति सुधार्नु पर्ने आवश्यकता बारे चेतना भने गत केही वर्ष-भित्र निश्चित रूपले बढेको छ ।

यस केन्द्रले नेपालमा स्वास्नीमानिसहरूको स्थिति बारे अगुवा अनुसन्धान शुरू गरेको करिव दुई वर्ष पुग्यो । हाम्रो प्रयत्नको प्रारम्भिक फल खण्ड १ को प्रकाशन हो । यो प्रकाशनको मुख्य उद्देश्य विभिन्न जनजाती समूहहरूका नेपाली स्वास्नीमानिसहरू बारे आठ वटा जति बास्तविक स्थिति अध्ययनहरू र अनुसन्धान प्रयत्नहरूका जम्माजम्मी विश्लेषण समावेश गरिने आगामी खण्ड २ को निम्ति यथेष्ट भूमिका तयार पार्ने हो ।

हाम्रो प्रकाशनहरू प्रति देश र विदेशमा पनि देखाइएको अभिरूचिले गर्दा खण्ड १ को पहिलो संस्करण छिटै बिक्री भयो, तैपनि त्यस खण्डको विभिन्न भागहरूको मांग अझै निकै छ । खण्ड १ को सबै भागहरूको दोश्रो आवृत्ति हर्षसाथ निकालिरहेका छौं ।

यस खण्डको दोश्रो आवृत्ति प्रकाशन गर्न आर्थिक सहायता गरेकोमा हामी यू. एस. एड नेपाल प्रति आभारी छौं । त्यसैगरी छोटो अवधिमा छाप्ने काम पूरा गरिदिएकोमा त्रिभुवन विश्वविद्यालय प्रेश धन्यवादको पात्र छ ।

नेपालमा स्वास्नीमानिसहरूको स्थिति बारे दोश्रो खण्ड छिटै निकाल्ने आशा गर्दछौं ।

सेप्टेम्बर, १९८०

डा. गोविन्द राम अग्रवाल
कार्यकारी निर्देशक

# प्राक्कथन

आर्थिक विकास तथा प्रशासन केन्द्रद्वारा सन्चालित नेपालमा महिलाहरूको मर्यादा स्तर परियोजनाको परिचय, क्षेत्र र उद्देश्य

यो खण्ड १ को लेख (नेपालमा महिलाहरूको मर्यादा स्तर बारे पृष्ठभूमि प्रतिवेदन) आ.वि.प्र.के. द्वारा सन्चालित नेपालमा महिलाहरूको मर्यादा स्तर परियोजनाको विस्तृत अनुसन्धान प्रयास मध्येको एउटा अंश हो । श्री ५ को सरकार र अमेरिकी सहायता नियोगका बीचमा सम्पन्न भएको परियोजना सम्बन्धी सम्झौताको औपचारिक भाषामा जनाइए अनुसार परियोजनाको समस्टिगत उद्देश्य राष्ट्रिय विकास प्रकृयामा महिलाहरूलाई बढी सम्मिलित गराउन सजिलो पार्ने योजनालाई सहयोग पु-याउनका लागि नेपाली महिलाहरूको प्रतिनिधि समूहको स्थिति र भूमिका सम्बन्धी जानकारी तयार पार्ने हो । यो बृहत लक्ष्य प्राप्तिका लागि परियोजनालाई तीनवटा प्रमुख र क्रमिक चरणहरूको परिकल्पना गरियो । पांचवटा अलग अलग अध्ययन वा लेखहरू सम्मिलित गरिएको अहिलेको खण्ड १ कुनै विशेष क्षेत्रहरूमा नेपाली महिलाहरू सम्बन्धी उपलब्ध तथ्यांकहरूको संकलन र विश्लेषण तर्फ प्रयत्न लगाइएको परियोजनाको पहिलो चरणाको नतिजा हो ।

खण्ड १ छाप्न प्रेशमा पठाइएको बेला सम्ममा परियोजनाको चालु भई रहेको दोश्रो चरणाको उद्देश्य "परम्परागत ग्रामिण समुदायहरूमा ....... प्रणालिको विकास गरेर महिलाहरू सम्बन्धी अगुवा सामाजिक-आर्थिक स्थिति बारेका केश अध्ययनहरू सन्चालन गर्ने हो ।" अहिले परियोजनाको अनुसन्धान टोलिका पांचजना सदस्यहरू तीनजना सहयोगी मानव-शास्त्रीहरूका साथमा नेपालका विभिन्न भागका आठवटा गाउंमा व्यापक स्थानीय सर्वेक्षण र अवलोकन सिद्धाएर भर्खरै फर्केका छन् । तिनीहरूले परिवार र व्यापक सामाजिक समूह भित्र दुबैमा महिलाहरूको आर्थिक भूमिका र उनिहरूको स्थिति बारे तुलनात्मक तथ्यांक जम्मा गर्ने मानव-शास्त्र-सम्बन्धी गहन तरिकाहरूको साथै परिमाणात्मक सर्वेक्षण प्रविधि पनि प्रयोग गरेका छन् । मानव-शास्त्र-सम्बन्धी र सर्वेक्षण तरिकाको संयुक्त प्रयोग गर्नुको साथै प्रत्येक अनुसन्धानकर्ताले प्रत्येक नमूना गाउंभित्रका सबै परिवारका सदस्यहरूको दैनिक गतिविधिमा के कति समय दिइन्छ भनि व्यापक रूपले अवलोकन गर्ने प्रयत्न गरेका छन् । अब अनुसन्धानकर्ताहरूको सामु आफूले संकलन गरेका परिमाणात्मक सर्वेक्षण तथ्यांक र गुणात्मक अवलोकन तथ्यांकलाई विश्लेषण गर्ने र आफूले काम गरेका आठवटा समुदायका महिलाहरूको स्थिति र भूमिका बारेको प्रतिवेदन तयार गर्ने चुनौतिपूर्ण अभिभारा आएको छ । यी ग्रामिण अध्ययनहरूका साथै प्रमुख विकास-सम्बन्धीत तथ्यहरूको तुलनात्मक विश्लेषण र सारांश नै परियोजनाको दोश्रो चरणाको फल खण्ड २ मा रहने छ ।

परियोजनाको तेश्रो र अन्तिम चरणमा खण्ड १ र २ का निष्कर्षहरू (नेपालका

महिलाहरूको लागि योजना सित सम्बन्धित अरू धेरै सामग्रीहरूबाट प्राप्त जानकारी समेत) लाई प्रयोग गरी महिलाहरूको लागि एउटा राष्ट्रिय कार्य-योजनाको निम्ति एउटा ठोस र व्यवहारिक मसौदा तयार पार्ने हुनेछ । हुन त यस्तो मसौदाको लागि अन्तिम रूप दिनु भन्दा पहिले केन्द्र र अधिराज्यभरिका अरू धेरै सम्बन्धित संस्थाहरू र निकायहरूको योगदानको जरूरत पर्नेछ । आ.वि.प्र.के.को मसौदा त राष्ट्रिय कार्य-योजनालाई अन्तिम रूपले अनुमोदन गर्नु भन्दा पहिले सम्बन्धित निकायहरूद्वारा छलफल गराउनका लागि र रूपरेखा तयार पार्नका लागि शुरू आधार सम्म मात्र हुनेछ । यो तेस्रो चरण अनुसन्धान र कार्यान्वयनका बीच प्राय: धेरै प्रकारले बेवास्ता गरिएको महत्वपूर्ण पक्ष हो । परियोजना टोलीको लागि बढी व्यक्तिगत रूपमा प्रत्यक्ष दृष्टिले यो चरण आफ्नो त्यस्तरी व्यस्त कामका दिनहरूमा पनि समय दिएर धैर्यसाथ त्यतिका प्रश्नहरूको जवाफ दिएर उनिहरूको जीवनका कठीन आर्थिक र सामाजिक यथार्थता बारे हामीलाई अवगत गराउने उदार साथै व्यवहारिक ग्रामीण महिलाहरू र तीनका परिवारहरूको निम्ति हामीले कम-से-कम केहि दिनका लागि शुरू गर्ने एउटा माध्यम हो । राष्ट्रिय कार्य-योजनाको मसौदा पूरा भएपछि यसले महिलाहरूको सम्बन्धमा सिलसिलाबद्ध राष्ट्रिय नीति तर्जुमा गर्न उत्प्रेरकको काम गर्नेछ र हामीले संग-सँगै बसी काम गरेका महिलाहरू जस्ता ग्रामीण नेपाली महिलाहरूको निम्ति पछि गएर खास कार्य-योजनाको विकासको लागि एउटा उपयुक्त नीति निर्धारणको आधार बन्ने छ भन्ने हाम्रो आशा छ ।

## खण्ड १: एक दृष्टि

माथि भनिए झैं यो खण्ड १ महिला सम्बन्धी सहायक तथ्यांकहरूको संकलन र विश्लेषणासित सम्बन्धित परियोजनाको पहिलो चरणको नतिजा हो । यस खण्डको प्रकृति र क्षेत्र सम्बन्धी पाँचवटा विशेष कार्यात्मक उद्देश्य अनुरूप अलग अलग लेखको रूपमा निस्केका छन् । परियोजनाको सम्झौता अनुसार उद्देश्य क "नेपाली महिलाहरूको राष्ट्रिय सांखिक चित्रण तयार पार्ने" थियो । यो कामको जिम्मा मीना आचार्यले लिनुभयो र यो क्रमको पहिलो लेख खण्ड १ भाग १ को रूपमा प्रकाशित छ । उद्देश्य ख "मुलुकी ऐनमा प्रस्तुत स्वास्नीमानिसहरूका कानूनी अधिकारहरूको सारांश तयार पार्ने" थियो र यो काम डा. लिन बेनेटले सिलु सिंहको सहायता लिएर संचालन गर्नुभयो र खण्ड १ भाग २ को रूपमा निस्केको छ । "स्वास्नीमानिसहरू सित सम्बन्धित नेपाली संस्थाहरूको फिहरिस्त तयार गर्ने" उद्देश्य ग को जिम्मा श्रीमती विणा प्रधानले लिनु भयो । उहांको रचना यस क्रमको तेस्रो लेख खण्ड १ भाग ३ को रूपमा निस्केको छ । उद्देश्य घ "नेपालमा स्वास्नीमानिसहरू सम्बन्धी जानकारीको स्रोतको सूची तयार गर्ने" थियो र यसको लागि सुश्री इन्दिरा श्रेष्ठले टीका सहितको ग्रन्थसूची तयार गर्नु भयो । यो खण्ड १ भाग ४ को रूपमा निस्केको छ । पहिलो चरणको अन्तिम उद्देश्य ङ० "कृषि, उद्योग, व्यापार र विज्ञान तथा प्रविधिमा महिलाहरूको संलग्नता बारे नेपालको राष्ट्रिय योजना र कार्यक्रमहरूमा कुन हदसम्म झल्कन्छ भन्ने बारे विवरण जम्मा गर्ने" थियो । यो अभिभारा डा. पुष्कर राज रीजालले लिनुभयो र खण्ड १ भाग ५ को रूपमा प्रकाशित भएको छ ।

खण्ड १, भाग १: नेपाली महिलाहरूको सांख्यिक चित्रण: एक समालोचनात्मक समीक्षा

नेपाली महिलाहरूको राष्ट्रिय सांख्यिक चित्रण प्रस्तुत गर्ने यो लेख क्रमको सामान्य उद्देश्य हो । विशेष गरी यसमा महिलाहरूको आर्थिक, शैक्षिक र स्वास्थ्य स्तर र उनिहरूको गर्भवति हुने र बच्चा हुर्काउने भूमिकाहरू सम्बन्धी उपलब्ध आंकडाहरू संकलन गर्ने कार्य पर्दछ । त्यसपछि ती तथ्यांकहरूलाई आजका महिलाहरूको एउटा एक रूपताको चित्रणमा परिवर्तन गर्नु पर्दछ ।

तथ्यांकहरूको अभावले गदा यो कार्य कठिन भएको छ । धेरै साम्प्रदायिक विभिन्नता र सांस्कृतिक समूहहरू तथा आम्दानी, सम्पत्ति र विकासको लाभहरू सम्बन्धी क्षेत्रीय असमानताले गर्दा नेपालमा एउटा सामान्य (औषत) महिला सम्बन्धी निर्णायक र समष्टिगत निष्कर्ष निकाल्न कुनै पनि अनुसन्धानकर्तालाई वास्तवमा शंकास्पद हुन्छ । त्यसो गर्नु सर्वमान्य गराउने खतरा हुन्छ जुन विषय अनुसन्धानकर्ताको आफ्नै विचारधारा र पक्षता प्रतिबिम्बित हुनुका साथै वास्तविक चित्रको विपरित हुन्छ ।

यो भनाइको तात्पर्य यो होइन कि नेपालमा एकता छैन । वास्तवमा विभिन्न जातिहरूका बीचको सामाजिक सम्पर्क र सहिष्णुता एउटा ऐतिहासिक नमूना हो । यो शक्तिले गर्दा नेपालले साम्राज्यवादी संहारको खिलाफ निरन्तर आफ्नो स्वाधिनता निर्बाधरूपले भोग गरेको छ, यो एकता राजपरिवारको नेतृत्व, हिन्दु धर्म र एउटा राष्ट्रिय भाषाले अफ बलियो बनाएको छ ।

परिमाणात्मक र गुणात्मक दुवै प्रकारका तथ्यांकको उपयोग गरी यस लेखले नेपाली महिलाहरूको एउटा सांख्यिक चित्रण प्रस्तुत गरेको छ जस्ले अनेकताका बीचको एकता प्रतिबिम्बित गर्दछ । महिलाहरूको मर्यादा सम्बन्धी चित्रणले तैपनि एउटा अन्धकारमय अवस्था देखाउंदछ । यसो हुंदा पनि लेखिकाले गहिरिएर व्याख्या गरे भैं नेपाली समाजमा महिलाहरूको सक्रिय र महत्वपूर्ण भूमिका आज सम्म सांख्यिक दृष्टिले कम अनुमानित छ र धेरै अवस्थामा रिकर्ड गर्ने काम पटक्कै भएको छैन ।

लेखिकाले उल्लेख गर्नु भए जस्तै उपलब्ध तथ्यांकले महिलाहरूको जीवन कम उमेरमा बिबाह हुनु, बढी प्रजनन् दर (एकदमै बढी दरको बाचबच्चा मृत्यु दरले सताएको), बढी मृत्यु दर र निम्न जीवन अवधिले चित्रित छ । उनिहरूको कम शैक्षिकदरले उनिहरूको लागि शिक्षाको अवसर सीमित भएको कुरा दर्शाउंछ । उनिहरूको राजनैतिक चेतना प्राय: छंदैछैन र बजारमा उपयोग हुने आफ्नो शीप पनि अति कम छ । महिलाहरूले कुनै काम पाए तापनि प्राय: निम्न आय हुने काममा लागेका छन् र पश्चिमी प्रविधिबाट प्रेरित यन्त्रीकरण प्रविधि (पूंजी प्रधान) अपनाएर अति चाँडै र गम्भिर रूपले रोजगारीबाट हटाइएका छन् । गत: १० वर्षको रोजगारी सम्बन्धी प्रवृत्ति (ट्रेन्ड) ले औद्योगिक, यातायात, र निर्माण सम्बन्धी कार्यहरूमा महिलाहरूको सहभागिता निक्कै नै घटेको देखाउंछ । समष्टिगत रूपमा हेर्दा, तथ्यांकहरूले पुरुषहरू भन्दा महिलाहरूको आर्थिक गतिविधि दर अति नै कम देखाउंछन् ।

त्यसो भए तापनि लेखिकाले ती तथ्यांकहरूलाई जस्ताको तस्तै नलिनु भनेर पाठक वर्गलाई बडो होशियार गराउनु भएको छ । तेस्रो विश्वका मुलुकहरूको अर्थ व्यवस्था सम्बन्धी विषयलाई केलाउँदै लेखिकाले विकाशको पूर्ण आर्थिक मापदण्डको रूपमा लिइने कुल राष्ट्रिय आयको माध्यमको उपयुक्तता बारे प्रश्न गर्नु भएको छ । किन कि यो माध्यम बाहिले बिक्री-प्रयोजन भएको उत्पादनमा मात्र केन्द्रीत छ । नेपाल जस्तो मुलुकमा जहां अर्थ तन्त्रको ४० प्रतिशत भन्दा बढी उत्पादन घरायसी खपतको लागि गरिन्छ र बजार व्यवस्थाबाट बाहिर पर्दछ, प्रमुख आर्थिक क्षेत्र (सेक्टर) लाई कुल राष्ट्रिय उत्पादनको माध्यमबाट पूर्ण रूपले उपेक्षा गरिएको हुन्छ । घरायसी उपयोगका लागि गरिने धेरैजसो उत्पादन कार्य उल्लेखनीय रूपले महिलाहरूद्वारा पूरा गरिन्छ । यसकारण, उनिहरूको वास्तविक आर्थिक देनहरू प्रचूर मात्रामा अर्ध-मूल्यांकन भएको छ । नेपालको जस्तो परम्परागत निर्वाहक अर्थतन्त्रमा पूर्ण आर्थिक गतिविधिहरूको मूल्यांकनका लागि दुबै खपत प्रयोजन र बिक्री प्रयोजनका निमित्त गरिने उत्पादन समावेश गरिने एउटा अझ उपयुक्त माध्यम अपनाउनु पर्दछ भनि लेखिकाले सुझाव गर्नु भएको छ । उदाहरणका लागि उहाँले यो पनि सुझाव गर्नु भएको छ कि २०३८ सालको जनगणना विधिमा संशोधन हुनु पर्ने जस्ले व्यक्तिहरूलाई तीन स्पष्ट समूहमा परिभाषित गर्नु पर्दछ: बिक्रीका लागि बिक्रीयोग्य वस्तुहरूको उत्पादन गर्ने, घरायसी आवश्यकता परिपूर्तिका लागि वस्तु उत्पादन गर्ने, र घरायसी काम मात्र गर्ने । यस्तो किसिमको वर्गिकरणबाट आर्थिक गतिविधिको निक्कै तथ्यपूर्ण मूल्यांकन गर्न सकिने छ ।

नेपाली समाजमा महिलाहरूको भूमिका र देन सम्बन्धी मूल्यांकनमा त्रुटी हुने अर्को प्रभावशालि श्रोत तथ्यांक संकलनको विधि नै हो । लेखिकाले महिला सम्बन्धी तथ्यहरूको अर्ध-मूल्यांकन हुने धेरै उपयुक्त कारणाहरू प्रस्तुत गर्नु भएको छ -- खासगरी आर्थिक गतिविधि दरहरूमा -- र नेपाली सम्प्रदायको मानव शास्त्र सम्बन्धी अध्ययनहरूको विवरणाहरूको माध्यमबाट वास्तविकता र तथ्यांकहरूको बीचको भेद उल्लेख गर्नु भएको छ । यस्ता सुक्ष्म तहका वर्णनात्मक अध्ययनहरू परिमाणात्मक माप दिनका लागि अपर्याप्त हुने कुरा उल्लेख गर्दै उहाँले "श्रमको परम्परागत वर्गिकरण" बारेमा तथ्यांक शास्त्रीहरूले गरेको अर्न्तनिहित मान्यताहरूको त्रुटी भने औंल्याउंदछन् भन्नु भएको छ । नेपालका धेरै समुदायमा यो सामाजिक कथा हो किन कि पुरूष र महिला दुबै धेरैजसो कार्य मिलेर गर्दछन् । अनि लामो समय सम्म पुरूषहरू बसाईं सरी जाने क्रमले र बढी विधवा हुने घटनाले गर्दा सबै परिवाहरूमा पुरूष नै घरमूली हुन्छन् भन्ने परम्परागत धारणालाई सांखिक दृष्टिले प्रश्नसूचक देखिन्छ ।

सुश्री आचार्यले योजनाका लागि अझ उपयुक्त परिमाणात्मक तथ्यांकहरूको आवश्यकता पर्ने र भविष्यमा गरिने सर्भेक्षणाहरूले स्पष्टसित महिलाहरूलाई केन्द्रीत गर्नु पर्दछ भनि जोड गर्नु भएको छ । उपलब्ध तथ्यांकहरूले महिलाहरूको जीवन परिपाटी, आकांक्षा, निर्णयकर्ताको रूपमा उनिहरूको पारिवारिक भूमिका, उत्पादक अथवा उपभोक्ताको बारेमा हामीलाई कुनै तथ्य थाह हुँदैन भनी उहाँले हामीलाई सतर्क गराउनु भएको छ । यदि विकाश प्रकृयामा महिलाहरूलाई पूर्णरूपले संलग्न गराउने हो भने वास्तवमा

होशियारी साथ अनुसन्धान गर्ने उल्लेखनिय क्षेत्रहरु देखिन्छन् ।

यो अध्ययनको दोस्रो चरणाले राष्ट्रिय अर्थतन्त्रको प्रमुख क्षेत्रहरु -- ग्रामीण परिवारहरु -- का महिलाहरु प्रति केन्द्रीत भएर उपरोक्त विषयहरुका केहि तथ्यांकहरु उपलब्ध गराउने छ । हामीले आशा गरेका छौं कि लामो अवधिको गहन, गुणात्मक र परिमाणात्मक अनुसन्धानद्वारा विभिन्न परिवारका सदस्यहरुको भूमिका र खासगरी महिलाहरुको देन र आवश्यकता बारेमा यो अध्ययनले केहि ज्ञान प्रदान गर्नेछ ।

अहिले सम्म यो त शुरुवात मात्र हो। सुश्री आचार्यले गरेको विश्लेषणाले दिएका परिज्ञान र आगामी दोस्रो चरणाको केश अध्ययनहरु (र अरुले हाल सम्म गरेका प्रयासहरु) ले नीति निर्धारणामा र ती अध्ययनहरुले प्रस्तुत गरेका समस्याहरु र संभावनाहरुलाई समाविष्ट गर्ने नयां कार्यक्रमहरुलाई अन्य प्रयासहरुबाट मजबूत गराउन सकिन्छ । उदाहरणका लागि नीति निर्णयिकर्ताहरुले निम्न बमोजिम गर्न सक्दछन्:

- बढी कामको विवरण बारेका तथ्यांकहरु संकलन गर्ने र परिवारको घरायसी फन्फटको भार घटाउन दुबै प्राविधिक तथा सामाजिक सेवा सम्बन्धी नयां आयामका निमित्त अनुसन्धान गर्ने ।
- औद्योगिकरण, निर्माण कार्य तथा यातायात क्षेत्र सम्बन्धी नीतिहरुको समीक्षा गर्ने र महिलाहरुको आर्थिक स्तरमा अनुचित प्रभाव पार्ने जस्ता कार्यक्रमहरुको मूल्यांकन गर्ने ।
- आयोजना तहमा महिलाहरुको आवश्यकताहरुको र उनिहरुको परम्परागत दक्षतामा सम्भावित आयोजनाको प्रभाव मूल्यांकन गर्ने परिपाटी सृजना गर्ने ।
- रोजगारीमा लागेका महिलाहरुलाई उचित सामाजिक प्रतिष्ठा प्रदान गर्ने र उनिहरुको उत्पादकत्व बढाउनका लागि तालीम, प्रौढ शाक्षरता अभियान, ऋण र बजार सेवा आदिको व्यवस्था जस्ता कदम चाल्ने ।
- जन स्वास्थ्य, शिक्षा, खाने पानी र दाउरा जस्ता सामाजिक सेवाहरुको गुणास्तर र उपलब्धता बढाउने ।
- महिलाहरुको निमित्त आय-वृद्धि गर्ने औसरहरुको नियमित रुपले सर्वेक्षण गर्ने (विशेष गरी विधवाहरु, सम्बन्ध-विच्छेद गरेका र जग्गाहिन लगायत परिवारका महिला घरमूलिहरु) र स्थानीय प्राविधिक विकल्पहरुको मूल्यांकन गर्ने जस्ले आयात गरिएको प्रविधि संग सफलतापूर्वक प्रतिस्पर्धा गर्न सक्छ ।
- नयां शिक्षा पद्धतिको योजनाले विद्यालयहरुमा छात्राहरुको भर्ना सम्बन्धमा र त्यसबाट महिला शाक्षरता दरमा पारेको प्रभाव हेर्न एउटा अध्ययन संचालन

गर्ने, यदि सहभागिता घटेको भएमा सो को कारण पत्ता लगाउन एउटा छुट्टै अध्ययन गर्नु पर्ने ।

- धेरै महिलाहरूलाई अनुसन्धान विधिको तालीम दिने र धेरै महिला गणकहरू भर्ना गर्ने ।

यो अन्तिम क्षेत्रमा महिला शिक्षिकाहरूको अनुसन्धान दक्षताको गुणस्तर बढाएर, अनुसन्धान सन्चालन गर्न उनिहरूलाई उचित रकम र वृत्ति बढाउने आकर्षणहरू प्रदान गरेर, महिला सम्बन्धी अध्ययनहरूको अभिलेखालय (डकुमेन्टेशन सेन्टर) खडा गरेर त्रिभुवन विश्व-विद्यालयले सहयोग पु-याउन सक्नेछ । सफल योजनाको लागि महिला सम्बन्धी शीर्षकहरूमा तथ्यांकहरूको महत्वपूर्ण समूहको र विश्लेषणहरूको आवश्यकता पर्दछ र यस्मा त्रिभुवन विश्वविद्यालयले एउटा अति महत्वपूर्ण भूमिका खेल्न सक्नु पर्नेछ ।

निष्कर्षमा, जहाँ सम्म महिलाहरूको भूमिका र मर्यादा स्तरका सांखिक सूचकहरूको सम्बन्ध छ, अनुचित सामान्यीकरण (जेनरलाइजेशन) को र त्रुटीहरू (प्रचलित तथ्यांक विधिहरू) को समस्या छन् र अति नै स्थानीयकरण (मनुष्य शरीर रचना सम्बन्धी अध्ययनहरू) गरिएका छन् । महिला र विकास सम्बन्धी विषयहरूलाई एउटा विशेष सामन्जस्य भएको एकैनासे तर बहु-विषयक (मल्टि-डिसिप्लिनरी) माध्यम अपनाउनु पर्दछ । प्रचलित तथ्यांक र विश्लेषणहरूमा भएको प्रमुख त्रुटीहरू मध्ये एउटा त्रुटी यो छ कि ती तथ्यांकहरूले महिला प्रति मुख्यतया उनिहरूको स्थानीय (गाउं र शहर) र जातीय वनोटहरू सम्बन्धी विवरण मात्र दिन्छन् । उनिहरूको आर्थिक र सामाजिक स्तरहरू सँग सम्बन्धित परिवर्तनशिल बस्तुहरू (भेरिएवल्स) का आँकडाहरू त्यही स्थान र जातिको वारेमा पनि स्पष्टरूपले अभाव देखिन्छ । यो अध्ययनको दोश्रो चरणले ग्रामीण परिवारको स्थितिमा विद्यमान केहि तत्वहरूको विषयमा हामीलाई अझ राम्ररी बुझ्न र खोज तलास गर्न सक्षम गराउने छ, तर अरू थप तथ्यांकहरूको आवश्यकता पनि पर्दछ ।

एकै पटक प्रत्येकलाई सबै परिवर्तनहरू र सुधारहरू आउने छैनन् । अहिले सम्म भएका विकासका प्रयासहरूबाट शहरिया क्षेत्रका विशिष्ट (सम्पन्न) महिलाहरू नै सबैभन्दा बढी लाभान्वित भएकाछन् र हालसालै सुधारिएको राष्ट्रिय कानूनी व्यवस्थाले उनिहरूको स्वावलम्बता र राजनैतिक सहभागिताको लागि नयाँ उपायहरू प्रदान गरेको छ । ग्रामीण महिलाहरूको आर्थिक स्तर बढाउने दृष्टिले महिलाहरूका निमित्त महिलाहरूद्वारा नै प्रभावित भएर हाले सँदिलो पारिएको संस्थागत र कानूनी उपलब्धीहरूले उनिहरूको भूमिका र मर्यादा स्तर सुधार्ने मात्र नभई सम्पूर्ण नेपालको गरिवीको लहर, वेरोजगारी, शक्ति, मर्यादा र सम्पत्तिको अनुचित वितरण हटाउन सहयोग पु-याउने छन् ।

दुबै किसिमका अभियान एकैसाथ चल्नु पर्दछ । हालको उपलब्धीले जव ग्रामिण महिलाको जीवनमा प्रभाव पार्न थाल्दछ, तव शहरीया विशिष्ट महिलाहरूले अझ बढी सुधार ल्याउने छन् र ग्रामीण जनताको लागि एउटा नमूना (मोडेल) भएर नियमित रूपले कार्यरत हुनेछन् । महिलाहरूको अभियानको चूनौति सम्बन्धित क्षेत्रहरूबाट सबैभन्दा बढी

लाभान्वित हुनु र राष्ट्रिय नेताहरू, नीति निर्माताहरू, र साधारणतया पुरुषहरूबाट महिलाहरूको स्वाधिनताका लागि सहानुभूति राख्नु र नयाँ संस्थागत र कानूनी परिवर्तन-हरूको निमित्त गरिएको मागको साथमा आइपर्ने अन्तर्निहित खतराहरू जस्ले जनसंख्याको दुबै अर्ध-समूहका बीच एक अर्का प्रतिको असम्बद्धता बढाउने छ त्यसलाई हटाउनु हो ।

मधुकर शम्शेर ज.ब. राणा
परियोजना प्रमुख

# भूमिका

नेपाली महिलाहरूको सहि सांखिक दर्पण तयार पार्ने कार्य कठिन छ । आदर्शरूपमा त्यस्तो सांखिक दर्पणमा नेपाली महिलाको मर्यादा स्तर दर्शाउने सबै पक्षहरूको आंकडा, जसलाई परिमाणात्मक विश्लेषण गर्न सकिन्छ, समावेश हुनु पर्दछ । तर यस विषयका धेरै पक्षमा अति कम तथ्यांकहरू मात्र उपलब्ध छन् ।

उदाहरणस्वरूप: नेपालमा महिलाहरूको राजनैतिक सहभागिता दर के छ ? कति महिलाहरूले आफूलाई चित्त नबुझेको पहिलो बैवाहिक सम्बन्धलाई तोडी अर्को बिवाह गरेर जातपात र सामाजिक स्तरमा परिवर्तन गरेका छन् ? केटाहरूको तुलनामा केटिहरूको पालनपोषण (Nutritional) स्तर कस्तो छ ? हालसम्म उपलब्ध तथ्यांक र अनुसन्धान कृतिहरूबाट उपरोक्त विषयहरूमा र महिलाहरूका अन्य पक्षमा पर्याप्त जानकारी पाइँदैन ।

जे जति तथ्यांकहरू उपलब्ध छन् तिनीहरूले पनि प्राय: वास्तविकता दर्शाउँदैनन् । खासगरी महिलाहरूको बर्तमान आर्थिक कृयाकलाप बारे संकलन गरिएका तथ्यांकहरू प्रमाणित वास्तविकता भन्दा धेरै टाढा छन् । हाल प्रयोग गरिने श्रम सम्बन्धी तथ्यांक संकलन विधी र आधारभूत परिभाषाहरू विकशित औद्योगिक समाजले अपनाई आएका बजारद्वारा निर्देशित अर्थतन्त्र (Market economy) मा आधारित छन् । त्यस्ता अर्थतन्त्रमा सेवा र उत्पादित बस्तुहरूको मुख्य अंश बजारमा बेच-बिखन हुन्छ र मौद्रिक इकाइमा त्यस्ता सेवा र बस्तुहरू सोझै नाप्न सकिन्छ, खाली पारिवारिक उत्पादनको सानो अंश मात्र मौद्रिक अर्थतन्त्र भन्दा बाहिर पर्दछ । हुन त घरायसी क्षेत्र श्रम उत्पादन गर्ने हिसावले अति महत्वपूर्ण छ तापनि अल्पविकशित देशहरूको तुलनामा विकशित देशहरूमा यस क्षेत्रले कुल राष्ट्रिय उत्पादनमा निकै कम महत्व राख्दछ । विकशित देशहरूले अपनाई आएका उत्पादन सम्बन्धी तथ्यांक संकलन विधीहरू कम विकशित देशहरूको सन्दर्भमा अपर्याप्त छन् ।

औद्योगिक दृष्टिकोणले विकशित देशहरूमा पनि राष्ट्रिय उत्पादनमा घरायसी श्रमले योगदान पु-याउँदैन भन्ने सोचाई माथि शंका व्यक्त गर्न थालिएको छ ।

यो पुस्तकले उपलब्ध तथ्यांकहरूको आधारमा नेपाली महिलाहरूको यथासम्भव सामयिक दर्पण प्रस्तुत गर्ने प्रयास गरेको छ । सुविधाको लागि सबभन्दा पहिले जनसंख्या बृद्धिका विभिन्न पक्षहरू जस्तै जन्म र मृत्युदर, जन्मको समयमा जीवन अवधिको अनुमान (life expectancy at birth), स्वास्थ्यको स्तर, परिवारको बनोट र त्यसपछि शैक्षिक स्तर सम्बन्धी प्राप्त तथ्यांकहरूको विवेचना गरिएको छ । राजनैतिक पक्षमा

ज्यादै कम तथ्यांकहरू उपलब्ध भएकाले यस पक्षलाई संक्षेपमा मात्र प्रस्तुत गरिएको छ । आर्थिक कृयाकलाप र रोजगार सम्बन्धी सांखिक **विश्लेषण** नै पुस्तकको मुख्य अंश बनेको छ ।

अन्त्यमा, नेपाली समाजमा महिलाहरूको भूमिका र मर्यादा स्तर सम्बन्धी वास्तविकता जान्नका लागि आवश्यक पर्ने केहि अध्ययन र अनुसन्धानहरूको सुझाव दिइएको छ ।

# सामान्य डेमोग्राफिक विशेषता



काठमाडौँमा इन्द्रजात्राको वेलामा

फोटो : मार्क फेल्सनथल

# सामान्य डेमोग्राफिक विशेषता

नेपालको जनसंख्या २०२८ सालमा १ करोड १५ लाख ६० हजार थियो । त्यसपछिको दशकमा जनसंख्याको वृद्धिदर करिब २.२ प्रतिशत अनुमान गरिएको छ जस अनुसार २०३३ सालमा नेपालको जनसंख्या १ करोड ३० लाख ८० हजार पुगेको अनुमान छ (राजवंशी र गुभाजू, सन् १९७६)। २०२८ सालमा जन-घनत्व प्रति वर्ग किलोमिटर ८१ व्यक्ति थियो (तालिका नं.१) र सबभन्दा बढी जन-घनत्व काठमाडौं उपत्यकामा थियो । सबभन्दा बढी जन-घनत्व भौगोलिक क्षेत्र अनुसार तराई क्षेत्रमा देखिन्छ भने उत्पादन योग्य भूमि अनुसार मध्य पहाडी क्षेत्रमा देखिन्छ ।

तालिका नं. १

क्षेत्र अनुसारको जन-घनत्व

(प्रति वर्ग किलोमिटर)

| क्षेत्र | नेपाल | विकास क्षेत्र | | | |
|---|---|---|---|---|---|
| | | पूर्वान्चल | मध्यमान्चल | पश्चिमान्चल | सुदूर पश्चिमान्चल |
| पहाडी | ६१ | ७० | ६३ | ६५ | ४३ |
| तराई | १४३ | १९६ | २०६ | ११२ | ५३ |
| भित्री मदेश | ६३ | ४६ | ६५ | – | ७५ |
| काठमाडौं उपत्यका | ८१४ | – | ८१४ | – | – |
| सबै क्षेत्रहरू | ८१ | १०० | १३६ | ७२ | ४६ |

स्रोत: २०२८ को राष्ट्रिय जनगणनाबाट बनाइएको ।

# सामान्य डेमोग्राफिक विशेषता

नेपालको जनसंख्या २०२८ सालमा १ करोड १५ लाख ६० हजार थियो । त्यसपछिको दशकमा जनसंख्याको वृद्धिदर करिब २.२ प्रतिशत अनुमान गरिएको छ उस अनुसार २०३३ सालमा नेपालको जनसंख्या १ करोड ३० लाख ८० हजार पुगेको अनुमान छ (राजवंशी र गुभाजू, सन् १९७६)। २०२८ सालमा जन-घनत्व प्रति वर्ग किलोमिटर ८१ व्यक्ति थियो (तालिका नं.१) र सबभन्दा बढी जन-घनत्व काठमाडौं उपत्यकामा थियो । सबभन्दा बढी जन-घनत्व भौगोलिक चोत्र अनुसार तराई चोत्रमा देखिन्छ भने उत्पादन योग्य भूमि अनुसार मध्य पहाडी चोत्रमा देखिन्छ ।

तालिका नं. १

चोत्र अनुसारको जन-घनत्व

(प्रति वर्ग किलोमिटर)

| चोत्र | नेपाल | विकास चोत्र | | | |
|---|---|---|---|---|---|
| | | पूर्वान्चल | मध्यमान्चल | पश्चिमान्चल | सुदूर पश्चिमान्चल |
| पहाडी | ६१ | ७० | ६३ | ६५ | ४३ |
| तराई | १४३ | १६६ | २०६ | ११२ | ५३ |
| भित्री मदेश | ६३ | ४६ | ६५ | – | ७५ |
| काठमाडौं उपत्यका | ८१४ | – | ८१४ | – | – |
| सबै चोत्रहरू | ८१ | १०० | १३६ | ७२ | ४६ |

श्रोत: २०२८ को राष्ट्रिय जनगणनाबाट बनाइएको ।

उमेरको बनोट

उमेर अनुसार कुनै पनि देशको जनसंख्यालाई तीन समूहमा बांड्न सकिन्छ:

(क) युवा र केटाकेटी
(ख) उमेरदार र
(ग) वृद्ध

मध्य उमेर (median age) जसले जनसंख्यालाई दुई भागमा बांड्दछ जनसंख्याको उमेर अनुसारको बनोटको सूचक हो । मध्य उमेर बीस वर्ष भन्दा कम भएको जनसंख्यालाई युवा र केटाकेटी, २० देखि ३० वर्षकोलाई उमेरदार र ३० वर्षभन्दा माथिकोलाई वृद्ध मानिन्छ । धेरैजसो विकाशोन्मुख देशहरू पहिलो वर्गिकरणमा पर्दछन् भने विकशित देशहरू तेस्रोमा पर्दछन् । आर्थिक विकाशको मध्य अवस्थामा भएका देशहरू जस्तै: ग्रीश र धेरैजसो ल्याटिन अमेरिकी देशहरू, मध्य वर्गिकरण अर्थात् २०-३० वर्षको समूहमा पर्दछन् । नेपाल पनि मध्य उमेर (median age) २२.३ वर्ष भएको हिसाबले मध्य वर्गिकरण (समूह) मा पर्दछ । नेपाल मध्य वर्गिकरणमा पर्नुको कारण स्वास्थ्य सुविधाको राम्रो व्यवस्थाबाट जीवन अवधि बढ्न गएर नभै यहांको शिशु मृत्यू दर (Infant mortality rate) अन्य विकाशोन्मुख देशहरूको जस्तै निकै बढी भएको र कुल जनसंख्यामा बाल-बालिकाको अनुपात कम भएको हुनाले हो ।

२०२८ सालको जनगणना अनुसार नेपालमा महिलाहरूको मध्य उमेर पुरूषहरूको भन्दा केहि बढी थियो (महिलाको २२.७ र पुरूषको २१.८ वर्ष) ।

तालिका नं.२ अनुसार २०२८ सालमा कुल पुरूष संख्याको ४०.६१ प्रतिशत पुरूष १५ वर्ष भन्दा कम उमेरका थिए भने कुल महिला संख्याको ३६.६८ प्रतिशत महिला १५ वर्ष भन्दा कम उमेरका थिए । त्यस्तै गरी कुल पुरूष संख्याको ५.३५ प्रतिशत पुरूष र कुल महिला संख्याको ५.८८ प्रतिशत महिला ५६ वर्ष भन्दा माथिका थिए। नेपालको डेमोग्राफिक स्याम्पल सर्भे, १६७६ अनुसार २०३३ सालको अन्त्यतिर कुल पुरूष संख्याको ४१ प्रतिशत र कुल महिला संख्याको ४०.२ प्रतिशत १५ वर्ष भन्दा कम उमेरका थिए ।

तालिका नं. २

## उमेर र लिंग अनुसार जनसंख्याको बनोट,२०२८

| उमेर समूह | संख्या | | | प्रतिशत | | |
|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | कुल | कुल पुरूष संख्याको | कुल महिला संख्याको | कुल जनसंख्याको |
| ०- ४ | ७,९०,५९८ | ८,४३,५१२ | १६,३४,११० | १३.५९ | १४.६८ | १४.१४ |
| ५- ९ | ८,८५,८०१ | ८,५७,४५२ | १७,४३,२५३ | १५.२३ | १४.९४ | १५.०९ |
| १०-१४ | ७,०३,०२३ | ५,९४,१९२ | १२,९७,२१५ | १२.०९ | १०.३६ | ११.२३ |
| १५-१९ | ५,४७,४९३ | ४,९९,९६६ | १०,४७,४५९ | ९.४१ | ८.७१ | ९.०६ |
| २०-२४ | ४,६६,०२२ | ५,०३,६५३ | ९,६९,६७५ | ८.०१ | ८.७८ | ८.३९ |
| २५-२९ | ४,५६,२९७ | ४,७३,९९० | ९,३०,२८७ | ७.८४ | ८.२६ | ८.०५ |
| ३०-३४ | ३,८५,६९६ | ४,२५,७०५ | ८,११,४०१ | ६.६३ | ७.४२ | ७.०२ |
| ३५-३९ | ३,८६,३८१ | ३,५८,४०७ | ७,४४,७८८ | ६.६४ | ६.२५ | ६.४५ |
| ४०-४४ | ३,०१,९९८ | ३,०७,४६३ | ६,०९,४६१ | ५.१९ | ५.३६ | ५.२७ |
| ४५-४९ | २,४५,५२१ | २,१५,५७७ | ४,६१,०९८ | ४.२२ | ३.७६ | ३.९९ |
| ५०-५४ | २,०४,३०४ | १,९६,५३० | ४,००,८३४ | ३.५१ | ३.४२ | ३.४७ |
| ५५-५९ | १,३२,९८३ | १,२४,७१६ | २,५७,६९९ | २.२९ | २.१७ | २.२३ |
| ६०-६४ | १,३८,४४१ | १,५५,७८९ | २,९४,२३० | २.३८ | २.७१ | २.५५ |
| ६५-६९ | ७१,४२७ | ७१,३३६ | १,४२,७६३ | १.२३ | १.२४ | १.२४ |
| ७०+ | १,०१,२१८ | १,१०,४९३ | २,११,७१० | १.७४ | १.९३ | १.८३ |
| कुल | ५८,१७,२०३ | ५७,३८,७८० | १,१५,५५,९८३ | १००.०० | १००.०० | १००.०० |

श्रोत: राष्ट्रिय जनगणना, २०२८ ।

## लिंगको अनुपात

२०२८ सालको तथ्यांक अनुसार १ करोड १५ लाख ६० हजार जनसंख्या मध्ये ५७ लाख अर्थात् ४९.३ प्रतिशत महिला थिए । सुधारिएको (Adjusted) जनसंख्यामा पुरूष र स्त्रीको अनुपात १०२.५:१०० अर्थात् प्रति १०० स्त्री बराबर १०२.५ पुरूष थियो (तालिका नं.३)।

जनसंख्याको बनोटलाई कैलाएर हेर्दा खासगरी १०-१४, ५०-५४ र ५५-५९ उमेर समूहमा पुरूषको अनुपात बढी छ । १५-१९ उमर समूह देखि पुरूषको अनुपात घट्न सुरू गरी ४५-४९ को समूहमा प्रति १०० महिला बराबर ९५.४ पुरूष पुग्दछ र ५०-५९ समूहमा पुरूष-स्त्री अनुपात एकदमै बढेको छ । यसो हुनाको कारण खासगरी पुरूषहरू रोजगारिका लागि अन्यत्र बसाई सरी जाने गरेकाले हो । बसाई सरी जाने पुरूषहरू मध्ये प्राय: १५ वर्ष पुगेपछि रोजगारीका लागि विदेश जाने र ५० वर्ष पुगेपछि स्वदेश फर्कने गर्दछन् । त्यसैले उमेर समूह अनुसारको लिंग कैलाएर हेर्दा काम गर्न समर्थ हुने १५-५० उमेर समूहमा पुरूष भन्दा महिलाको संख्या बढी देखिन आउंछ ।

तालिका नं. ३

उमेर समूह अनुसार लिंगको अनुपात[१]

(पुरूष प्रति १०० महिला)

| उमेर समूह | २०१८ | २०२८ |
|---|---|---|
| ०-४ | ११८.३ | १०१.८ |
| ५-९ | ११०.६ | १००.६ |
| १०-१४ | १०२.४ | ११८.६ |
| १५-१९ | ९७.१ | १०६.९ |
| २०-२४ | ९१.७ | ९८.७ |
| २५-२९ | ९१.२ | १००.६ |
| ३०-३४ | ९१.३ | ९७.१ |
| ३५-३९ | ८९.६ | ९५.६ |
| ४०-४४ | ९८.७ | ९६.८ |
| ४५-४९ | ९४.४ | ९५.४ |
| ५०-५४ | ८७.८ | १२३.८ |
| ५५-५९ | ११५.४ | ११५.३ |
| ६०-६४ | ८०.७ | ८६.५ |
| ६५-६९ | ९२.२ | १००.१ |
| ७०+ | ८१.८ | ९१.६ |
| कुल | १००.१ | १०२.५ |

स्रोत: दि एनालिसिस अफ दि पपुलेशन स्टाटिस्टिक्स अफ नेपाल, सन् १९७७ तालिका नं ३.६ र ३.७

१ ०-४ उमेर समूहको गलत उमेर र गणनामा छुटपुट हुन गएको समेत सुधारिएको रूपमा ।

भौगोलिक क्षेत्र अनुसार लिंगको अनुपात हेर्दा तराईमा प्रति १०० महिला बराबर १०६.६७ पुरुष पर्दछन् । काठमाडौं उपत्यकामा पनि यो अनुपात १०६.३३ छ (तालिका नं.४)।

तालिका नं. ४

<u>क्षेत्र अनुसार लिंगको अनुपात</u>[१]

(पुरुष प्रति १०० महिला)

| क्षेत्रहरू | विकास क्षेत्र | | | | कुल |
|---|---|---|---|---|---|
| | पूर्वान्चल | मध्यमान्चल | पश्चिमान्चल | सूदुर पश्चिमान्चल | |
| पहाडी | ९७.४१ | १००.१५ | ९५.२० | ९८.४८ | ९७.६३ |
| तराई | १०७.४७ | १०५.०४ | १०६.६० | ११०.४० | १०६.६७ |
| भित्री मदेश | ९८.२५ | १०३.०७ | - | १०२.४१ | १०१.९८ |
| काठमाडौं उपत्यका | - | १०६.३३ | - | - | १०६.३३ |
| कुल नेपाल | १०२.३१ | १०३.३७ | ९७.८३ | १००.७४ | १०१.३६ |

श्रोत: <u>राष्ट्रिय जनगणना</u>, २०२८ को तालिका नं.१ बाट बनाइएको ।

१ ०-४ उमेर समूहको गलत उमेर र छुटपुट हुन गएको नसच्याइएको रूपमा ।



पूर्वी नेपालका
राई महिलाहरू।
फोटो : डेविड ससून

## जातिय बनोट

नेपाली महिलाहरूको सांखिक दर्पण तैयार गर्ने सन्दर्भमा नेपाली जनसंख्यामा भएको जातिय भिन्नतालाई दृष्टिगत गर्नु आवश्यक देखिन्छ । यद्यपी ७८ प्रतिशत भन्दा बढी जनसंख्या हिन्दू धर्मावलम्बी छन् तैपनि लिंगको भूमिका क्षेत्रीय बातावरण र आर्थिक विषमता अनुसार फरक फरक छ । नेपालका जातिय समूहहरूको आर्थिक विकाशको स्तर फरक फरक छन् र बहुसंख्यक हिन्दूको संस्कृतिमा धेरै जातिले भिन्न भिन्न स्तरमा सत्संगत गरेका छन् । यसरी नेपालीहरूको धार्मिक र सांस्कृतिक परम्परा बेग्ला बेग्लै भएकाले महिलाहरूको सामाजिक स्तरमा पनि भिन्नता रहेको छ । अभाग्यवश जातिय समूहको बारेमा कुनै तथ्यांकहरू उपलब्ध छैन । हाल प्राप्त तथ्यांक खाली भाषाको आधारमा छ जस्ले अनुमानित सूचकको रूपमा मात्र जातिय व्याख्या गर्दछ (तालिका नं. ५)।

तालिका नं. ५

मातृभाषा अनुसार जनसंख्याको बनोट, २०२८

| भाषा समूह | जनसंख्या (हजारमा) | प्रतिशत |
|---|---|---|
| नेपाली | ६,०६१ | ५२.४५ |
| मैथिली | १,३२७ | ११.४६ |
| भोजपुरी | ८०६ | ६.९८ |
| तामाङ० | ५५५ | ४.८० |
| अवधी | ३१७ | २.७४ |
| थारू | ४९६ | ४.२९ |
| नेवारी | ४५५ | ३.९४ |
| मगर | २८८ | २.५० |
| राई | २३२ | २.०१ |
| गुरुङ० | १७२ | १.४८ |
| लिम्बू | १७१ | १.४८ |
| अन्य | ६७५ | ५.८४ |
| जम्मा | ११,५५५ | १००.०० |

श्रोत: दि एनालिसिस अफ दि पपुलेशन स्टाटिस्टिक्स अफ नेपाल, सन् १९७७, तालिका नं. २.७ ।



पश्चिम तराईकी
एउटी थरूनी
फोटो : आन हालण्ड

जनसंख्या वृद्धि

तथ्यांक सामग्रीहरूको अभावले गर्दा नेपालको जनसंख्या वृद्धिको गतिशिलता र बनोट-लाई विश्लेषण गर्न अति कठिन छ (कंसाकार, सन् १९७७)। जनसंख्या सम्बन्धी सुनियोजित तथ्यांकहरू गत दुई दशकको मात्र उपलब्ध छन् । त्यस अघिका जनगणनाहरू निकै सिमित परिधिका हुनुका साथै पछिका तथ्यांक संग तुलना गर्न समेत नमिल्ने खालका छन् । त्यसो भए तापनि जनसंख्या वृद्धिको केहि महत्वपूर्ण प्रवृत्तिहरू (Trends) देख्न सकिन्छ ।

सम्वत् १९६८ देखि २०२८ साल सम्मको ६० वर्षको अवधिमा कुल जनसंख्यामा महिलाहरूको प्रतिशत ४९.९९ बाट घटेर ४९.३७ भयो जस्को फलस्वरूप १९६८ मा देखिएको पुरूष-महिलाको अनुपात १:१ बढेर २०२८ सालमा १.०२५:१ हुनगयो । विभिन्न वर्षका जनगणना प्रतिवेदनले पुरूष-महिला अनुपात भिन्दा-भिन्दै देखाए तापनि महिलाको अनुपातमा पुरूषको संख्या बढ्दै गैरहेको तथ्य प्रष्ट हुन्छ । सम्वत् १९६८ मा भन्दा १९७७ मा नेपालको जनसंख्या घटेको थियो र ह्रास दर महिलामा झन् बढी थियो । उक्त अवधिको जनसंख्यामा यसरी एक्कासी ह्रास हुन गएको मुख्य कारणहरू मध्ये देशव्यापी रूपमा रूघाखोकीको प्रकोप र पहिलो महायुद्धमा प्रशस्त गोर्खाली सैनिकहरूको मृत्यु मानिएको छ । सैनिकहरूको मृत्यु र पुरूषहरूको कम गणना भएको सन्दर्भमा हेर्दा पनि महिलाहरूको संख्यामा बढी ह्रास देखिनु आक्रमक रूघा-खोकीको ज्वरोबाट धेरै संख्यामा महिलाहरूको मृत्यु भएकोले हो भन्ने कुरा पुष्टि गर्दछ । सम्वत् १९८७ को जनगणना प्रतिवेदनमा लिंग अनुसारको जनसंख्या उपलब्ध छैन तापनि १९९८ सालको जनगणनाले १९८७ देखि १९९८ सम्मको अवधिमा महिलाहरूको संख्या ०.५ प्रतिशतले र पुरूषहरूको संख्या ०.७ प्रतिशतले बढेको देखाउंछ । यसरी १९९८ सालमा प्रति १०० महिला पुरूष संख्या एक्कासी बढेर १०४.२९ पुगेको देखिन्छ । विशेष गरी दोस्रो महायुद्धमा बढ्दो संख्यामा गोर्खालीहरूको भर्ति र पुरूषहरूको सम्भवतः कम गणना भएको परिप्रेक्षमा पुरूष संख्यामा भन्दा महिला संख्यामा कमि देखिनु आश्चर्य छ ।

२००९।११ को जनगणना केहि दृष्टिबाट त्रुटीपूर्ण भए तापनि यस्ले जनसंख्याको बनोट सम्बन्धी विभिन्न पक्षका तथ्यांकहरू पहिलो पल्ट विस्तृत रूपमा प्रस्तुत गर्दछ । उक्त तथ्यांकले संम्वत् १९९८ को पुरूष-महिला अनुपात १०४.२९:१०० घटेर १००.६२:१०० पुगेको देखाउंछ । तर त्यस पछिका दुई दशकमा सो अनुपात फेरि बढेर प्रति १०० महिला बराबर १०२.५० पुरूष भयो । यो तथ्यले, पुरूषहरूले नै सुधारिएको स्वास्थ्य सुविधा र स्वास्थ्य संरक्षण अभियानबाट बढी फाइदा उठाएको संकेत गर्दछ ।

२०३२ सालमा यो अनुपात अझै बढेर प्रति १०० महिला बराबर १०३.२० पुरूष हुन गएको अनुमान गरिएको छ (तालिका नं.६)।

तालिका नं. ६

## नेपालको जनसंख्या (१६६८ - २०३३)

(हजारमा)

| वर्ष | पुरुष | महिला | कुल जनसंख्या | पुरुष प्रति १०० महिला |
|---|---|---|---|---|
| १६६८ | २८२० | २८१६ | ५६३६ | १००.०४ |
| १६७७ | २८०० | २७७५ | ५५७५ | १००.६० |
| १६८७ | - | - | ५५२२ | - |
| १६६८ | ३२०८ | ३०७६ | ६२८४ | १०४.२६ |
| २००६।११ | ४२५० | ४२२३ | ८४७३ | १००.६२ |
| २०१८[१] | ४८०७ | ४८०२ | ६६०६ | १००.१२ |
| २०२८[१] | ५६३७ | ५७८६ | ११७२६ | १०२.५० |
| २०३३[२] | ६६४३ | ६४३७ | १३०८० | १०३.२० |

स्रोत: राष्ट्रिय जनगणना, २००६।११
दि एनालिशिस अफ दि पपुलेशन स्टाटिस्टिक्स अफ नेपाल, सन् १६७७:
तालिका नं. ३.६ र ३.७

१. ०-४ उमेर समूहको गलत उमेर र गणनामा छुटपुट हुन गएको समेत सुधारिएको । विदेशमा भएका नेपालीहरू समावेश गरिएको छैन ।

२. राजवंशी र गुभाजुले गरेको अनुमान बमोजिम (सन् १६७६)।

मृत्युदर र जीवन अवधि (Life expectancy)

मृत्युदर र जन्मको समयमा जीवनको अवधि संबन्धी वास्तविक तथ्यांकहरू उपलब्ध छैनन् तापनि विभिन्न विशेषज्ञहरूलेयी सूचकहरूको अनुमानहरू गरेका छन् । यस्ता अनुमानित मृत्युदर (तालिका नं.७) र जन्मको समयमा जीवनको अवधि (तालिका नं.८) सम्बन्धी आंकडाले स्वास्थ्य सुविधामा भएको सुधारबाट पुरूषहरू नै बढी लभान्वीत भएको पुष्टी गर्दछ । हुनत पुरूष र महिला दुबै थरिको जीवन अवधिमा वृद्धि (अथवा सुधार) भएको छ तर पनि विक्रम सम्वत् २००६ देखि २०१८ र २०१८ देखि २०२८ को अवधिमा यस्तो वृद्धि महिलाहरूको तुलनामा पुरूषहरूको नै बढी छ । पुरूषहरूको जीवन अवधिमा भएको वृद्धि २०.४ वर्ष छ भने महिलाको १६.८ वर्ष मात्र छ । समष्टी रूपमा शिशु मृत्युदर घटेको देखिन्छ तापनि ग्रामीण क्षेत्रमा अझै बढी नै छ ।

विक्रम सम्वत् २०३२ र २०३३ का डेमोग्राफिक स्याम्पल सर्भेक्षणहरू (डि.एस.एस.) ले पुरूष र महिलाको शिशु मृत्युदर सम्बन्धमा ठीक विपरित आंकडा देखाएका छन् । २०३२ को सर्भेक्षण अनुसार महिला शिशुहरूको मृत्युदर पुरूष शिशुको भन्दा कम थियो जबकि २०३३ को सर्भेक्षणले महिला शिशुको मृत्युदर नै बढी थियो भन्ने देखाउंछ (तालिका नं.६)।

तालिका नं. ७

मृत्युदर (Crude Death Rate)

(प्रति हजार जनसंख्यामा)

| स्रोत | वर्ष | पुरूष | महिला | दुबै |
|---|---|---|---|---|
| तुलाधर, गुमाजु र स्टोस्केल, २०३४ | २००६।११ | - | - | ३०-३७ |
| | १९१८ | - | - | २२-२७ |
| | २०२८ | - | - | २२ |
| डि.एस.एस., २०३३ | २०३१।३२ | | | |
| | शहरी | ८.७ | ६.४ | ६.० |
| | ग्रामीण | १८.६ | २०.७ | १६.८ |
| | कुल | १८.६ | २०.४ | १६.५ |
| | २०३३ | | | |
| | शहरी | .२ | ६.७ | ८.६ |
| | ग्रामीण | २१.६ | २३.२ | २२.६ |
| | कुल | २१.५ | २२.८ | २२.२ |

## तालिका नं. ८

**जन्मको समयमा अनुमानित जीवन अवधि**

(वर्षमा)

| श्रोत | वर्ष | पुरुष | महिला |
|---|---|---|---|
| तुलाधर, गुभाजु र स्टोस्केल, २०३४ | २००६।११<br>२०१८।२०२८ | २५.६<br>४२.६ | २५.७<br>३८.८ |
| डि.एस.एस., २०३३ | २०३१।३२<br>२०३३ | ४६.०<br>४३.४ | ४२.५<br>४१.१ |

## तालिका नं. ९

**शिशु मृत्युदर**

(प्रति हजार जिबीत जन्ममा)

| श्रोत | वर्ष | पुरुष | महिला | दुबै |
|---|---|---|---|---|
| तुलाधर, गुभाजु र स्टोस्केल, २०३४ | २००६।११<br>२०१८<br>२०२८ | २६०<br>२००<br>- | २५०<br>१८६<br>- | -<br>-<br>१७२ |
| डि.एस.एस., २०३३ | २०३१।३२ | | | |
| | शहरी | ५५.२ | ५६.२ | ५७.१ |
| | ग्रामीण | १४३.६ | १२४.६ | १३४.८ |
| | कुल | १४१.२ | १२३.० | १३२.५ |
| | २०३३ | | | |
| | शहरी | ५५.३ | ५०.२ | ५२.८ |
| | ग्रामीण | १३०.७ | १४०.६ | १३६.१ |
| | कुल | १२८.४ | १३७.६ | १३३.६ |
| नेपाल फर्टिलिटी सर्भे, २०३३ | - | - | - | १५२ |

अरु कतिपय देशहरुमा पुरुषहरुको मृत्युदर बढी देखिन्छ भने नेपालमा महिलाहरुको मृत्युदर पुरुषहरुको भन्दा बढी छ । सुधारिएको उमेर अनुसारको मृत्युदर हेर्दा वृद्धावस्थामा बाहेक अरु उमेरमा महिलाहरुको मृत्युदर नै बढी छ (तालिका नं.१०)। शहरी क्षेत्रमा, बच्चा जन्माउन सक्ने १५-४४ र मासिकवारी बन्द हुने ४५-५४ उमेर समूहका महिलाहरुको जीवन पुरुषहरुको तुलनामा बढी अनिश्चित देखिन्छ । १-४ उमेर समूहको शहरी बच्चीहरुको मृत्युदर सोहि उमेर समूहका पुरुषको भन्दा दोब्बर बढी छ । फलस्वरुप: ३५ वर्षको उमेर सम्म महिलाहरुको जीवन अवधि पुरुषको भन्दा कम छ (तालिका नं.११)। धेरैजसो देशहरुमा, महिलाहरुको मृत्युदर पुरुषहरुको भन्दा कम हुन्छ र बाँच्ने सम्भावना पनि पुरुषहरुको भन्दा बढी हुन्छ । नेपालमा यसको विपरित हुनुको व्याख्या के हो भने बालिकाको परम्परागत वेवास्ता, बारम्बार गर्भवती भैरहनुका साथै पौष्टिक आहारको कमि, बच्चा जन्मनु अघि अथवा जन्मने बेलामा र जन्मीसकेपछि पनि तत्सम्बन्धी विशेषज्ञको सेवा उपलब्ध नहुनु हो ।

तालिका नं. १०

उमेर अनुसार सुधारिएको मृत्युदर, २०३३

(प्रति हजार जिवीत जन्ममा)

| उमेर समूह | शहरी | | ग्रामीण | |
|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला |
| ० | ५५.३ | ५०.२ | १३०.७ | १४०.६ |
| १-४ | ११.६ | २५.४ | ३३.२ | ३७.६ |
| ५-१४ | ३.६ | २.३ | ५.२ | ६.२ |
| १५-२४ | २.८ | ३.१ | ६.१ | ६.१ |
| २५-३४ | २.३ | २.४ | ७.५ | ११.० |
| ३५-४४ | ७.७ | २.२ | ८.० | १५.२ |
| ४५-५४ | ६.४ | ६.६ | २१.३ | १७.० |
| ५५-६४ | ३०.५ | ६.७ | ४५.६ | ४६.३ |
| ६५-७४ | ७०.२ | ३६.८ | ७६.५ | ७७.७ |
| ७५+ | १५२.१ | १२०.० | १६४.१ | १४०.३ |
| जम्मा | ८.२ | ६.७ | २१.६ | २३.२ |

श्रोत: डेमोग्राफिक स्याम्पल सर्भे, सन् १९७६, तालिका नं.७ र ८ ।

तालिका नं. ११

<u>छानिएको उमेरमा संभावित जीवन अवधि, २०३३</u>

(वर्षमा)

| उमेर | पुरुष | महिला |
|---|---|---|
| ० | ४३.४ | ४१.१ |
| १ | ४८.७ | ४६.७ |
| ५ | ५१.२ | ४९.८ |
| १५ | ४३.७ | ४२.६ |
| २५ | ३६.२ | ३५.० |
| ३५ | २८.६ | २८.४ |
| ४५ | २०.६ | २२.१ |
| ५५ | १४.२ | १५.२ |
| ६५ | ९.६ | ११.७ |
| ७५+ | ५.२ | ७.२ |

स्रोत: <u>डेमोग्राफिक स्याम्पल सर्भे</u>, सन् १९७६, तालिका नं.२० र २१ ।



प्रजनन (Fertility)

बढी प्रजनन महिलाहरूको बढी मृत्यु दरको कारण मात्र नभई उनिहरूको जीवनको विभिन्न अवसर पनि सीमित गरी दिने एउटा महत्वपूर्ण कारक हो । प्रजनन क्षमता बढी भएको महिलाको लागि बालबच्चा हुर्काउने कार्यमै ज्यादा समय व्यतित गर्नु पर्ने हुंदा अरू कृयाकलापहरूको लागि समय कम बच्दछ । आर्थिक विकासको गतिलाई तिब्र पार्ने क्रममा जनसंख्या नियोजनका लागि हालसालै दिइएको जोडलाई दृष्टिगत गर्दा प्रजनन र जीवनका विभिन्न पक्षमा त्यस्ले पार्ने प्रभाव जस्ता विषयको अनुसन्धान हुनु अति महत्वपूर्ण भएको छ । विश्व प्रजनन सर्भेक्षणको एक अंशको रूपमा संयुक्त राष्ट्र संघ, अन्तर्राष्ट्रिय तथ्यांक अध्ययन संस्थान र जनसंख्या सम्बन्धी वैज्ञानिक अध्ययन गर्ने अन्तर्राष्ट्रिय संगठनको संयुक्त तत्वावधानमा नेपालमा पनि २०३३ सालमा यस सम्बन्धी विस्तृत अध्ययन भएको थियो ।

२०३३ सालको नेपाल प्रजनन सर्भेक्षण प्रतिवेदनले हालसालै विवाहित महिलाहरूको कुल प्रजनन दर प्रति महिला ६.१ बच्चा देखाएको छ । नेपाली महिलाहरू ३४ वर्षको उमेर पुग्दा ४.२ बच्चा जन्माइसकेका हुन्छन् (तालिका नं. १२) । प्रति हजार जिवित जन्ममा १५२ शिशुको मृत्युदर सम्पूर्ण एशिया क्षेत्रमा नै निकै बढी हो ।

नेपाली महिलाको कुल प्रजनन दर निकै बढी भए तापनि, उनिहरू ५० वर्षको हुंदा परिवारमा ४ जवान मात्र जीवित बच्चा रहन्छन् (तालिका नं. १३) ।

क्षेत्रीय दृष्टिले हेर्दा वैवाहिक प्रजनन स्तर सबै उमेर समूहहरूमा तराईमा भन्दा पहाडी र हिमाली क्षेत्रमा नै बढी देखिन्छ तर प्रजननको ढांचा भने एकैनासको छ । सबै क्षेत्रहरूमा सबभन्दा धेरै प्रजनन २५-२९ उमेर समूहमा भएको देखिन्छ (तालिका नं. १४) ।

नेपाल प्रजनन सर्भेक्षण प्रतिवेदन अनुसार सर्भेक्षणमा परेका महिलाहरू मध्ये ७७ प्रतिशतले परिवार नियोजनका साधन बारे कहिल्यै केहि सुनेका थिएनन् । परिवार नियोजनका साधनहरू मध्ये एउटा सम्म साधन बारे सुनेका केवल २१.३ प्रतिशत थिए । तर हालसालै भएको सामाजिक परिधि सर्भेक्षणले (Social Network Survey वैध, ढुंगेल, कार्लाव, सन् १९७८), सर्भेक्षणमा परेका महिलाहरू मध्ये ७० प्रतिशतलाई परिवार नियोजन सम्बन्धी ज्ञान भएको र ६० प्रतिशत भन्दा बढिलाई आफ्नो पंचायतबाट सबभन्दा नजिकको परिवार नियोजन सेवा उपलब्ध गराउने स्थानको पनि जानकारी

फोटो सामुन्ने पृष्ठमा:

**धेरै शिशु मृत्युदरसंग सम्बन्धित बढी प्रजनन दरले गर्दा नेपाली महिलाहरूले आफ्नो उत्पादनशील उमेरमा बालबच्चा पाउने र हुर्काउने काममा धेरैजसो आफ्नो समय बिताउँदछन्।**

**फोटो : आन हालण्ड**

तालिका नं. १२

निरन्तर विवाहित र तत्काल विवाहित महिलाहरूको औषत बालबच्चा संख्या

| उमेर समूह | निरन्तर विवाहित | तत्काल विवाहित |
|---|---|---|
| १५-१९ | ०.३ | ०.३ |
| २०-२४ | १.४ | १.४ |
| २५-२९ | २.६ | २.६ |
| ३०-३४ | ४.१ | ४.२ |
| ३५-३९ | ५.१ | ५.२ |
| ४०-४४ | ५.५ | ५.७ |
| ४५-४९ | ५.७ | ६.१ |

स्रोत: नेपाल फर्टिलिटी सर्भे, सन् १९७६: तालिका नं.५.१ ।

तालिका नं. १३

जन्मेका र जिवित बालबच्चाको औषत संख्या

| हालको उमेर | जन्मेका | जिवित |
|---|---|---|
| १५-१९ | ०.३ | ०.३ |
| २०-२४ | १.४ | १.१ |
| २५-२९ | २.६ | २.३ |
| ३०-३४ | ४.१ | ३.१ |
| ३५-३९ | ५.१ | ३.७ |
| ४०-४४ | ५.५ | ३.८ |
| ४५-४९ | ५.७ | ४.० |
| सबै | ३.३ | २.४ |

स्रोत: नेपाल फर्टिलिटी सर्भे, सन् १९७६: तालिका नं.५.६ ।

तालिका नं. १४

<u>वासस्थान क्षेत्र अनुसार वैवाहिक उमेर र कुल प्रजनन दर (शिशु प्रति महिला)</u>

| हालको उमेर | कुल प्रजनन दर | | |
|---|---|---|---|
| | पहाडी र हिमाली क्षेत्र | तराई क्षेत्र | सरदर |
| १५-१९ | .१२६ | .१४९ | .१३८ |
| २०-२४ | .३१५ | .२९६ | .३०६ |
| २५-२९ | .३१६ | .३१२ | .३१४ |
| ३०-३४ | .२७६ | .२४५ | .२६१ |
| ३५-३९ | .२३३ | .२१६ | .२२६ |
| ४०-४४ | .१०६ | .०७५ | .०९३ |
| ४५-४९ | .०३६ | .०३० | .०३३ |
| वैवाहिक कुल प्रजनन दर | ७.० | ६.६ | ६.८ |

स्रोत: नेपाल फर्टिलिटी सर्भे, सन् १९७६: तालिका नं. ५.७ ।

भएको तथ्य प्रस्तुत गरेको छ ।[१]

नेपाल प्रजनन सर्वेक्षण प्रतिवेदन अनुसार ३.४ प्रतिशत विवाहित महिलाहरूले मात्र कुनै एक परिवार नियोजनको साधन अपनाएका छन् जबकि ९५.६ प्रतिशतले कुनै पनि साधन अपनाएका छैनन् । परिवार नियोजनका साधनको कम मात्रामा प्रयोग गरिएको कुरा त सामाजिक परिधि सर्वेक्षणले पनि पुष्टी गर्दछ । बढी विकशित क्षेत्रहरूमा गरिएको सामाजिक परिधि सर्वेक्षण अनुसार १३ प्रतिशत बाहुनी र नेवार्नी महिलाहरूले परिवार नियोजनका अस्थाई साधन प्रयोग गरेका थिए भने मुसल्मान्नी र थरूनी महिला मध्ये कसैले कहिल्यै पनि त्यस्तो साधनको प्रयोग गरेका थिएनन् । ६.४ प्रतिशत क्षेत्रीनीहरू, ४.६ प्रतिशत तमांगनीहरू र २.६ प्रतिशत अछुत जातिका महिलाहरूले मात्र परिवार नियोजनका साधन अपनाएको देखियो ।

समष्टिगत रूपमा हेर्दा, नेपाल विकाशको पूर्व चरणमा भएको देश हो र यहांको जनसंख्याको प्रमुख लक्षणाहरूमा बढी प्रजनन दर, बढी मृत्यु दर, छोटो अनुमानित आयु र बढी युवक संख्या पर्दछन् ।

१ यी दुई अध्ययनहरूमा यस्तो ठूलो अन्तर देखिनुको कारण स्त्री र पुरूषहरूको "ज्ञान र बानी" सम्बन्धी प्रश्नहरू सांस्कृतिक रूपले सनसनीपूर्ण (sensitive) भएकोले हुन सक्छ । सामाजिक सर्वेक्षणबाट महिलाहरूमा परिवार नियोजन बारे बढी जानकारी भएको देखिनुको कारण सायद २१ महीनाको लामो अवधिसम्म गरिएको सर्वेक्षणमा प्रश्नावलीहरू महिलाहरूबाटै भरिएको र उनिहरूले उत्तर दिने महिलाहरूको पूर्ण विश्वास प्राप्त गर्न सक्षम भएकोले हुन सक्दछ । परिवार नियोजन सम्बन्धी ज्ञान र मन्तव्यका प्रश्नहरूको सहि उत्तर प्राप्त गर्न कै कति कठिन पर्दछ भन्ने बारेमा क्याम्पवेल, श्रेष्ठ र स्टोनले दि यूज एण्ड मिसयूज अफ सोसियल साइन्स रिसर्च मेथड ईन नेपालमा विस्तृत छलफल गरेका छन् ।

# सामाजिक लक्षणहरू



चौध वर्षकी एउटी दुलही। कानूनले महिलाहरूको विवाहयोग्य उमेर १६ वर्ष निर्धारण गरेको भए तापनि सानो उमेरमा विवाह गर्ने प्रथा अद्यापि कायमै छ।
फोटो : डेविड ससून

# सामाजिक लक्षणहरू

वैवाहिक अवस्था

नेपाली महिलाहरूको महत्वपूर्ण लक्षणाहरू मध्ये सानो उमेरमा विवाह हुनु, बढी प्रजनन दर हुनु र परिवारमा धेरै सदस्य हुनु हुन्। साधारणतया: नेपाली महिलाहरू सानो उमेरमा नै विवाहित हुन्छन् र आफू ३० वर्ष पुग्दा २.३ बच्चाहरूको आमा भै सकेका हुन्छन्। नेपाली परिवारको औसत सदस्य संख्या २०१८ सालमा ५.३ व्यक्ति थियो र २०२८ सालमा ५.५३ व्यक्ति थियो। २०२८ सालमा विवाह गर्ने औसत उमेर नेपाली महिलाहरूको १६.८ र पुरूषहरूको २०.६ वर्ष थियो। यी औसत उमेरहरू भारत र फिलिपिन्सको महिला र पुरूषको औसत विवाह उमेर भन्दा निकै कम छ (तालिका नं. १५)।

तालिका नं. १५

विवाह गर्ने औसत उमेर

| देश | वर्ष | पुरूष | महिला |
|---|---|---|---|
| नेपाल | २०२८ | २०.६ | १६.८ |
| भारत | २०१८।२८ | २२.२ | १७.२ |
| फिलिपिन्स | २०३० | २५.७ | २३.७ |

स्रोत: दि एनालिसिस अफ दि पपुलेशन स्टाटिस्टिक्स अफ नेपाल, सन् १९७७,
भारत सरकार, सन् १९७४।
एलैद, सिल्भा र एलिजार, सन् १९७७

तालिका नं. १६

## उमेर समूह अनुसारको वैवाहिक अवस्था

(क्रमिक लिंग र उमेर समूह अनुसार कुल संख्याको प्रतिशत)

| उमेर समूह | २००६।११ | | २०१८ | | २०२८ | |
|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला |
| ६- ९ | २.५३ | ५.१६ | २.६६ | ५.३३ | १.२२ | २.३५ |
| १०-१४ | ११.८६ | २८.१७ | १०.७० | २४.८५ | ६.२६ | १३.४४ |
| १५-१९ | ५१.७८ | ८०.८२ | ३६.६० | ७३.८५ | २६.६८ | ६०.६७ |
| २०-२४ | | | ७३.१५ | ९४.६१ | ६६.८६ | ९२.१३ |
| २५-२९ | ८६.४२ | ८५.७७ | ८६.६५ | ९८.०८ | ८७.७४ | ९७.४१ |
| ३०-३४ | | | ९५.२३ | ९८.९६ | ९४.३८ | ९८.६० |
| ३५-३९ | | | ९७.२७ | ९९.२२ | ९६.७५ | ९८.९२ |
| ४०-४४ | | | ९७.९२ | ९९.३१ | ९७.६६ | ९९.०८ |
| ४५-४९ | ८५.१६ | ५१.९८ | ९८.३९ | ९९.४२ | ९८.४० | ९९.२३ |
| ५०-५४ | | | ९८.५२ | ९९.४५ | ९८.५७ | ९९.२९ |
| ५५-५९ | | | ९८.७३ | ९९.४९ | ९८.७८ | ९९.३२ |
| ६०-६४ | | | ९९.०१* | ९९.५४* | ९८.८७ | ९९.३८ |
| ६५+ | ६६.२१ | २३.८८ | | | ९८.९७ | ९९.३९ |
| उमेर नखोलेको | ४०.५१ | ५५.९७ | | | | |
| कुल | ५४.६९ | ५७.९९ | ६१.९३ | ७४.५३ | ५९.०० | ७०.१६ |

स्रोत: राष्ट्रिय जनगणना, २००६।११।

दि एनालिसिस अफ दि पपुलेशन स्टाटिस्टिक्स अफ नेपाल, सन् १९७७: तालिका नं. ४.१ र ४.२ ।

* ६० वर्ष र माथिका समावेश छन् ।

विवाह सर्वमान्य कुरा हो । २०२८ सालको जनगणना प्रतिवेदन अनुसार ६२ प्रतिशत महिलाहरु र ६६.८६ प्रतिशत पुरुषहरु २०-२४ वर्षको उमेर भित्र विवाहित भैसकेका हुन्छन् (तालिका नं. १६)। वैवाहिक अवस्थाको अलि विस्तृत रूपमा विश्लेषण गर्नु महत्वपूर्ण छ किनभने विवाहद्वारा नै नेपाली महिलाको स्तर छोरीबाट बुहारीमा परिणत हुन्छ । यी दुवै कुराले हिन्दू समाजमा महिला र उनको सामाजिक वातावरणमा धेरै ठूलो अन्तर पार्दछन् । त्यस्तैगरी विवाहले पुरुषहरुलाई पनि केटाको अवस्थाबाट सीमित उत्तरदायित्व सहितको वयस्कमा परिणत गर्दछ । यस्तो परिवर्तन पुरुषहरुमा, जो विवाह पश्चात पनि आफू जन्मेकै परिवार, वातावरण र जन्मस्थानमा बस्दछन्, विवाहपछि एक्कासी नयाँ परिवार र नयाँ वातावरण अपनाउनुका साथै नयाँ बुहारीको भूमिका निभाउनु पर्ने महिलाहरुको तुलनामा निकै मन्द गतिमा हुन्छ ।

सानो उमेरमा विवाह गर्ने प्रथा प्रतिको सामाजिक दृष्टिकोण क्रमश: बदलिँदै गएको छ । २०१८ र २०२८ सालको जनगणना तथ्यांकहरुलाई तुलनात्मक दृष्टिले हेर्दा ६ देखि १९ वर्षको उमेरमा विवाह गर्ने पुरुष र महिलाको संख्या घटेको देखिन्छ । ६ देखि १० उमेर समूहका महिला मध्ये विवाहित महिलाको प्रतिशत ५.३३ बाट घटेर २.३५ प्रतिशत भएको छ (तालिका नं. १६)।

क्षेत्रीय आधारमा हेर्दा, कम उमेरमा विवाह हुने महिलाको अनुपात पहाडी र काठमाडौं उपत्यकामा भन्दा तराई क्षेत्रमा बढी छ । बाल विवाहको घटना चाहिं पहाडी र तराई क्षेत्रमा भन्दा काठमाडौं उपत्यकामा बढी देखिनु आश्चर्यलाग्दो छ (तालिका नं. १७)।

हिन्दू संस्कृति अनुसार उच्च जातिका नेपाली महिलाहरु माथि जो वाल विवाह, बढी प्रजनन दर, बढी मृत्युदर र कम जीवन अवधिबाट प्रभावित छन्, विधवा भएको खण्डमा आफ्नो पतिको कूलको पवित्रता कायम राख्नका लागि अर्को विवाह नगरी बस्नु पर्ने प्रतिवन्ध पनि छ । हिन्दू संस्कृतिमा पुनर्विवाह कठिन छ र यस्तो कार्यलाई निम्न स्तरको मानिन्छ । महिला संख्याको करिव १.११ प्रतिशत महिला २४ वर्षको उमेर भित्रै विधवा हुन्छन् (तालिका नं. १८)। ४० देखि ४४ वर्षका महिला मध्ये १२.१० प्रतिशत महिला विधवा भएका देखिन्छन् । क्षेत्रीय दृष्टिबाट काठमाडौं उपत्यकामा र तराई क्षेत्रमा विधवा दर केहि बढी छ जबकि पार-पाचुके गर्ने दर सबभन्दा बढी हिमाली क्षेत्रमा र त्यसपछि काठमाडौंमा छ । तराई क्षेत्रका महिलाहरुमा पार-पाचुके गर्ने दर सबभन्दा कम अर्थात् ०.१४ प्रतिशत छ (तालिका नं. १९)। काठमाडौं र तराई क्षेत्रका महिला मध्ये माथिल्लो उमेरमा बढी विधवा दर देखिनु सायद हिमाली र पहाडी क्षेत्रमा विधवा भैसकेपछि पनि विवाह गर्ने चलन बढी भएकोले होला ।

तालिका नं. १७

**भौगोलिक क्षेत्र, उमेर र लिंग अनुसार विवाहित जनसंख्याको अनुपात**

(क्रमिक उमेर र लिंग अनुसार कुल जनसंख्याको प्रतिशतमा)

| उमेर समूह | कुल | | हिमाली क्षेत्र(१) | | पहाडी क्षेत्र(२) | | काठमाडौं उपत्यका(३) | | तराई क्षेत्र(४) | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला |
| ६- ९ | १.२२ | २.३५ | ०.४१ | ०.५२ | ०.३६ | ०.२४ | ०.४६ | ०.८३ | ०.१६ | ४.१६ |
| १०-१४ | ६.२९ | १३.४४ | १.७८ | ४.५७ | १.७८ | ५.०६ | १.६५ | ३.४६ | ११.४३ | २५.५६ |
| १५-१९ | २६.९८ | ६०.६७ | १५.१० | ३४.८४ | १८.४९ | ५१.४४ | १६.२३ | ५४.८० | ३८.३३ | ७५.०५ |
| २०-२४ | ६६.८९ | ९२.१३ | ५२.०८ | ७५.३० | ६२.८१ | ८८.६९ | ५२.८४ | ८७.३० | ७२.६६ | ९६.२६ |
| २५-२९ | ८७.७४ | ९७.४१ | ७६.५७ | ८९.७५ | ८६.९२ | ९६.५८ | ७८.९० | ९३.४२ | ९०.०४ | ९८.९३ |
| ३०-३४ | ९४.३८ | ९८.६० | ८८.३० | ९४.३० | ९४.६६ | ९८.२३ | ८९.४५ | ९६.०४ | ९५.२७ | ९९.५१ |
| ३५-३९ | ९६.७५ | ९८.९२ | ९२.६९ | ९६.१८ | ९७.१५ | ९८.८१ | ९२.९२ | ९६.५४ | ९७.१९ | ९९.७३ |
| ४०-४४ | ९७.६९ | ९९.०८ | ९५.२४ | ९७.११ | ९८.०१ | ९९.०९ | ९४.७५ | ९७.१३ | ९८.०३ | ९९.७८ |
| ४५-४९ | ९८.४० | ९९.२३ | ९७.३८ | ९७.४६ | ९८.७८ | ९९.०७ | ९६.५२ | ९८.१९ | ९८.५२ | ९९.८१ |
| ५०-५४ | ९८.५७ | ९९.२९ | ९७.६८ | ९७.९६ | ९८.९६ | ९९.२३ | ९६.९० | ९८.२२ | ९८.४३ | ९९.७० |
| ५५-५९ | ९८.७८ | ९९.३२ | ९७.२६ | ८७.२८ | ९९.१० | ९९.३४ | ९७.६४ | ९८.२७ | ९८.७२ | ९९.७१ |
| ६०-६४ | ९८.८७ | ९९.३८ | ९७.५६ | ९८.५३ | ९९.११ | ९९.३७ | ९७.९१ | ९८.२३ | ९८.७३ | ९९.६८ |
| ६५+ | ९८.९७ | ९९.३९ | ९७.८९ | ९८.३० | ९९.१३ | ९९.३१ | ९८.३६ | ९८.५० | ९८.९१ | ९९.६१ |
| कुल | ५९.०० | ७०.१६ | ५१.३७ | ६३.३० | ५४.९४ | ६६.८९ | ५४.८९ | ६७.०३ | ६२.७१ | ७४.४० |
| स्तरीकरण गरिएको | ५९.०० | ७०.१६ | ५३.१९ | ६२.०९ | ५७.७४ | ६७.२१ | ५३.६४ | ७२.१९ | ६१.६० | ७४.२७ |
| १५ वर्ष भन्दा माथि | ८०.७१ | ९२.२४ | ७२.२४ | ८२.५० | ७७.६९ | ८९.७२ | ७३.१५ | ८६.६६ | ८५.४० | ९५.९१ |
| स्तरीकरण गरिएको | ८०.७१ | ९२.२४ | ७३.९९ | ८३.१८ | ८०.०५ | ९०.०८ | ७४.३३ | ९६.९९ | ८३.७८ | ९५.४० |

(१) ताप्लेजुंग, सोलुखुम्बु, रसुवा, मुस्तांग र हुम्ला जिल्लाहरू ।

(२) पांचथर, वखलढुंगा, तनहुं, बाग्लुंग, म्याग्दी, रूकूम र डोटी जिल्लाहरू ।

(३) काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाहरू ।

(४) सुनसरी, महोत्तरी, नवलपरासी, बाँके र कैलाली जिल्लाहरू ।

श्रोत: दि एनालिसिस अफ दि पपुलेशन स्टाटिस्टिक्स अफ नेपाल, सन् १९७७: तालिका नं. ४.२ ।

तालिका नं. १८

## ६ वर्ष र सो भन्दा माथि उमेरका महिला संख्याको उमेर अनुसारको वैवाहिक अवस्था, २०२८

| उमेर समूह | संख्या | | | | | प्रतिशत | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ६ वर्ष र सो भन्दा माथिकाको कुल | अविवाहित | विवाहित | विधवा | वैवाहिक सम्बन्ध विच्छेद गरेको | ६ वर्ष र सो भन्दा माथिकाको कुल | अविवाहित | विवाहित | विधवा | सम्बन्ध विच्छेद गरेको |
| ६- ९ | ६२४,६७२ | ६१०,००२ | १४,५४७ | ९४ | २९ | १००.० | ९७.६५ | २.३३ | ०.०१५ | ०.००५ |
| १०-१४ | ५९४,१९२ | ५१४,३४१ | ७९,३६७ | ३५६ | १२८ | १००.० | ८६.५६ | १३.३६ | ०.०६ | ०.०२ |
| १५-१९ | ४९९,६६६ | १९६,६२७ | ३००,९४७ | १,४८१ | ६११ | १००.० | ३९.३३ | ६०.१९ | ०.३० | ०.१८ |
| २०-२४ | ५०३,६५३ | ३९,६१५ | ४५८,७०० | ३,६५६ | १,६८२ | १००.० | ७.८७ | ९१.०७ | ०.७३ | ०.३३ |
| २५-२९ | ४७३,९९० | १२,२८४ | ४५२,२७७ | ७,७८४ | १,६४५ | १००.० | २.५९ | ९५.४२ | १.६४ | ०.३५ |
| ३०-३४ | ४२५,७०५ | ५,९६९ | ४०४,३७४ | १३,९५१ | १,४११ | १००.० | १.४० | ९४.९९ | ३.२८ | ०.३३ |
| ३५-३९ | ३५८,४०७ | ३,८५९ | ३२९,५७२ | २३,७१५ | १,२६१ | १००.० | १.०८ | ९१.९५ | ६.६२ | ०.३५ |
| ४०-४४ | ३०७,४६३ | २,८२१ | २६६,३७७ | ३७,१९७ | १,०६८ | १००.० | ०.९२ | ८६.६४ | १२.१० | ०.३४ |
| ४५-४९ | २१५,५७७ | १,६६३ | १७३,६९५ | ३९,४५५ | ७६४ | १००.० | ०.७७ | ८०.५७ | १८.३० | ०.३६ |
| ५०-५४ | १९६,५३० | १,३९० | १३९,१८३ | ५५,२९३ | ६६४ | १००.० | ०.७१ | ७०.८२ | २८.१३ | ०.३४ |
| ५५-५९ | १२४,७१६ | ८४९ | ८३,०८५ | ४०,३९१ | ३९१ | १००.० | ०.६८ | ६६.६२ | ३२.३९ | ०.३१ |
| ६०-६४ | १५५,७८९ | ९७३ | ७८,३३९ | ७५,८८० | ५९७ | १००.० | ०.६२ | ५०.२९ | ४८.७१ | ०.३८ |
| ६५+ | १८१,८२८ | १,१११ | ७१,४८२ | १०८,६२७ | ६०८ | १००.० | ०.६१ | ३९.३१ | ५९.७४ | ०.३४ |
| कुल | ४,६६२,४८८ | १,३९१,५०४ | २,८५१,९४५ | ४०७,८८० | ११,१५९ | १००.० | २९.८४ | ६१.१७ | ८.७५ | ०.२४ |

स्रोत: राष्ट्रिय जनगणना २०२८, तालिका नं. १५ ।

तालिका नं. १९


<u>भौगोलिक क्षेत्र अनुसार वैवाहिक सम्बन्ध विच्छेद गरेका र विधवा महिलाहरूको अनुपात, २०२८*</u>

(क्रमिक उमेर र क्षेत्र अनुसार कुल महिला संख्याको प्रतिशतमा)

| उमेर समूह | हिमाली क्षेत्र | | | पहाडी क्षेत्र | | | तराई क्षेत्र | | | काठमाडौं उपत्यका | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कूल | वैवाहिक सम्बन्ध विच्छेद गरेको | विधवा | कूल | वैवाहिक सम्बन्ध विच्छेद गरेको | विधवा | कूल | वैवाहिक सम्बन्ध विच्छेद गरेको | विधवा | कूल | वैवाहिक सम्बन्ध विच्छेद गरेको | विधवा |
| ६- ९ | १००.० | - | ०.०१ | १००.० | ०.०१ | ०.०१ | १००.० | ०.०१ | ०.०१ | १००.० | - | - |
| १०-१४ | १००.० | - | ०.०५ | १००.० | ०.०१ | ०.०३ | १००.० | ०.०२ | ०.०७ | १००.० | ०.०२ | ०.०२ |
| १५-१९ | १००.० | ०.०९ | ०.१६ | १००.० | ०.१८ | ०.३१ | १००.० | ०.१३ | ०.३१ | १००.० | ०.२१ | ०.१५ |
| २०-२४ | १००.० | ०.५० | ०.८० | १००.० | ०.५१ | ०.७० | १००.० | ०.१७ | ०.४० | १००.० | ०.३७ | ०.६९ |
| २५-२९ | १००.० | ०.४९ | १.९८ | १००.० | ०.५१ | १.७२ | १००.० | ०.१८ | १.५४ | १००.० | ०.४९ | १.६८ |
| ३०-३४ | १००.० | ०.६४ | ३.५५ | १००.० | ०.३९ | ३.५० | १००.० | ०.२२ | २.६६ | १००.० | ०.५४ | ३.४० |
| ३५-३९ | १००.० | ०.६३ | ५.९२ | १००.० | ०.३७ | ७.०२ | १००.० | ०.२३ | ६.४४ | १००.० | ०.६२ | ६.३३ |
| ४०-४४ | १००.० | ०.७४ | १०.३९ | १००.० | ०.३२ | १२.७८ | १००.० | ०.२६ | १२.१८ | १००.० | ०.५८ | १२.७९ |
| ४५-४९ | १००.० | ०.५२ | १३.३४ | १००.० | ०.३१ | १६.७२ | १००.० | ०.२१ | २०.३१ | १००.० | ०.६० | १७.६२ |
| ५०-५४ | १००.० | ०.४२ | २१.४० | १००.० | ०.३४ | २६.५९ | १००.० | ०.१९ | ३१.९१ | १००.० | ०.३५ | २७.८९ |
| ५५-५९ | १००.० | ०.६० | २४.४३ | १००.० | ०.२२ | ३०.७० | १००.० | ०.१६ | ३५.६६ | १००.० | ०.३३ | ३२.७० |
| ६०-६४ | १००.० | ०.३३ | ३६.४६ | १००.० | ०.३६ | ४७.११ | १००.० | ०.१५ | ५६.५९ | १००.० | ०.५४ | ४८.०७ |
| ६५+ | १००.० | ०.२९ | ४८.३३ | १००.० | ०.१९ | ५६.५३ | १००.० | ०.१८ | ६६.६७ | १००.० | ०.१८ | ६२.४१ |
| कुल | १००.० | ०.३८ | ७.९५ | १००.० | ०.२६ | ८.६९ | १००.० | ०.१४ | ९.१६ | १००.० | ०.३३ | ९.३७ |

श्रोत: <u>राष्ट्रिय जनगणना</u>, २०२८, २(२): तालिका नं. १५ ।

* तालिका नं. १७ अनुसारका सबै जिल्ला ।



ब्राह्मण बूढाबूढी। नेपालमा कानूनी सम्बन्ध विच्छेद दर कम छ खासगरी माथिल्लो हिन्दू जातिका परिवारमा।

फोटो : आन हालण्ड

शिक्षा

महिलाहरूको स्तर र साक्षरता बीचको पारस्परिक सम्बन्ध विवादास्पद छ । निरक्षर महिलाहरू जो गरिबिले गर्दा मजदुरी गर्दछन्, सामाजिक र आर्थिक दृष्टिले सम्पन्न समूहका शिक्षितहरू भन्दा बढी स्वतन्त्र हुन्छन् । हाले एक प्रतिवेदनले भारतीय महिलाहरू बारे यसरी लेखेको छ: धनदौलतको दृष्टिले गरीब महिलाहरूले केहि अर्थमा धनी परिवारका महिलाले भन्दा माथिल्लो स्तरको आनन्द गरेका छन् (भारत सरकार, सन् १९७४)।

जेसुकै भए तापनि, साक्षरता आधुनिक विचारधारा बुझ्ने मापदण्डको सूचक भएकाले महिलाहरूको स्तर सम्बन्धी विश्लेषणमा यसको महत्वपूर्ण स्थान छ । अरू विकाशोन्मुख देशहरूमा जस्तै नेपालमा पनि पुरूष र महिला साक्षरता दरका बीच ठूलो अन्तर छ । २०२८ को राष्ट्रिय जनगणना अनुसार १० वर्ष र सोभन्दा माथिका पुरूष संख्याको २४.७२ प्रतिशत पुरूषहरू साक्षर थिए भने सोहि उमेर समूहका महिला मध्ये खाली ३.९९ प्रतिशत महिलाले लेखपढ गर्न सक्दथे (तालिका नं. २०)।

तालिका नं. २०

साक्षरता दर

(१० वर्ष र सोभन्दा माथिका संख्याको प्रतिशतमा)

| | २००६।११ | २०१८[१] | | | २०२८[१] | | | २०३२[२] |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | शहरी | ग्रामीण | कुल | शहरी | ग्रामीण | कुल | |
| पुरूष | ८.३ | ५७.१० | १४.६२ | १६.३६ | ६१.५७ | २२.६४ | २४.७२ | ३३.२ |
| महिला | ०.७ | १६.२८ | १.१४ | १.७६ | २६.४१ | २.७१ | ३.९९ | ५.२ |
| समष्टिगत रूपमा | ४.० | ३६.७३ | ७.६८ | ८.९२ | ४५.८५ | १२.६१ | १४.३२ | १६.२ |

स्रोत: राष्ट्रिय जनगणना २००६।११: ५० ।
दि एनालिसिस अफ दि पपुलेशन स्टाटिस्टीक्स अफ नेपाल, सन् १९७७: तालिका नं. ५.१ र ५.२ ।
१ स्तरीकरण गरिएको ।
२ राष्ट्रिय शिक्षा समितिको अनुमान, पौष, २०३४ ।



कैयौं वर्षसम्मको सीमित शिक्षापछि अहिले विद्यालयमा
छात्राहरूको भर्ना हुने क्रम बढेको छ।

फोटो : डेविड ससून

गत दुई दशक (२००६।११ - २०२८) मा पुरुषहरूको साक्षरता दर तेब्बर भएको छ । सो अवधिमा साक्षरता वृद्धि दर महिलाहरूको लागि अझ बढी छ । यस्तो हुनुको वास्तविक कारणमा सम्वत् २००६।११ मा महिलाहरूको साक्षरता प्रतिशत अति कम भएकोले हो । महिलाहरूको साक्षरता वृद्धि दर बढी भए तापनि साक्षर महिलाको प्रतिशत ३.६६ मात्र पुगेको छ, जुन पुरुषहरूको साक्षरता २४.७२ प्रतिशतको तुलनामा अति कम छ । राष्ट्रिय शिक्षा समितिको अनुमान बमोजिम २०३२ सालमा महिलाहरूको साक्षरता दर ५.२ प्रतिशत र पुरुषहरूको ३३.२ प्रतिशत थियो ।

यी तथ्यांकहरूलाई बडो होशियारीका साथ प्रयोग गर्नु पर्दछ, किनभने अनुमान विधी अन्तर्गत धेरै कुराहरू प्रदत्त रूपमा लिइएका छन् । उदाहरणः प्राप्त साक्षरतालाई सुरक्षित साक्षरता बराबर मानिएको छ । यसका अतिरिक्त ६ र ७ वर्षका बालबालिकालाई सम्वत् २०२८ मा शिक्षित गनिएकोमा २०३२ मा पनि तेस्रो कक्षाको विद्यार्थि भनि दोहोरो गणना गरिएको हुन सक्छ । प्रौढ साक्षरता प्रतिवेदनहरूमा दर्शाइएका आंकडाहरू पनि उक्त सूत्र (फर्मुला) ले प्रभाव पारेको हद सम्म शुद्ध मान्न सकिंदैन (श्रेष्ठ, सन् १९७७)। खासगरी महिलाहरूको साक्षरता बारेका आंकडाहरूलाई अझ गहन अध्ययनहरूबाट एकिन गरिनु पर्दछ, किनकि यी पक्षहरूमा हाले गरिएका दुईवटा सर्भेक्षणाले महिलाहरूको साक्षरता दर कम भएको कुरा दर्शाएका छन् । नेपाल प्रजनन सर्भेक्षणाले साक्षर महिलाको प्रतिशत ५.० देखाउंछ भने सामाजिक परिधि सर्भेक्षणाले खाली ३.८ प्रतिशत महिला मात्र साक्षर छन् भन्ने देखाउंद छ । साक्षर पुरुषहरूको संख्या भन्दा साक्षर महिलाहरूको संख्या शहरी क्षेत्रमा बढी केन्द्रीत भएको छ । तराई क्षेत्र महिला र पुरुष दुवैको साक्षरता दरलाई मध्यमाञ्चल क्षेत्रले मात्र उछिनेको छ, जस्मा बाग्मती अञ्चल र काठमाडौं उपत्यका पर्दछन् (तालिका नं. २१) ।

तालिका नं. २१

<u>भौगोलिक क्षेत्र अनुसारको साक्षरतादर</u>

(६ वर्ष र सो भन्दा माथिको संख्याको प्रतिशतमा)

| क्षेत्रहरू | पुरुष | महिला | दुबै |
|---|---|---|---|
| सम्पूर्ण नेपाल[१] | २३.५९ | ३.९१ | १३.८९ |
| पूर्वान्चल विकाश क्षेत्र | २५.४७ | ४.६५ | १५.२५ |
| हिमाली | २३.४७ | ३.२३ | १३.२९ |
| पहाडी | २३.८८ | ३.१८ | १३.४० |
| तराई | २७.१२ | ६.२८ | १७.२१ |
| मध्यमान्चल विकाश क्षेत्र | २३.११ | ४.८२ | १४.१९ |
| हिमाली | १५.६० | १.६६ | ८.६६ |
| पहाडी | २७.८८ | ६.८९ | १७.५८ |
| तराई | १९.९१ | ३.३९ | ११.९४ |
| पश्चिमान्चल विकाश क्षेत्र | २९.४६ | ३.९३ | १६.५७ |
| हिमाली | १९.५३ | ५.०४ | १२.४२ |
| पहाडी | ३१.७० | ३.७८ | १७.३६ |
| तराई | २३.९६ | ४.३२ | १४.५४ |
| सुदूर पश्चिमान्चल विकाश क्षेत्र | १६.२७ | १.६१ | ९.०५ |
| हिमाली | १४.८० | १.१४ | ८.१५ |
| पहाडी | १७.२३ | १.१८ | ९.१५ |
| तराई | १५.१४ | ३.०९ | ९.४८ |

श्रोत: <u>दि एनालिसिस अफ दि पपुलेशन स्टाटिस्टिक्स अफ नेपाल</u>, सन् १९७७: तालिका नं. ५.४ ।

१ उमेर समूहको भिन्नताले गर्दा तालिका नं. २० को आंकडा संग मेल खादैन ।

लिंग अनुसारको साक्षरता दरको भिन्नता घट्दै गएको छ तापनि साक्षर पुरूष संख्या र साक्षर महिला संख्या बीचको फरक अझै प्रशस्त छ (तालिका नं. २२)। महिलाहरू औपचारिक शिक्षामा अझै धेरै पछाडि छन् । पांच वर्ष र माथिका महिलाहरू मध्ये न्यूनतम प्राथमिक तहको शिक्षा पूरा गरेका महिलाको प्रतिशत २००७ सालमा ०.०४ थियो भने उक्त प्रतिशत बढेर २०१८ सालमा ०.६१ पुग्यो । उक्त प्रतिशत २०१८–२०२८ को दशकमा भने निकै कम मात्रामा वृद्धि भएर २०२८ मा जम्मा ०.६५ प्रतिशत पुग्यो । पुरूषहरू तर्फ भने साक्षरता वृद्धि उल्लेखनिय रूपले भएको छ । प्राथमिक तहको शिक्षा पूरा गरेका पुरूषहरूको प्रतिशत २००७ सालमा ०.५२ भएकोमा २०१८ सालमा ३.८१ र २०२८ सालमा ५.४८ भयो । पुरूष र महिला दुबै थरिको निरक्षर संख्या सम्वत् २००६।११ देखि २०१८ सम्म घटेको थियो तर २०१८ र २०२८ को अवधिमा भने निरक्षरको संख्या वास्तवमा बढ्यो (तालिका नं. २२)।

एकातिर उच्च तहको शिक्षा प्राप्त गरेका महिलाहरूको संख्या ज्यादै कम छ भने अर्को तर्फ छात्राहरूको भर्ना दर पनि त्यति बढेको छैन (तालिका नं.२३)। प्राथमिक र माध्यमिक तहमा भएको कुल भर्ना संख्या मध्ये छात्राहरूको प्रतिशत २०२२ सालमा १४.२ प्रतिशत र २०३३ सालमा १६.४ प्रतिशत थियो । यसरी छात्राहरूको भर्ना संख्या प्रति २ वर्षमा एक प्रतिशतका दरले बढेको देखिन्छ ।

सामुन्ने पृष्ठमा:

खाम मगर समुदायकी बालिका भाँडा सफा गर्दैछिन्। घरायसी कामको बोझले गर्दा पढाईमा पूरा समय लगाउन पाउँदिनन्। तर उनी पढ्न लेख्न कति चाख राख्छिन् भन्ने कुरा अर्को पानामा देख्न सकिन्छ।

दुबै फोटोहरू : आन हालण्ड





तालिका नं. २२

शैक्षिक उपलब्धीका केहि सूचकहरू

(सय व्यक्तिमा)

| शैक्षिक स्तर | | २००६।११ (५ वर्ष र माथि) | | | २०१८ (६ वर्ष र माथि) | | | २०२८ (६ वर्ष र माथि) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | प्रति १०० पुरुष बराबर महिलाको संख्या | पुरुष | महिला | प्रति १०० पुरुष बराबर महिलाको संख्या | पुरुष | महिला | प्रति १०० पुरुष बराबर महिलाको संख्या |
| (क) | अशिक्षित | ३४,२६६ | ३६,२८२ | १०५.७ | २७,५१२ | ३३,७१३ | १२२.५ | ३६,६१२ | ४४,८०० | १२२.४ |
| (ख) | शिक्षित | ८०६ | ७१ | ८.७ | ५,३७१ | ६०४ | ११.२ | ११,३०२ | १,८२५ | १६.१ |
| | १ प्राथमिक शिक्षा पूरा गरेको | १११ | ६ | ८.१ | ६८१ | १४४ | २१.१ | १,३१२ | १३६ | १०.४ |
| | २ प्रवेशिका | ५८ | ३ | ५.७ | २७० | २६ | १०.७ | ५५५ | ६५ | ११.२ |
| | ३ स्नातक | २५* | १* | ४.० | ४८ | ३ | ६.३ | १२८ | १३ | १०.२ |

स्रोत: आचार्य, सन् १९७८ ।

* उच्च शिक्षा पाएकाको तह छुट्याइएको छैन ।

तालिका नं. २३

शैक्षिक स्तर अनुसारको भर्ना संख्या

(सय व्यक्तिमा)

| | शैक्षिक स्तर | कुल | २०२२ | | कुल | २०२८ | | कुल | २०३३ | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्राहरू | | | छात्राहरू | | | छात्राहरू | |
| | | | संख्या | कुलको प्रतिशतमा | | संख्या | कुलको प्रतिशतमा | | संख्या | कुलको प्रतिशतमा |
| स्कूल | प्राथमिक | ३,८६१ | ५४६ | १४.२ | ४,०२५ | ७३० | १८.१ | ६,४३८ | १,२६३ | २०.० |
| | निम्न माध्यमिक | | | | १,०६० | १७५ | १६.१ | १,८८७ | ३३४ | १७.७ |
| | माध्यमिक | ५७४ | ८४ | १४.६ | ६३६ | १०४ | १६.३ | ७४१ | १२५ | १६.६ |
| | विश्व विद्यालय स्तर | ८१ | १४[१] | १७.३ | २६८ | ४६ | १८.३ | २१४ | ४५ | २१.० |

स्रोत: आचार्य, सन् १९७८ ।

१ ३४ वटा कलेजहरू मध्ये २६ वटाको मात्र ।

# राजनैतिक अभिव्यक्ति

# राजनैतिक अभिव्यक्ति

गाइलेका अनुसार महिलाको रानैतिक अभिव्यक्ति भन्नाले समुदायको निर्णयहरूमा सहभागी हुने, मताधिकार प्रयोग गर्ने, पुरूषहरू सरह नै सम्पत्तिको स्वामित्व राख्ने अथवा सार्वजनिक अड्डाहरूमा जागिरे हुनसक्ने अधिकारलाई जनाउँछ (गाइले र स्मक, सन् १९७७: ४-५)। यसका अतिरिक्त, गाइलेले अरू दुइवटा सूचकहरू सुझाव गरेका छन्, जस अनुसार अधिकांश महिलाहरूले पुरूषहरूको तुलनामा अन्याय परेको कुराहरू अथवा असन्तुष्टिहरू स्पष्ट रूपले दर्शाएका छन् छैनन् र महिलाको अधिकारहरू संरक्षण गर्न कुनै सामाजिक अभियानहरू भएका छन वा छैनन् भन्ने कुराहरूको समेत मूल्यांकन हुनुपर्दछ। यस्मा खाली राजनैतिक अभिव्यक्ति सम्बन्धी प्राप्त सबुतहरूको मात्र विश्लेषण गरिएको छ।[१]

यदि राजनैतिक अभिव्यक्तिलाई चूनावमा सहभागी भएर शासन व्यवस्था चलाउने र सरकारी ओहदामा रहनुलाई मान्ने हो भने नेपाली महिलाहरूको राजनैतिक सहभागिता अति कम देखिन्छ।

महिलाहरूले चूनावमा कत्तिको भाग लिन्छन् भन्ने बारेका तथ्यांकहरूको अभावमा ग्रामीण तहमा उनिहरूको राजनैतिक सहभागिता विषयमा लेख्न अति कठीन छ। देशको सर्वोच्च विधायीका राष्ट्रिय पंचायतको कुल १३५ सदस्यहरू मध्ये ३ सदस्यहरूमात्र महिला छन्। मन्त्रिमण्डलमा महिला समुदायबाट एउटा पनि मन्त्री छैनन्। हाले सम्पन्न निर्वाचन परिणामले, गाउँ र नगर पंचायतहरूका २२,३९५ सदस्यहरू मध्ये केवल २००५ अर्थात् ९ प्रतिशत महिला सदस्य भएको दर्शाउँछ। जिल्ला पंचायतका ५७५ सदस्यहरू मध्ये ४१ अर्थात् ७ प्रतिशत मात्र महिला छन्। गत निर्वाचन समय सम्ममा तत्काल प्रचलित कानून, जस अनुसार प्रत्येक गाउँ पंचायतको कार्यकारिणीमा निर्वाचित अथवा मनोनित भए पनि एक जना महिला हुनु पर्दछ, कायमै रहेकोले उपरोक्त तथ्यांकहरूले दुबै थरिका सदस्यहरू इंकित गर्दछ। यदि ती पंचायतहरूलाई जहा मनोनित महिलाहरू पनि सदस्य छन्, छाड्ने हो भने

१ महिलाहरूको सम्पत्ति माथिको स्वामित्व बारे यो भागको खण्ड २ (नेपाली महिलाहरूको कानूनी मर्यादा: परम्परा र परिवर्तन) मा उल्लेख गरिएको छ। महिलाहरूको सामुदायिक निर्णमा सहभागिता, मताधिकार आदि विषयहरूको विवेचनाका लागि महिला-हरूको मर्यादा स्तर अध्ययन परियोजनाका कार्यकर्ताहरूले हाले शुरू गरेको ग्रामीण स्तरीय अध्ययन प्रतिवेदनलाई पर्खनु पर्नेछ।

गाउँ तहमा ०.३ र जिल्ला तहमा ०.७ प्रतिशत मात्र महिलाहरूको प्रतिनिधित्व भएको देखिन्छ । कुनै पनि जिल्ला पंचायतमा महिला समुदायबाट सभापति वा उप-सभापति छैनन् र गाउँ पंचायत स्तरमा भने ०.२ प्रतिशत महिला अध्यक्षता गर्ने ओहदामा छन् (तालिका नं.२४)। हुन त नेपाल महिला संगठनको माध्यमबाट केहि राजनैतिक सहभागिता भएको आभास पाइन्छ तापनि त्यो अति नै सीमित रूपमा छ ।[१]

तराई, पहाड र काठमाडौं उपत्यका प्रत्येकबाट एक।एक जिल्ला गरी तीन जिल्लामा गरिएको सामाजिक परिधि सर्वेक्षणले केही चाखलाग्दा तथ्यांकहरू उपलब्ध गराएको छ (वैद्य, ढुंगेल र कार्लवि, सन् १९७८)। सर्वेक्षणको लागि छनौटमा परेका कुल १४१७ महिला-हरू मध्ये ७.६ प्रतिशतले मात्र महिला संगठनका लागि पंचायतबाट गएका प्रतिनिधीलाई चिनेजानेको कुरा बताएका छन् भने ०.६ प्रतिशतले महिला संगठनको सदस्य भएको कुरा बताए । अन्तर्वार्ता गरिएका महिला मध्ये०.१ प्रतिशतले महिला संगठनको बैठकमा नियमित रूपले भाग लिएको र ०.६ प्रतिशतले कहिल्यै पनि बैठकमा उपस्थित नभएको कुरा बताए । ९९ प्रतिशतले भने यस सम्बन्धी प्रश्नको उत्तर नै दिएनन् ।

तालिका नं. २४

स्थानीय पंचायतहरूमा राजनैतिक सहभागिता[२]

(व्यक्ति संख्यामा)

| | गाउं वा नगर पंचायत केन्द्र | | | जिल्ला पंचायत | |
|---|---|---|---|---|---|
| | सदस्यहरू | सभापतिहरू | उप-सभापतिहरू | सदस्यहरू | सभापति वा उप-सभापतिहरू |
| पुरुष | २०,३६० | २,१७२ | २,१५९ | ५३४ | ११० |
| महिला | २,००५ | ५ | १८ | ४१ | - |
| कुल | २२,३६५ | २,१७७ | २,१७७ | ५७५ | ११० |
| कुलमा महिला-को प्रतिशत | ८.९५ | ०.२३ | ०.८३ | ७.१३ | - |

स्रोत: निर्वाचन आयोग सचिवालय, निजी सम्पर्कबाट ।

१ यो भागको खण्ड ३ (नेपालमा महिलाहरू सम्बन्धी संस्थाहरू) हेर्नुहोस् ।

२ सगरमाथा, लुम्बिनी, सेती, मेची, बाग्मती,गण्डकी, भेरी, जनकपुर, कर्णाली र महाकाली अन्चलहरूका पंचायतहरू समावेश गरिएको ।

गाउँले महिलाहरूको राजनैतिक ज्ञानको अवस्था बुझ्ने क्रममा उनिहरूलाई श्री ५ महाराजाधिराज सरकार बाहेक अरू कुनै ५ राष्ट्रिय व्यक्तित्वको नाउँ भन्न लगाइएको थियो । करिव १.५ प्रतिशतले एक जवान सम्म नेतृत्व दिने व्यक्ति (राष्ट्रिय व्यक्तित्व) को नाउं बताउन सके र ४ जना महिलाले मात्र एक जना भन्दा बढी राष्ट्रिय व्यक्तित्वको नाउँ भन्न सके । एक जनाको नाउँ भन्न सक्ने महिलाहरू मध्ये १२ जवानले मात्र ती व्यक्तिहरूको कामको विवरण समेत दिन सके । यसरी सामाजिक परिधी सर्भेक्षणाले नेपाली ग्रामीण महिलामा राजनैतिक चेतना अति नै कम भएको देखाउँछ (तालिका नं.२५)।

तालिका नं. २५

राजनैतिक ज्ञानको स्तर

(व्यक्ति संख्यामा)

| जानेका राष्ट्रिय व्यक्तित्वहरूको संख्या | नामहरू संग परिचित उत्तरदाताहरूको संख्या | कामहरू संग परिचित उत्तरदाताहरूको संख्या |
|---|---|---|
| ५ | १ | १ |
| ४ | १ | - |
| ३ | २ | १ |
| २ | - | १ |
| १ | १५ | १ |
| ० | १,३९८ | १,४०५ |
| कुल संख्या | १,४१७ | १,४१७ |

श्रोत: दि सोसियल नेटवर्क सर्भे, सन् १९७८ ।

# आर्थिक लक्षणहरू



तामाङ्ग महिला काँधमा कोदालो बोकी खेततिर जाँदैछिन्। नेपालको प्रमुख बाली उत्पादन प्रकृयामा रोप्ने, गोड्ने, हेरचाह गर्ने र खेती स्याहार्ने कामहरू प्रायः महिलाले गर्दछन्।

फोटोः आन हालण्ड

# आर्थिक लक्षणहरू

आर्थिक गतिविधिको दर

धेरै लेखकहरूको विचारमा, महिलाहरूको आर्थिक अवस्थाले नै उनिहरूको सामाजिक मर्यादा निर्धारण गर्दछ (वौसेरप, सन् १९७०, मार्टिन एण्ड भोर्टेज, सन् १९७०, स्टोलैर, सन् १९७५, डेरै, सन् १९७५)। अरुहरूको भनाई यो पनि छ कि राजनैतिक गतिविधिको सहभागिताले समाजमा महिलाहरूको मर्यादा स्तर निर्धारण गर्दछ (मर्फि एण्ड मर्फि, सन् १९७४)। आर्थिक स्तरको मूल्यांकन गर्ने विधि निकै जटिल छ । यस अन्तर्गत रोजगारीको अवसर र रोजगारी दर, सम्पत्ति माथिको स्वामित्व र तत्सम्बन्धी बेच-बिखन अधिकार र आर्थिक पक्षमा गरिने निर्णय प्रकृया आदि विषयहरूको विश्लेषण पर्दछन् । यी मध्ये अधिकांश विषयहरू बारेका तथ्यांकहरू नेपालमा उपलब्ध छैनन् । जे जति प्राप्य छन्, तिनले पनि सही अवस्थाको राम्रो चित्रण गर्दैनन् । त्यसकारण यो परिच्छेदमा, हाल प्राप्त तथ्यांकहरूका अतिरिक्त अप्रत्यक्ष प्रमाणहरू समेतका आधारमा नेपालमा महिलाहरूको आर्थिक गतिविधि बारे यथासंभव वास्तविक चित्रण गर्ने प्रयास गरिएको छ ।

महिलाहरूले संभावित श्रम शक्तिको करिव आधा अंश ओगटदछन् (तालिका नं.२६)। अफि सम्म नेपालमा यस जनशक्तिको राम्रो परिचालन हुन सकेको छैन । खेर गई रहेको यत्रो ठूलो महिला जनशक्तिको वास्तविक परिचालन गर्न सकेमा विकासको गतिलाई तीव्र पार्नमा महत्वपूर्ण योगदान हुन सक्दछ । यो जनशक्तिको अधिकतम उपयोग गर्ने गरी योजना बनाउनु नै श्रम शक्तिको उपयोग सम्बन्धमा सही ज्ञान भएको मान्नु पर्दछ ।

परम्परागत आर्थिक दृष्टिमा सबभन्दा उपयुक्त पक्ष आर्थिक दृष्टिले सक्रिय जनसंख्या हो । उल्लेखित समय भित्र आर्थिक बस्तु र सेवाको उत्पादनमा सरिक हुन सक्ने महिला वा पुरूषको संख्यालाई आर्थिक दृष्टिले सक्रिय जनसंख्या भनी परिभाषित गरिएको छ (संयुक्त राष्ट्र संघ, सन् १९७८)। यस अन्तर्गत रोजगारी पाएका, बेरोजगारी र सैनिक सेवामा रहेका व्यक्ति समेत पर्दछन् । रोजगारी प्राप्त व्यक्तिहरू भन्नाले आर्थिक लक्षणाका तथ्यांक लिएको बेलामा घरायसी कार्यमा लागेका, अन्य काम गरिरहेका र छोटो अवधिको लागि खाली बसेका व्यक्तिहरूलाई मानिएको छ । त्यस्तैगरी बेरोजगार भन्नाले काम खोजिरहेका र पहिले कहिल्यै पनि काममा नलागेका व्यक्तिहरूलाई जनाउंदछ । निम्न

तालिका नं. २६

कुल जनसंख्या मध्ये सम्भावित श्रमशक्ति

| | कुल जनसंख्या (हजारमा) | | | १५-५९ वर्षका जनसंख्या संभावित श्रमशक्ति (हजारमा) | | | कुल जनसंख्याको प्रतिशतमा | | | संभावित श्रमशक्तिको बनोट (प्रतिशतमा) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दुबै लिंग | पुरुष | महिला | दुबै लिंग | पुरुष | महिला | दुबै लिंग | पुरुष | महिला | दुबै लिंग | पुरुष | महिला |
| २००६।११ | ८२३५ | ४०५१ | ४१८४ | ४६२२ | २२३९ | २३८३ | ५६.१ | ५५.३ | ५७.० | १०० | ४८.४४ | ५१.५६ |
| २०१८ | ९४१३ | ४६३६ | ४७७७ | ५१५६ | २४९८ | २६५८ | ५४.८ | ५३.९ | ५५.७ | १०० | ४८.४५ | ५१.५५ |
| २०२८ | ११५५६ | ५८१७ | ५७३९ | ६२३३ | ३१२७ | ३१०६ | ५३.९ | ५३.८ | ५४.१ | १०० | ५०.१७ | ४९.८३ |
| २०३३[१] | १३०८० | ६६४३ | ६४३७ | ६८८६ | ३४७६ | ३४१० | ५२.६ | ५२.३ | ५३.० | १०० | ५०.४८ | ४९.५२ |

श्रोत: राष्ट्रिय जनगणना, २००६।११, २०१८ र २०२८ ।

१ राजवंशी र गुभाजूको अनुमान, सन् १९७६ ।

वर्गिकरणमा पर्ने व्यक्तिहरूलाई आर्थिक दृष्टिले निस्क्रिय मानिएको छ:

१. घरको काम गर्नेहरू - आफ्नै घरायसी कार्यमा व्यस्त रहने आर्थिक दृष्टिले निस्क्रिय महिला वा पुरूष, उदाहरणाका लागि आफ्नो घरको काम र घर वा बालबच्चाको हेरविचार गर्ने अभिभारा लिएका व्यक्तिहरू ।

२. विद्यार्थीहरू ।

३. निवृत्तभरण पाई अवकाश पाएकाहरू ।

४. अन्य, जस्तै स्कूल नजाने बालबच्चा, अपांग आदि ।

नेपालको २०१८ र २०२८ सालको राष्ट्रिय जनगणनामा कुनै व्यक्तिको आर्थिक गतिविधि भन्नाले तथ्यांक लिएको मितिले अघिल्लो एक वर्षभित्र ८ महीना सम्म लाभदायक गतिविधिमा लागेकालाई जनाउंदछ । यो शर्त पूरा गर्ने व्यक्तिले आफ्नो पेशा, उद्योग, आर्थिक स्तर, रोजगारीमा काम गर्ने वा गराउने, आफ्नै काम गर्ने वा ज्याला नपाउने किसिमको पारिवारिक कामदार के हो सबै कुरा खुलाउनु पर्थ्यो । पहिलो पटक काम खोजिरहेका, ८ महीना भन्दा कम समय मात्र काम गरेका र जनगणना लिने समयमा रोजगारी नभएका सबै व्यक्तिलाई निस्क्रिय भनी वर्गिकरण गरिएको थियो (केन्द्रीय तथ्यांक विभाग, सन् १९७६, १५०-१५७)।

यो परिभाषा धेरै दृष्टिले अपूरो छ र यस बारे पछि उल्लेख गरिने छ । यी परम्परागत तथ्यांकहरू अपूर्ण भए तापनि यहांनिर यिनीहरूको विस्तृत विश्लेषण गर्नु निकै रोचक हुनेछ ।

२०२८ सालमा आर्थिक दृष्टिले सक्रिय कुल ४६ लाख जनसंख्या मध्ये १४ लाख अर्थात् २९ प्रतिशत महिला थिए (तालिका नं.२७) ।

तालिका नं. २७

लिंग अनुसार आर्थिक दृष्टिले सक्रिय जनसंख्या

(हजारमा)

| | २००९।११ | | २०१८ | | २०२८ | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| पुरूष | २,४६० | ५९.२ | २,५६४ | ५९.५ | ३,४३४ | ७०.८ |
| महिला | १,६९३ | ४०.८ | १,७४३ | ४०.५ | १,४१८ | २९.२ |
| कुल | ४,१५३ | १००.० | ४,३०७ | १००.० | ४,८५२ | १००.० |

स्रोत: राष्ट्रिय जनगणना, २००९।११, २०१८ र २०२८ ।

तालिका नं. २८

लिंग र वासस्थान अनुसार उमेर समूहको सहभागिता दर

(क्रमिक उमेर र लिंग अनुसार कुल जनसंख्याको प्रतिशतमा)

| | २००९।११ | | | २०१८ | | | २०२८ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | पुरूष | महिला | कुल | पुरूष | महिला | कुल | पुरूष | महिला |
| १०-१४ | २७.७(क) | २५.३(क) | २०.१(क) | - | - | - | ५०.५ | ५९.२ | ४०.१ |
| १५-१९ | ८४.२ | ९६.१ | ७२.८ | ८३.४ | ९४.१ | ७३.३ | ६१.६ | ७५.७ | ४६.२ |
| २०-२४ | | | | | | | ६३.५ | ८९.८ | ३९.२ |
| २५-२९ | ७६.५ | ९९.१ | ६१.४ | ७९.६ | ९८.५ | ६३.१ | ६५.३ | ९५.१ | ३६.६ |
| ३०-३४ | | | | ७८.० | ९८.६ | ५८.१ | ६३.७ | ९६.६ | ३३.९ |
| ३५-३९ | | | | | | | ६६.९ | ९७.४ | ३४.० |
| ४०-४४ | | | | | | | ६४.७ | ९७.२ | ३२.९ |
| ४५-४९ | ७६.० | ९८.१ | ५२.९ | ७३.९ | ९७.४ | ५१.१ | ६६.७ | ९६.८ | ३२.५ |
| ५०-५४ | | | | | | | ६२.९ | ९४.० | ३०.५ |
| ५५-५९ | | | | | | | ६०.० | ९३.३ | २७.७ |
| ६०-६४ | ३९.९ | ६१.४ | २२.६ | ४३.६ | ६५.२ | २५.७ | ३९.७ | ६४.१ | १७.९ |
| ६५+ | | | | | | | २५.१ | ४०.५ | १०.४ |
| कुल नेपाल | ६६.९ | ८१.७ | ५२.९ | ७६.१ | ९४.१ | ५९.४ | ५९.३ | ८२.९ | ३५.१ |
| शहरी (ख) | | | | ५५.५ | ७९.५ | २७.८ | ४२.३ | ६६.८ | १२.३ |
| ग्रामीण (ख) | | | | ७६.९ | ९४.८ | ६०.५ | ६०.१ | ८३.७ | ३६.० |

स्रोत: दि एनालिसिस अफ पपुलेशन स्टाटिस्टिक्स अफ नेपाल, सन् १९७७: तालिका नं. ६.१ ।

(क) १५ वर्ष भन्दा कम उमेरको सकृय संख्यालाई १०-१४ को समूहले भाग गरिएको ।

(ख) २०२८ मा १०-१४ वर्षको संख्या समावेश गरिएको छ ।

श्रमशक्तिमा महिलाहरूको सहभागिता दर २००६।११ सालमा ५२.६ प्रतिशत थियो, जुन घटेर २०२८ सालमा ३५.१ प्रतिशत भयो (तालिका नं. २८)। तर त्यो दर २०१८ सालमा भने ५६.४ प्रतिशत थियो । यी तथ्यांकहरूमा एक रूपता नहुनुको कारणमा खासगरी २००६।११ वा २०१८ को जनगणनामा अपनाइएको श्रमशक्तिको परिभाषा भन्दा २०२८ सालको जनगणनामा अपनाइएको परिभाषा बढी संकिर्ण भएकोले हो तापनि २०२८ सालको जनगणना तथ्यांकले पुरूषहरूको सहभागिता दर बढेको तर महिलाहरूको भने तीव्र रूपले घटेको देखाउंदछ ।

माथिको तर्क अनुसार पुरूषहरूको सहभागिता बारेका परिभाषा खुकुलो पारिएको देखिन्छ भने महिलाहरूको सहभागिताको परिभाषा अलि कडा बनाइएको भान हुन्छ । परम्परागत आर्थिक गतिविधिको सन्दर्भमा मात्र हेर्दा यसरी महिलाहरूको सहभागिता दरमा ह्रास हुनुको कारण परम्परागत आर्थिक कार्यकलापहरूमा उनिहरूको सहभागिता घटेकोले हुन सक्छ । अन्यत्र गरिएको अध्ययनबाट यो कुरा पनि देखिएको छ कि आधुनिकीकरणको क्रममा महिलाहरूले आफ्नो रोजगारी गुमाएर घरको उत्पादन गर्ने सक्रिय सदस्यबाट परिवारको आशामुखि हुन पुग्दछन् (बोसेरप, सन् १९७०: १९७)। यस सन्दर्भमा आइरेन टिंकरले यसरी लेखेका छन् (सन् १९७६: २२),


> प्राय: सबै देशहरूमा र सबै तहमा महिलाहरूले पुरूषहरूको तुलनामा आफ्नो आधार गुमाएका छन्, विकासले पनि पुरूष र महिलाहरूको बीचको आर्थिक असमानता बढाएर महिलाहरूको जीवनस्तर सुधार्न सकेन बल्की उनिहरूको लागि प्रतिकूल प्रभाव पारेको छ ।

जनसंख्या विषयका अर्का विशेषज्ञको विचार (डुराण्ड, सन् १९७५: १२३-४६) यस प्रकार छ:

> विभिन्न श्रेणी र स्तरका महिलाहरूको औषत गतिविधि दर आर्थिक विकासको तुलनामा U आकारको बन्द छ जस अनुसार देशको आर्थिक विकासको शुरू अवस्थामा महिलाहरूको सहभागिता कम हुन्छ र विकासको पछिल्लो चरणमा फेरि बढ्न थाल्दछ ।

यूरोपिय सहयोग तथा विकास संगठन (ओइ.सि.डि., डार्लिंग, सन् १९७५) र सिंही (सन् १९६८) ले गरेका अध्ययनहरूले पनि त्यस्तै प्रकारको स्थिति देखाउंदछन् ।

विकाशोन्मुख र विकसित देशहरूको उपरोक्त सामान्य प्रवृत्तिलाई समेत विचार गरी हेर्दा आर्थिक गतिविधि दर २००६।११ को तुलनामा २०२८ सालमा असामान्य रूपले घटेको छ । यस्तो बढी दरले घट्न गएको कारणहरूमा साना पारिवारिक उद्योगहरूको संख्या घट्नु, परम्परागत घरेलु र ग्रामीण उद्योगको लोप हुंदै जानु आदि हुन सक्छ । यी व्या-ख्याहरूको एकिनका लागि यस सम्बन्धी विस्तृत अनुसन्धानको आवश्यकता देखिन्छ ।



नयाँ सडकहरू खुलेर यातायातको सुविधाले अप्रत्यक्ष फाइदा भएतापनि यसबाट यी महिलाहरूको भारी बोक्ने पेशामा प्रतिकूल प्रभाव पार्दछ।

फोटोः डेविड ससून,

नेपाली महिलाहरूको आर्थिक गतिविधि दर पुरुषहरूको तुलनामा कम भए तापनि अन्य विकाशोन्मुख देशहरूको दाँजोमा भने बढी नै छ । नेपाल लगायत धेरैजसो विकाशोन्मुख देशहरूमा बढी अनुपातमा बाल-बालिकाहरूले काम गर्ने र मानिसहरूले अवकाश लिने उमेर पुगेपछि पनि काम गरिरहने सामूहिक लक्षणहरू छन् ।

नेपाल र अरू विकाशोन्मुख देशहरूका महिलाहरूको सहभागिता दर बीच अत्यधिक अन्तर छ (तालिका नं. २६)। यसको कारण निम्न मध्ये कुनै वा सबै हुन सक्छन्:

(१) नेपालले अपनाएको गतिविधिको परिभाषा अरू देशहरूले अपनाएको भन्दा बढी उदार भएको ।

(२) नेपाली अर्थ व्यवस्था तुलनात्मक दृष्टिले निक्कै पिछडिएको र पहाडी तथा हिमाली क्षेत्रको कठोर अवस्थाले गर्दा आफ्नो परिवारको जिवीका धान्नका लागि पनि घरका सबै सदस्यले अत्यधिक परिश्रम गर्नु पर्दछ - पुरुषहरू नगदी आम्दानीका लागि अन्यत्र जान्छन् भने महिलाले घरको कृषि व्यवसाय चलाउँदछन् । पहाडी महिलाहरूको बढी आर्थिक गतिविधि दरले यस कुराको पुष्टि गर्दछ (तालिका नं. ३०) । २०२८ सालमा महिलाहरूको गतिविधि दर पहाडी क्षेत्रमा ३६ देखि ५८ प्रतिशत सम्म छ भने तराईमा सो दर ६ देखि २२ प्रतिशत सम्म छ ।

(३) तराईका महिला भन्दा पहाडीया महिलाहरू निर्धक्क र स्वतन्त्र रूपले कार्यरत हुन्छन् । जनगणना सम्बन्धी तथ्यांकको उत्तरदाता सायद तराई क्षेत्रमा धेरैजसो पुरुषहरू र पहाडमा धेरैजसो महिलाहरू भएको । महिलाहरूलाई घरको चार दिवार भित्रै सीमित राख्ने तथा आफ्नो स्वास्नीले अन्यत्र काम गरेमा बेइजति सम्झने जस्ता परम्परागत विचारधाराबाट ग्रस्त तराई क्षेत्रका पुरुषहरूले घरको आर्थिक गतिविधिमा महिलाहरूको सहभागिता बारेका गलत तथ्यांकहरू दिएको हुन सक्छ । महिलाहरू सम्बन्धी कट्टर हिन्दु रूढीवादी विचारधाराबाट तराईका भन्दा पहाडका पुरुष र महिलाहरू कम मात्रामा प्रभावित छन् । यसो हुनुको कारण पहाडी घर-हरूमा धेरैजसो पुरुषहरू अनुपस्थित हुने हुनाले होला । यसरी पहाडी महिलाको गतिविधि दर बढाउनमा दुई कुराले सघाउ पु-याउँदछ: पहिलो, कृषि व्यवसायमा उनिहरूको सहभागिता र दोस्रो, उनिहरूले वहन गर्नु पर्ने घरमूलिको उत्तरदायित्व । पुरुषहरूको अनुपस्थितिमा महिलाहरूले गरेको काम स्पष्ट देख्न सकिन्छ किनकि पुरुषहरू हुँदा उनिहरूको काम अदृश्य हुन्छ।

हुन त नेपालको जनगणनामा महिलाहरूको गतिविधि दर तुलनात्मक रूपले बढी देखिन्छ तापनि उल्लेखित दर महिलाहरूको वास्तविक आर्थिक गतिविधि दर भन्दा अझै कम नै छ । अनार्थिक गतिविधिको परिभाषा स्पष्ट छैन । तथ्यांक लिएको मितिले अघिल्लो एक वर्ष भित्र ७ देखि ८ महीना सम्म काम गरेको व्यक्तिलाई मात्र आफ्नो पेशाको बारेमा सोधिएको थियो । २०२८ सालको जनगणना दिग्दर्शन (Census Manual)

तालिका नं. २९

<u>आर्थिक गतिविधि दरहरू</u>

(प्रतिशतमा)

| देश | पुरुष | | | महिला | | कुल | |
|---|---|---|---|---|---|---|---|
| | जनगणना वर्ष | कुल पुरुष संख्याको | १५ वर्ष र सो भन्दा माथिको संख्याको | कुल महिला संख्याको | १५ वर्ष र सो भन्दा माथिको संख्याको | कुलको | १५ वर्ष र सो भन्दा माथिको संख्याको |
| नेपाल | सन् १९६१<br>सन् १९७१ | ५५.३<br>५६.० | ६४.१<br>८७.८ | ३६.५<br>२४.७ | ५६.४<br>३४.३ | ४५.८<br>४२.० | ७६.१<br>६१.० |
| बंगलादेश | सन् १९६१ | ५६.२ | ६३.० | १०.८ | १८.१ | ३४.३ | ५७.२ |
| भारत | सन् १९७० | ५२.५ | ८५.५ | ११.९ | १८.६ | ३२.९ | ५४.४ |
| फिलिपिन्स | सन् १९७० | ४६.० | ७८.३ | २१.३ | ३४.१ | ३३.६ | ५५.५ |
| श्रीलंका | सन् १९६३ | ४९.८ | ८२.० | १४.१ | २३.५ | ३२.७ | ५४.४ |
| चेकोस्लोभाकिया | सन् १९७० | ५३.३ | ७२.९ | ४२.३ | ५४.१ | ४८.७ | ६३.१ |
| स्वीडेन | सन् १९७० | ५४.७ | ६९.४ | २९.९ | ३७.३ | ४२.३ | ५३.२ |
| संयुक्त अधिराज्य | सन् १९६६ | ६३.० | ८३.८ | ३२.६ | ४१.९ | ४७.३ | ६१.९ |

स्रोत: <u>दि एनालिसिस अफ पपुलेशन स्टाटिस्टिक्स अफ नेपाल</u>, सन् १९७७: तालिका नं. ६.२ ।

तालिका नं. ३०

१० वर्ष र माथि उमेरका जनसंख्याको विकास क्षेत्र अनुसारको गतिविधि दरहरू

(प्रतिशतमा)

| | पुरुष | | | | | महिला | | | | | दुबै | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पूविक्षे | मविक्षे | पविक्षे | सूपविक्षे | कुल | पूविक्षे | मविक्षे | पविक्षे | सूपविक्षे | कुल | पूविक्षे | पविक्षे | मविक्षे | सूपविक्षे | दुबै |
| पहाडी क्षेत्र | ८१.३ | ८८.३ | ७८.३ | ८३.६ | ८२.७ | ३६.१ | ५५.६ | ५८.४ | ४१.२ | ४६.० | ५६.६ | ७२.० | ६८.० | ६२.५ | ६५.६ |
| तराई क्षेत्र | ८३.३ | ८६.३ | ८४.४ | ८५.६ | ८४.६ | १६.६ | ६.६ | २२.४ | १५.६ | १३.४ | ५१.७ | ४७.७ | ५४.८ | ५३.६ | ५०.८ |
| भित्री मदेश | ८६.७ | ८३.५ | – | ८७.५ | ८५.७ | ३८.५ | ३१.५ | – | – | ३४.३ | ६४.१ | ५८.० | – | ६२.७ | ६०.६ |
| काठमाडौं उपत्यका | – | ७०.४ | – | – | ७०.४ | – | २३.३ | – | – | २३.३ | – | ४७.८ | – | – | ४७.८ |
| कुल नेपाल | ८२.६ | ८४.१ | ७६.६ | ८४.४ | ८२.६ | २८.६ | २८.६ | ५०.२ | ३६.८ | ३५.१ | ५६.१ | ५७.० | ६४.८ | ६१.१ | ५६.३ |

स्रोत: राष्ट्रिय जनगणना, २०२८ बाट बनाइएको ।

पूविक्षे -- पूर्वाञ्चल विकास क्षेत्र

मविक्षे -- मध्यमाञ्चल विकास क्षेत्र

पविक्षे -- पश्चिमाञ्चल विकास क्षेत्र

सूपविक्षे-- सुदूर पश्चिमाञ्चल विकास क्षेत्र

उपलब्ध छैन, तापनि व्यक्तिगत सम्पर्क राख्दा तथ्यांक लिने अधिकारीहरूले २०१८ र २०२८ को जनगणना परिभाषा र वर्गिकरण उही नै थियो भन्ने कुरा पुष्टि गरे । २०१८ सालको जनगणना पुस्तिकामा (तथ्यांक विभाग, २०१८) आर्थिक गतिविधि अन्तर्गत कृषि, व्यापार, उद्योग (सिलाई बुनाई, तेल पेलानी र घरेलु भांडा कुंडाको उत्पादन), सेवा (शिक्षण, नरीया र नगद अर्थात् बस्तुमा ज्याला, तलब वा मुनाफा आर्जन गर्ने) कार्यलाई समावेश गरिएको छ । आर्थिक दृष्टिले सकृय समूहमा तथ्यांक लिएको मिति भन्दा आघको वर्षमा ७-८ महीना काम गरेका, चाहे ती प्रत्यक्ष रूपले आम्दानी नपाउने काम गरेका सदस्य किन नहुन,सबैलाई समाविश गरिनु पर्ने कुरा उल्लेख छ । तथ्यांक निर्देशिका अनुसार कामको व्यस्त बेलामा खेतबारीमा वर्षभरिमा ४ महीना काम गर्ने र सांझ-बिहान अन्य पेशा गर्नेलाई "सहयोगी" भन्ने वर्गिकरणमा समावेश गरिएको छ ।


घरायसी कामलाई आर्थिक गतिविधि भित्र समावेश नगर्ने कुरा उक्त पुस्तिकामा उल्लेख छ । तर घरायसी कार्यको परिभाषा भने कहीं दिइएको छैन । अलिकति भए पनि आम्दानी गर्ने व्यक्तिहरू आर्थिक दृष्टिले सकृय जनशक्तिको वर्गिकरण भित्र स्वतः पर्ने संभावना बढी थियो भने प्रत्यक्ष रूपबाट आम्दानी नगर्ने व्यक्तिहरू यस वर्गिकरण भित्र नपर्ने संभावना बढी थियो । महिलाहरू सकृय जनशक्ति भित्र नपर्ने संभावना बढी थियो किनभने उनिहरू घरायसी काममा व्यस्त रहन्थे र घरायसी कामलाई आर्थिक गतिविधि भित्र गणना गरिएको थिएन । सकृय महिलाको ७.१६ प्रतिशतले मात्र आफूलाई पारिवारिक पेशामा सहायक भनी बताएको र ५७.१ प्रतिशत महिलाले आफूलाई निस्कृय भनी दावी गरेको तथ्यले उपरोक्त कुराको पुष्टी गर्दछ (तालिका नं.३१)। बाली काटी सकेपछिको खेत-बारीमा वा घरको हाताभित्र गरिने कामलाई सामान्यतया कृषि कार्यमा समावेश गरिएको छ । त्यसपछिको खाद्यान्न सफा गर्ने देखि पकाउने सम्मको कामलाई घरायसी कार्यको वर्गिकरणमा पारिएको छ । अरूको लागि धान कुट्ने वा कुट्नका लागि चामल कारखानामा लग्ने कामलाई आर्थिक गतिविधि मान्ने तर आफ्नै घरमा परिवारको लागि त्यही काम गर्दा घरायसी कार्यको वर्गिकरणमा राख्ने कुरा न्यायोचित देखिंदैन ।

त्यस्तै गरी जनगणना निर्देशिकालेघरायसी उपयोगका लागि गरिने कपडा उत्पादन र ढकी आदि बुनाई कार्य आर्थिक कार्यकलाप अन्तर्गत पर्छन् - पर्दैनन् केही उल्लेख गरेको छैन। वर्षमा चार महीना भन्दा बढी समय कृषि कार्य गर्नेलाई सकृय जनसंख्यामा राखिएको छ जव कि पाल्तु जनावरहरूको हेरविचार गर्नेलाई भने समावेश गरिएको छैन । घरको हाता भित्र तरकारी लगाउने कार्य पनि जनगणनामा अपनाइएको आर्थिक गतिविधिको परि-भाषा भित्र परे जस्तो देखिंदैन ।

निर्वाहिक अर्थतन्त्रमा (subsistence economy), बहुसंख्यक जनताको मुख्य आर्थिक गतिविधि नै घरायसी खपत (use value)[१] का बस्तु उत्पादन गर्नु हो । सकृय जनशक्तिमा


---

१ कुनै पनि बस्तुको दुइवटा प्रयोजन हुन्छ: "खपत प्रयोजन" र "बिक्री प्रयोजन"। "खपत प्रयोजन"ले घरायसी खपतको लागि उत्पादन गर्ने बस्तु र "बिक्री प्रयोजन"लेबजारमा बिक्री गर्नको लागि उत्पादन गर्ने बस्तु जनाउंछ ।



यी दुइ महिलाहरूले साझेदारीमा संचालन गरेको घट्टबाट महशूल लिने गरी अरूको अन्न पिन्दैछन्। यस्तो कार्यलाई आर्थिक गतिविधिअन्तर्गत समावेश गरिन्छ।

फोटो : जया राय



तालिका नं. ३१

१० वर्ष र माथि उमेरका आर्थिक दृष्टिले सक्रीय महिला र घरधन्दा गर्ने महिलाहरू

(प्रतिशतमा)

| चौत्र | वर्गिकरण | विकास चौत्र | | | | |
|---|---|---|---|---|---|---|
| | | पूर्वान्चल | मध्य-मान्चल | पश्चिम-मान्चल | सुदुर पश्चिम-मान्चल | कुल |
| पहाडी | आर्थिक दृष्टिले सक्रीय | ३६.१ | ५५.६ | ५८.४ | ४१.२ | ४६.० |
| | घरधन्दा गर्ने | ५३.२ | ३८.३ | ३३.५ | ५३.३ | ४४.२ |
| तराई | आर्थिक दृष्टिले सक्रीय | १६.६ | ६.६ | २२.४ | १५.६ | १३.४ |
| | घरधन्दा गर्ने | ७४.३ | ८५.६ | ६६.१ | ७७.६ | ७८.५ |
| भित्री मदेश | आर्थिक दृष्टिले सक्रीय | ३८.५ | ३१.५ | - | - | ३४.३ |
| | घरधन्दा गर्ने | ५३.७ | ६१.५ | - | ५७.० | ५८.७ |
| काठमाडौं उपत्यका | आर्थिक दृष्टिले सक्रीय | - | २३.३ | - | - | २३.३ |
| | घरधन्दा गर्ने | - | ६०.१ | - | - | ६०.१ |
| कुल नेपाल | आर्थिक दृष्टिले सक्रीय | २८.६ | २८.६ | ५०.२ | ३६.८ | ३५.१ |
| | घरधन्दा गर्ने | ६३.१ | ६३.० | ४१.६ | ५७.५ | ५७.१ |

श्रोत: राष्ट्रिय जनगणना, २०२८: तालिका नं. २६ र ३१ ।

आफ्नै घरमा आफ्नो परिवारको खपतको लागि गरिने कुट्ने, पिस्ने, निफन्ने जस्ता खाद्य प्रशोधन कार्य आर्थिक गतिविधिअन्तर्गत समावेश नगरिनु आश्चर्य छ।

फोटो : डेविड ससन

घरायसी खपतका बस्तु उत्पादन गर्ने व्यक्तिहरू समावेश नभएको श्रमशक्ति सम्बन्धी तथ्यांकले योजना तर्जुमा कार्यमा सघाउ पु-याउँदैन । आधुनिक औद्योगिक अर्थव्यवस्थामा, घरायसी खपतका बस्तुको उत्पादनबाट आर्थिक आवश्यकताको सानो भाग मात्र प्रत्यक्ष रूपले पूर्ति गरिएको हुन्छ । नेपालमा भने अर्थतन्त्रको करिब ४० प्रतिशत भाग अझै मौद्रीकरण (monetized) भएको छैन र यस ४० प्रतिशतको अधिकांश उत्पादन बजारका लागि नभै घरको उपयोगका लागि हुन्छ । यी अवस्थाहरूमा, घरायसी प्रयोगका बस्तु उत्पादन गर्ने काममा व्यस्त रहेका जनसंख्यालाई सकृय श्रमशक्तिमा समावेश नगरिनु अति नै धोखापूर्ण हुन्छ।

बिक्रीको लागि उत्पादन गरिने बस्तुको आधारमा आर्थिक गतिविधि नाप्ने प्रचलन ती अर्थ व्यवस्थाहरूको लागि उपयुक्त हुन्छ, जहां जिवीका निर्वाहको लागि गरिने उत्पादनको अंश कम हुन्छ । नेपालको धेरै भागमा परिवार नै एउटा उत्पादन इकाई हो, जुन कुरा विकसित देश संग मेल खादैन । घरायसी प्रयोगका लागि दाउरा खोज्ने, घरका मानिसलाई खुवाउन फलफूल र बनपैदावार खोज्ने, उन, कपास र पाटको कपडा बुन्ने, डोरी, फोला र अन्य धेरै मालहरू आफ्नै घरका सदस्यहरूको आवश्यकता पूरा गर्नका लागि बनाइन्छन् । यस्ता घरमै तयार गरिने बस्तुहरूलाई गणना नगर्ने हो भने नेपाली अर्थतन्त्रको महत्वपूर्ण भाग आर्थिक व्यवस्था बाहिर पर्दछ ।

विश्वकै अन्वेषणकर्ताहरूको ध्यान हाल यस विषय तर्फ आकर्षण भएको छ । कम आम्दानी भएका देशहरूमा के-कस्ता "बजार" गतिविधिहरूलाई घर-परिवारको आन्तरिक गतिविधि अन्तर्गत समावेश गर्ने भन्ने बारे प्रश्नहरू गरिएका छन् (दे, सन् १९७७)। जटिल रूपका क्रियाकलापहरू पनि घर-परिवारमै परम्परागत किसिमबाट संचालन गरिनुको कारण के हुन सक्दछ ? के-कस्ता क्रियाकलापहरू किन घरमा संचालन नभई बाहिर संचालित छन् ? आधुनिकीकरणको विधिलाई सहि दिशातर्फ लगाउन के-कस्ता क्रियाकलापहरू किन र कसरी घरको परिधि भन्दा बाहिर संचालित छन् भन्ने तथ्य जान्नु महत्वपूर्ण छ ।

बोसेरप (सन् १९७०: १९१) ले बातुल्याण्डमा अफ्रिकी महिलाले गरेको योगदान बारे छलफल गरेका छन् र त्यहां निर्वाहक अर्थ व्यवस्थाको ५५ प्रतिशत आय उक्त देशको राष्ट्रिय आयको गणनामा समावेश नभएको कुरा बताएका छन् । किनभने यो ५५ प्रतिशत आम्दानी गर्ने कामहरू आर्थिक गतिविधिको परिभाषा भित्र पर्दैनन् । प्राय: यी सबै क्रियाकलापहरू महिलाहरूले नै पूरा गर्दछन् ।

नेपालको धेरै भागहरूमा माल र श्रमको सट्टा-पट्टा गरी निर्वाह गर्ने चलन अफ्रिकाको बातुल्याण्डमा जत्तिकै महत्वपूर्ण छ । विस्तृत अध्ययन नगरे सम्म यस बारे यकिनका साथ भन्न सकिंदैन, तापनि नेपालको आर्थिक विकासमा खासगरी ग्रामीण महिलाहरूले कुन हद सम्म योगदान गरेका छन् भन्ने कुराहरू केलाउने प्रयास गरिएको छ ।

लिंग अनुसारको श्रम विभाजन सम्बन्धी अध्ययन प्रतिवेदन र उत्पादन खर्च सम्बन्धी तथ्यांकहरूको आधारमा महिलाहरूको गतिविधि दर अप्रत्यक्ष रूपले पत्ता लगाई यी



फोटो : डेविड ससून

राष्ट्रिय उत्पादनको माध्यम ( approach) अनुसार कुनै पनि कामलाई आर्थिक तथ्यांकमा समावेश गरिंदैन जबसम्म ती कामहरू बजारमा उत्रंदैनन्।

दरहरूलाई जनगणना प्रतिवेदनमा उल्लेखित गतिविधि दर संग तुलना गर्न सकिन्छ । तुलना गरेर हेर्दा परिवारको निर्वाहका लागि महिलाहरूको योगदान तथ्यांकले देखाएको भन्दा धेरै बढी देखिन्छ । सामुदायिक क्रियाकलापहरूको बनौट सम्बन्धी अध्ययन र जनगणना तथ्यांकले आर्थिक गतिविधि दर सम्बन्धमा एक अर्काको विपरित अवस्था देखाउंदछन।

धेरै धर्म र जातीय उत्पत्तिका मानिसहरू मिलेर नेपाली जनसंख्या बनेको छ । तसर्थ विभिन्न समूदायहरू अनुसार र देशको विभिन्न भाग अनुसार काम गर्ने परिपाटी फरक। फरक छ । तराई क्षेत्रका मानिसहरूको भन्दा पहाड र हिमाली क्षेत्रका तिब्बती-बर्मन भाषा बोल्ने समूहको काम गर्ने परिपाटीका बारेमा धेरै विवरणहरू प्राप्त छन् । तराईमा भन्दा पहाड र हिमाली क्षेत्रमा महिलाहरूको गतिविधि दर बढी छ तापनि जनगणना तथ्यांकले पुरूषहरूको तुलनामा पहाडी र हिमाली क्षेत्रका महिलाहरूको कृषि तर्फको योगदान कम देखाएको छ ।

पश्चिमी नेपालको मध्य पहाडी क्षेत्र अर्थात् कास्की जिल्लाको बाटुले चउर गाउंमा गरिएको अध्ययनमा आधारित प्रोएडर्सको लेख (सन् १९७८) ले श्रमको विभाजन बारे बडो रोचक तथ्य प्रस्तुत गरेको छ । उक्त लेखले नेपालमा जोत्ने काम पुरूषहरूले गरे तापनि अन्य कृषि कार्यहरू पुरूषहरूले भन्दा महिलाले बढी गर्दछन् भन्ने निष्कर्ष निकालेको छ, जबकि २०२८ को जनगणनाले कास्की जिल्लामा १० वर्ष र सो भन्दा माथिका महिलाहरू मध्ये ४९.३ प्रतिशत मात्र आर्थिक दृष्टिले सकृय देखाउंद छ भने सोही उमेरका पुरूषहरू मध्ये ७०.६ प्रतिशत आर्थिक दृष्टिले सकृय देखाउंद छ (तालिका ३४)।

प्रोएडर्सका अनुसार, बाटुले चउर गाउंमा कुनै जमिन्दार छैनन्, किनभने गाउंलेहरू सबैले स्वयं शारीरिक रूपमै कृषि कार्य गर्दछन् । गाउंमा बहुसंख्यक निवासीहरू माथिल्लो हिन्दू जातिका (बाहुन र क्षेत्री) छन् । कूल घर-परिवार संख्या मध्ये १७ प्रतिशत जग्गाविहिन छन् र ३७ प्रतिशत गरीब परिवार छन् जस्ले आफ्नो जग्गाबाट भएको उत्पादनले खान नपुगेर ज्यालादारीमा समेत काम गर्दछन् । प्रोएडर्सको लेखबाट उद्धृत तालिका ३२ र ३३ ले महिलाहरू कृषि काममा बढी संलग्न भएको देखाउंदछ ।

आउंदा पृष्ठहरूमा प्रस्तुत गरिएका तालिकाहरू र उद्धृत गरिएका मन्तव्यहरू अनुसार मगर र गुरूंग जातिहरूका महिलाहरूले पुरूषहरू सरह नै घर-परिवारको निर्वाह गर्ने काममा लाग्दछन् । जनगणना तथ्यांकले बढी मगर बस्ती भएका तनहुं र पाल्पा जिल्लामा काम गर्ने महिलाहरूको प्रतिशत बढी देखाएको छ तापनि यी तथ्यांकहरू पुरूषको तुलनामा अझै कम देखिन्छन् । गुरूंग र सेर्पा बस्ती भएको मनांग जिल्लामा महिलाहरूको आर्थिक गतिविधि दर ४५.३ प्रतिशत छ जबकि पुरूषहरूको ७४ प्रतिशत छ । यी समुदायहरूको विस्तृत अध्ययनहरूबाट उद्धृत गरिएका निम्न भागहरूले (passages) आपसी विरोधाभाषका विवरणहरू प्रस्तुत गरेका छन् ।

तालिका नं. ३२

## लिंग अनुसार कृषि कार्यको बांडफांट

(मध्य पहाडका बाहुन र क्षेत्री समुदायमा)

| | | प्राय: सँधै पुरुषहरूले मात्र गर्ने काम | सामान्यतया पुरुषले गर्ने काम | कुनै पनि लिंगले गर्ने काम | सामान्यतया महिलाले गर्ने काम | प्राय: सँधै महिलाले मात्र गर्ने काम |
|---|---|---|---|---|---|---|
| १ | जोत्ने | X | | | | |
| २ | खाद्यान्न बालिको बीउ छर्ने | X | | | | |
| ३ | विरूवा ओसार्ने | X | | | | |
| ४ | आली लाउने र कुलोको व्यवस्था मिलाउने | X | | | | |
| ५ | डोरी (दाम्लो) बाट्ने | X | | | | |
| ६ | खाद्यान्न बाली चुट्ने,ठटाउने | X | | | | |
| ७ | डल्ला फोर्ने | | | X | | |
| ८ | बाख्रा पाल्ने | | | X | | |
| ९ | कुखुरा पाल्ने | | | X | | |
| १० | धान काट्ने र बटुल्ने | | | X | | |
| ११ | धान बोक्ने | | | X | | |
| १२ | तरकारी लगाउने | | | | X | |
| १३ | मकै नंघाउने | | | | X | |
| १४ | बीउ रोप्ने (मकैको) | | | | | X |
| १५ | कोदो र धान रोप्ने | | | | | X |
| १६ | गोड्ने | | | | | X |
| १७ | मल बोक्ने | | | | | X |
| १८ | मल हाल्ने | | | | | X |
| १९ | कोदो ठटाउने | | | | | X |
| २० | मकै भांच्ने र बटुल्ने | | | | | X |
| २१ | कोदो (टिपेको) र भाचेको मकै बोक्ने | | | | | X |

स्रोत: ग्रोस्डर र ग्रोस्डर, सन् १९७८ ।

## तालिका नं. ३३

## लिंग अनुसार घरायसी कामको बाँडफाँट

(मध्य पहाडका बाहुन र चौत्री समुदायमा)

| | | प्राय: सँधै पुरुषहरूले मात्र गर्ने काम | सामान्यतया पुरुषले गर्ने काम | कुनै पनि लिंगले गर्ने काम | सामान्यतया महिलाले गर्ने काम | प्राय: सँधै महिलाले मात्र गर्ने काम |
|---|---|---|---|---|---|---|
| | दैनिक कामहरू | | | | | |
| १ | घर र आँगन सफा गर्ने | | | | | X |
| २ | घर लिप्ने | | | | | X |
| ३ | पानी ल्याउने | | | | | X |
| ४ | खाद्यान्न कुट्ने र दल्ने | | | | | X |
| ५ | भात पकाउने | | | | | X |
| ६ | भाँडा-कुँडा माझ्ने | | | | | X |
| ७ | गाइवस्तुलाई खुवाउने | | X | | | |
| ८ | गाई-भैंसी दुहुने | | X | | | |
| ९ | केटाकेटीको स्याहार, सम्भार गर्ने | | | | X | |
| | मौसम अनुसारको कामहरू | | | | | |
| १० | घर बनाउने | X | | | | |
| ११ | घर छाउने | X | | | | |
| १२ | गाईबस्तुको गोठ बनाउने | X | | | | |
| १३ | बार लगाउने | X | | | | |
| १४ | बाँस काट्ने | | X | | | |
| १५ | डोको मान्द्रो बुन्ने | | | X | | |
| १६ | नाकै दाउरा काट्ने | | | | X | |
| १७ | घरसिंगार्न माटो बोक्ने | | | | | X |
| १८ | घर सिंगार्ने | | | | | X |
| १९ | जंगल दाउरा काट्न जाने | | | | | X |

स्रोत: <u>ग्रोस्डर</u> <u>र</u> <u>ग्रोस्डर</u>, सन् १९७८ ।

## तालिका नं. ३४

### छानिएका जिल्लाहरूको भाषा समूह र गतिविधि दरहरू

(१० वर्ष र माथिको जनसंख्यामा)

| जिल्ला | मुख्य जनसंख्या समूह (हजारमा) | | | | कुल | गतिविधि दर प्रतिशतमा | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | पुरुष | महिला |
| ताप्लेजुंग | नेपाली ३६ | गुरुंग र राई ३७ | सेर्पा र तामांग ७ | अन्य ५ | ८५ | ८४.५ | ५६.८ |
| पांचथर | नेपाली ६५ | लिम्बू ६७ | तामांग ८ | अन्य ६ | १४६ | ८४.[illegible] | ५२.७ |
| सोलोखुम्बू | नेपाली ५३ | राई २६ | सेर्पा १८ | अन्य ८ | १०५ | ७६.२ | ५३.१ |
| मनांग | गुरुंग ४ | सेर्पा १ | - | अन्य २ | ७ | ७४.१ | ४५.३ |
| लमजुंग | नेपाली ९६ | गुरुंग ३७ | तामांग ५ | अन्य २ | १४० | ७५.६ | ४२.८ |
| तनहुं | नेपाली १०४ | मगर २९ | गुरुंग १३ | अन्य १२ | १५८ | ८०.७ | ५८.६ |
| कास्की | नेपाली ११८ | गुरुंग २६ | नेवार ४ | अन्य ४ | १५२ | ७०.६ | ४९.३ |
| पाल्पा | नेपाली १३४ | मगर ६६ | नेवार ७ | अन्य २ | २१२ | ७७.८ | ६०.० |
| कैलाली | थारू १०४ | नेपाली २३ | - | अन्य २ | १२९ | ८८.५ | २३.५ |

स्रोत: राष्ट्रिय जनगणना, २०२८, ३(१): तालिका नं. १६ ।

पोखरा नगिचै बस्ने मगरहरूको बारेमा अध्ययन गर्नु भएका जोहन टी. हिटचकका अनुसार अन्नपूर्णाको दक्षिणी भेग (पाल्पा र तनहुं) मा लिंग अनुसार कामको विभाजन गरिएको छैन (हिटचक, सन् १९६६: ४५) । उहांले यसरी उल्लेख गर्नु भएको छ:

> जोत्ने जस्ता केही कामहरू पुरूषहरूले मात्र गर्दछन् । तर अन्य धेरै कामहरू पुरूष र महिला दुवैथरी मिलेर गर्दछन् । माछा मार्ने काम लोग्ने-स्वास्नी दुबैले गर्दछन् । हुन त स्वास्नीमान्छेले नै धेरैजसो ढिकीमा धान कुट्ने काम गर्दछन् तर पनि कहिले-काहिं लोग्नेमान्छेले कुट्ने र स्वास्नीमानिसले ओखल अगाडि बसेर धानको घान लगाउने र कुटेको धानको भूस निफन्ने काम गरेको देखिन्छ । छोरी नभएका लोग्नेमान्छेहरूले स्वास्नी नछुने भएको समयमा भात पकाउने गर्दछन् र यसरी पकाउने कार्य स्वास्नीमान्छेको लागि छुट्याएको भए तापनि लोग्नेमानिसले समेत सिकेका हुन्छन् । लोग्नेमानिसहरू डफ्फा मिलेर नजिकको शहरमा किन-बेचका लागि जांदा आफ्नो साथमा खानेकुरा लिएर जान्छन् अनि आफै पकाउंछन् ।

म्याकफरलेन (सन् १९७६) ले तिब्बती-वर्मन समूहका गुरूंगहरू बारेको आफ्नो अध्ययन प्रतिवेदनमा श्रम विभाजन बारे निकै घतलाग्दा तथ्यहरू दिनु भएको छ । तालिका नं.३५ मा उहांले श्रम विभाजन सम्बन्धी दुई गुरूंग परिवारबाट संगाल्नु भएका तथ्यांकहरू प्रस्तुत गरिएका छन्, ती मध्ये एउटा परिवार अति गरीब र अर्को परिवार मध्यम् आम्दानी समूहको थियो । म्याक फरलेनको परिभाषा अनुसार "खेती कार्य" अन्तर्गत बाली उत्पादनका लागि प्रत्यक्ष काम गर्ने मात्र नभई खाद्यान्न पिस्ने जस्ता कार्य पनि समावेश छ । "अन्य कार्य" अन्तर्गत घरायसी काम, गाइबस्तुको हेरविचार आदि पर्दछ भने अन्य गतिविधि अन्तर्गत पोखरा जानु, आराम गर्नु, पूजाआजा गर्नु, आदि पर्दछन् ।

खेती र अन्य कार्य दुबैलाई जोडी हेर्दा गुरूंग समुदायका महिलाहरूले पुरूषहरूको तुलनामा बढी समय काममा बिताएको देखिन्छ (तालिका नं. ३५) । दुबै परिवारमा पुरूष र महिलाले खेती कार्यमा लगाएको समय बराबरै छ, तसर्थ यदि पुरूषहरूलाई आर्थिक दृष्टिले सकृय मान्ने हो भने महिलालाई पनि सकृय मान्नु पर्दछ ।

नेपालका गुरूंगहरूको बारेमा गरिएको अर्को अध्ययन (एन्होर्स, सन् १९७६) ले पनि गुरूंगसीनिहरू खेती र घरायसी काममा अति व्यस्त हुन्छन् भन्ने म्याकफरलेनको निष्कर्षलाई पुष्टि गर्दछ । एन्होर्सले बुढी गुरूंगसीनीको दैनिक कामको विस्तृत विवरण दिएर लेखेको अंश यहां उद्धृत गर्नु प्रासंगिक हुनेछ ।

> विहान ५ या ५:३० बजे जब आमा वा घरको जेठी स्वास्नीमान्छेले उठेर विहानको खाना तयार गर्न आगो फुक्न थाल्छिन् त्यसबेला देखि औषत दिन शुरू हुन्छन् । परिवारको आम्दानीले पुग्ने भएमा उनले तातो चीया तैयार पार्छिन ........ आमाले खाना तयार गर्छिन ....... चामल र दाल पखालेर पकाउंछिन्, मसला पिस्छिन् र तरकारी सफा गरेर पकाउंछिन् । यदि कुनै दिन परिवारमा नोकर वा ज्यालामा काम गर्ने खेताला भए उनलाई पनि खुवाउनु पर्दछ । यस्तो दिनमा

तालिका नं. ३५

दुई गुरुंग परिवारमा गरिने कामहरू सन् १९६६[+]

(९ घण्टाको काम गर्ने दिनमा)

| | उमेर | परिवार नं. १ | | | उमेर | परिवार नं. २ | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ५ अप्रिल -३ जुलाई (१४-२६ मई बाहेक) | | | | | | |
| | | खेतबारीको काम | अन्य काम | अन्य गतिविधि | | खेतबारीको काम | अन्य काम | अन्य गतिविधि |
| बाबा | ५५ | ४५ | १५ | १७ | ५९ | ६५ | ५७ | ६२ |
| आमा | ४९ | ४२ | २२ | १३ | ४२ | ६६ | ९२ | २३ |
| छोरो | १८ | ४४ | १४ | १९ | २१ | ३४[1] | ४५ | १३ |
| छोरी | १६ | २९ | २४ | २४[2] | १८ | १०२ | ६९ | १३ |
| छोरी | १४ | ३ | ५८ | १६ | – | – | – | – |
| छोरो | ९ | ० | २६ | ५१ | १५ | ९७ | १२३ | ४६ |
| छोरी | ७ | ० | ० | ७७ | १२ | एउटा सानो बच्चा स्वभावको | | |

स्रोत: म्याक फार्लेन, सन् १९७६: तालिका नं. ७.१४ र ७.१५ ।

१ अवलोकनको मध्य अवधिमा सैनिकमा गएको ।

२ धार्मिक शेर्पा नाचका लागि ८ दिन सम्म जान परेको ।

+ वर्ष, महीना र तारीखमा भएकोले अनुवाद नगरी जस्ताको तस्तै राखिएको ।

अरू दिन भन्दा बढी पकाउनु पर्दछ .... खाना पकाई रहेको बेलामा आमा अथवा अरू कुनै प्रौढ मान्छे भैंसी दुहुन जान्छ (पृष्ठ ६३-६४)। अति नै बढी काम भएको बेलामा परिवारका केहि सदस्यहरू खेत मैं सुत्दछन् । खेतमा राती नबसेका सदस्यहरू पनि विहानै देखि खेतमा काम गर्न जान्छन् र उनिहरूलाई खानेकुरा उहिं खेत मै अरू सदस्यले लगि-दिन्छन् । खेत रोप्ने बेलामा घरका सत्र वर्ष वा सो भन्दा केहि बढी उमेर पुगेका केटीहरू विहान ६:३० बजेनै खेतमा पुग्दछन्। ६ बजे सम्ममा उनिहरूले दिनभरीलाई रोप्न पुग्ने धानको बीउ काढी सकेका हुन्छन् र लोग्नेमान्छेहरूले जोति हिल्याई ठीक्क पारेका गरा खेतमा लगातार धान रोपी रहन सक्छन् (पृष्ठ ६४-६५) ।

करिब ६ बजेतिर घरका केटाकेटीहरूको मदत लिएर बिहानको जूठो भाँडा र थालहरू माझि सक्दछन्। खेतमा जानु नपर्ने बुढी स्वास्नीमान्छेले आगनमा ठूलो गुन्द्री फिंजारेर धान, मकै अथवा कोदो राम्ररी सुकाउँछिन् । सुकाएको अन्न कुखुराहरूबाट जोगाउनका लागि उनले दिनभरी अन्न तर्फ दृष्टि लगाई रहन्छीन् ।

मानिसहरूले उपरोक्त क्रीयाकलापका अतिरिक्त लुगा सिउने र टाल्ने, बुन्ने, बाल-बच्चा हेर्ने अथवा घर लिप्ने जस्ता कार्य पनि गर्दछन् (पृष्ठ ६५-६६) । अझै पनि समय छ र छिमेकीको ढीकी खाली छ भने उनी दिउँसो सुकाएको अन्न कुट्न वा फल्न जान्छिन् । तर यदि खेतमा केही काम गर्नु पर्नेछ भने, यो काम पछिलाई राखिन्छ (पृष्ठ ६६) ।

कठिन कार्य गर्न सक्ने बलिया मानिस भएमा घरको बुढी आइमाई सामान्यतया दिनदिनै खेतमा जाँदिनन् । उनले धेरैजसो समय घरायसी काम र केटाकेटीहरूको देखभालमा विताउँछिन् । उनलाई खेतमा नगई नहुने अवस्था परेमा ८ देखि १२ वर्ष सम्मका केटा-केटीलाई २-३ वर्षका बच्चा हेर्ने जिम्मा लगाउँछिन् ।

केहि परिवारहरूमा आमाले घरको वरिपरि हुने जहानका लागि दिनको खाजा (अर्नि) तयार पार्छिन् .... । साँझको खाना तयार पार्ने काम ५:३० बजे वा ६:०० बजे शुरू हुन्छ (पृष्ठ ६६-६७) ।

बेलुकीको खाना साधारणतया ८ बजे सकिन्छ तर स्वास्नीमान्छेले भने बाँकी बचेको खाना राख्ने, भाँडाकुँडा माझ्ने र भान्सा सफा गर्ने कार्यमा अर्को एक घण्टा बिताउँछन् । पाका मानिसहरू वरिपरि बसेर आउँदा केहि दिनको कार्य योजना बनाउँदै लोग्नेमान्छेहरू डोको बुन्ने र स्वास्नीमान्छेहरू उनिको धागो कात्ने गर्दछन्। पाका मानिसहरू १०:३० वा ११ बजे सुत्न जान्छन् र जवान ठिटाठिटीहरू नाचगान तथा अन्य रंगरशका लागि घर बाहिर लाग्दछन् (पृष्ठ ६७-६८) ।

उपरोक्त पृष्टभूमिमा हेर्दा जनगणना तथ्यांकले देखाएको कास्की, तनहुं र लमजुंग जिल्लाका पुरूष र महिलाको आर्थिक गतिविधि दरहरू बीच देखाएको ठूलो अन्तर प्रश्नसूचक छ (तालिका नं. ३२) ।

नेपालको पहाडी जनसंख्यामा लिम्बू जाती अर्को महत्वपूर्ण समूदाय हो । पूर्वी पहाडका लिम्बूहरू बारेको अध्ययन (जोन्स र जोन्स, सन् १९७६) बाट लिम्बू महिलाहरू अन्य समूदायका महिलाहरू भन्दा बढी स्वतन्त्र देखिएका छन् । श्रमको विभाजन अनुसार पनि महिलाहरू घरायसी काममा मात्र सीमित छैनन् र धेरै सामाजिक बन्धनबाट स्वतन्त्र छन् । श्रम विभाजनका बारेमा उक्त अध्ययनले यसरी लेखेको छ:

> खेत रोप्ने, खेतीपाती लगाउने र बाली काट्ने समयमा लोग्नेमान्छे, स्वास्नीमान्छे र केटाकेटीहरू सबैले सँगै खेतबारीमा काम गर्दछन् । अरू समयमा, लोग्नेमान्छेहरूले घर बनाउने, घर छाउने, अन्न राख्ने भकारी बनाउने, डोको बुन्ने, तानको चौकोस बनाउने र गाइबस्तुको लागि डुंड बनाउने गर्दछन् जबकि स्वास्नीमान्छेहरू लोग्ने-मान्छेहरूलाई घर बनाउन वा मरमत गर्दा आवश्यक पर्ने काठ, बांस, माटो, ढुंगा, पानी र अन्य मालसामानहरू ओसार्दछन् । खेतीपाती लगाउने काममा लोग्नेमान्छे-हरूले जोत्ने र जग्गा तयार पार्ने गर्दछन् भने स्वास्नीमान्छेहरूले डल्ला फोर्ने, गराहरू टालटूल पार्ने, बीउ छर्ने र धान रोप्ने गर्दछन् । गोरूबाट गरिने काम भने लोग्नेमान्छेले मात्र गर्दछन् । उनिहरूले पनि जोत्ने काम सकिएपछि रोप्ने काम गर्दछन्। बालीनाली जोगाउने काम सबै परिवारको संयुक्त प्रयासमा हुन्छ ।
>
> धागो कात्ने र लुगा बुन्ने लिम्बू स्वास्नीमान्छेको परम्परागत काम हो, र डोका-डाला कहिलेकांही लोग्नेमान्छेले बुने पनि गुन्द्री चाहिं स्वास्नीमान्छेले मात्र बुन्दछन् ....... ।
>
> घरमा भएका बखत पकाउने काम स्वास्नीमान्छेले गर्दछन्, तर टाढा काममा जांदा स्वास्नीमान्छेहरू लामो हिडाइको कारण थकित हुन्छन् भन्ने धारणा लिई प्रायश: लोग्नेमान्छेले पकाउंदछन् । केटाकेटीका साथ टाढा घुम्न जांदा धेरैजसो सामान स्वास्नीमान्छेहरूले बोक्दछन् । चाडबाडको बेला र धेरै मानिसहरूलाई ख्वाउनु परेको बेलामा लोग्नेमान्छेहरूले पनि पकाउने काममा सहयोग गर्छन ।
>
> घरको दैनिक कामहरू प्राय: सबैजसो लिम्बू स्वास्नीमान्छेले गर्दछन् । सफा गर्ने, पकाउने, खुवाउने, केटाकेटीको हेरविचार गर्ने, गाईबस्तुलाई घांस हाल्ने र हेर्ने काम उनैले गर्छिन । यसका अतिरिक्त खान र पकाउन आवश्यक पर्ने पानी र भात पकाउनको लागि आवश्यक पर्ने दाउराको व्यवस्था पनि उनैले गर्छिन ।
>
> हिउंदको बेलामा धागो कात्ने, बुन्ने र वर्षभरिको लागि दाउरा संग्रह गर्ने गर्दछिन् । तोरीको तेल पेल्ने, चामल फल्ने, फड्किने र बिक्रीको लागि रक्सी बनाउने जस्ता कामहरू पनि यसै बेलामा गरिन्छ । धेरै चाडबाड र विवाहहरू पनि यसै समयमा पर्ने हुनाले विस्तृत तयारी गर्ने काममा पनि उनी व्यस्त हुन्छिन् ।
>
> लोग्नेमान्छेहरूले घरको मरमत र चर्खा, तानहरू सम्बन्धी औजार बनाउंदछन् । केही लोग्नेमानिसहरूले नेवार पसलेहरूको लागि सामान बोकिदिने जस्ता याम अनुसारको

काम पनि गर्दछन् । अरूहरू नून, कपास, धागो किन्न नजिकै भारतको तराई क्षेत्रमा जान्छन् र ती मालहरू साप्ताहिक हाट-बजारमा बेच्दछन्, थोरै मान्छेले मात्र ती क्षेत्रहरूमा हिउँदे काम पाउँदछन् (पृष्ठ २५-३०) ।

जनगणना तथ्यांक अनुसार लिम्बू बस्ती भएको ताप्लेजुंग र पाँचथर जिल्लामा महिलाहरूको गतिविधि दर क्रमश: ५६.८ र ५२.७ छ । पुरूषहरूको गतिविधि दर ८४.५ र ८४.७ छ । माथि उल्लेखित महिला गतिविधि दर देशका अन्य भागहरूको तुलनामा बढी देखिए तापनि यी दरहरू लिम्बू समुदायका पुरूष र स्त्रीको कार्य विभाजनको परिप्रेक्षमा हेर्दा अझै निकै कम देखिन्छन् । जनसंख्या तथ्यांकबाट महिलाहरूको भन्दा पुरूषहरूको गतिविधि दर बढी देखिनुको कारण गणकहरूको पुरूषहरू प्रतिको एकतर्फी झुकाउ हुनु पर्दछ ।

अजिजले गरेको नेपाल-तिब्बत सीमानाको एक गाउँको अध्ययन (सन् १९७८: १०८-१०९) बाट नेपालको हिमाली क्षेत्रमा बस्ने शेर्पा र तिब्बती भाषा बोल्ने बुद्ध धर्मावलम्बी समुदायहरूको काम गर्ने परिपाटि बारे केही जानकारी पाइन्छ:

> डिइंग्रीमा घर-परिवार नै एउटा प्राथमिक आर्थिक एकाई हो । घर-परिवारले नै उत्पादन गर्ने, कर तिर्ने, जग्गा लिने र राजनैतिक प्रतिनिधित्व गर्ने गर्दछ तसर्थ घर-परिवारका सदस्यहरू बीचको आपसी सहयोग घरको सम्पन्नताको लागि महत्वपूर्ण कारक हुन्छ ।
>
> घरको प्रत्येक प्रौढ सदस्यहरूमा छुट्टा-छुट्टै कामको विभाजन गरिएको हुन्छ । कार्य विभाजन लिंगमा आधारित हुँदैन । उदाहरणका लागि, पुरूषहरूलाई तीन उत्पादनशिल कार्यहरू खेतीपाती गर्ने, गाइबस्तु हेर्ने र किनमेल (व्यापार गर्ने) मध्ये कुनै एक कार्य गर्न लगाइन्छ । बुढापाका पुरूषहरूले कर तिर्ने र गाउँसभामा घरको प्रतिनिधित्व गर्दछन् । घरको सबभन्दा जेठो, लोग्ने वा स्वास्नीमान्छे, साधारणतया परिवारको संरक्षक हुन्छ । थोरै लोग्नेमान्छे भएको घरमा स्वास्नी-मान्छेहरूले गाइबस्तु हेर्ने काम सम्हाल्दछन् । यसका लागि महिलाहरूलाई गौचरमा गाइबस्तुको हुल सँगै बस्नु पर्ने हुन्छ तापनि तिनीहरू त्यत्ति कठीन मान्दैनन् । ग्रामीण महिलाहरूले बाली खेती तर्फ पनि प्रशस्त काम गर्दछन् ..... ।
>
> व्यापारिक लेनदेन सम्बन्धी कार्य गाउँले महिलाको कार्य क्षेत्र भन्दा बाहिर परे पनि शहरि (बजारिया) महिलाको लागि नौलो हुँदैन । डिइंग्रीका बजारिया महिलाहरू वाणिज्य र व्यापारमा सक्रिय रूपले सहभागी हुन्छन् र व्यापारको सिल-सिलामा कहिलेकाहीं शिकात्से र ल्हासा भ्रमण गर्न जान्छन् । यो काम साधारणतया जेठी महिलाले गर्दछिन् र अरू साना-तिनाले घरायसी काम र स्थानीय व्यापार गर्दछन् । जवान महिलाहरू, जबसम्म साहसिलो उद्यम गर्न सक्षम हुँदैनन्, तबसम्म आफ्नो आमा वा सासुको निगरानीमा काम गर्दछन् ।





दिनभरीको रोपाईपछि पनि बेलुकीको खाना पकाउने, पानी ल्याउने र भाँडा सफा गर्ने जस्ता कामहरू अझ बाँकी नै छ।

फोटोः डेविड ससून

अघिल्लो पृष्ठमाः

मुस्ताङ्ग जिल्लाकी एउटी तिब्बती भाषा बोल्ने नेपाली महिलाले आफ्ना बालबच्चा नजिकै सुताएर ऊनको लुगा बुन्दैछिन्।

फोटोः आन हालण्ड

समस्टी रूपमा हेर्दा महिला र पुरूषहरूको काममा खास भिन्नता देखिँदैन । परिवारले आफ्ना आर्थिक कार्यकलापलाई विकेन्द्रीकरण गर्नु महत्वपूर्ण हुन्छ र त्यसै अनुरूप श्रमको विभाजन गर्नु पर्दछ । यस प्रकृयाबाट परिवारका सदस्यहरूले आफ्नो रूचि र सामूहिक आवश्यकतानुसार एक वा दुई क्षेत्रमा विशेषता हासिल गर्ने अवसर प्राप्त गर्दछन् । कुनैपनि कार्य एकलौटी वा अपरिवर्तनीय हुन सक्दैन । डिइंगी परिवारले आर्थिक सफलता हासिल गर्न सकेको मुख्य कारण नै अन्य क्षेत्रमा एक लिंगले मात्र गर्ने गरेको कार्यकलाप त्यहाँ दुबै लिंगले सफलतापूर्वक गर्न सकेकोले हो ।

जनगणना तथ्यांक अनुसार तराइमा महिलाहरूको आर्थिक गतिविधि दर १३ प्रतिशत मात्र छ । अवधि, मैथीली र भोजपुरी भाषा बोल्ने वा थारू महिलाको अध्ययन ग्रोस्डसैले बाहेक अरू कसैले गरेका छैनन् । तराईका नेपाली हिन्दु महिलाहरूको लागि भने श्रीनिमास (सन् १९७६) ले भारतको उत्तरी क्षेत्रका महिलाहरूको बारेमा लेखेका धेरै कुराहरू लागू हुन्छन् । उनले लेखेका छन्: कृषि र गैर कृषि दुबै कामहरूमा स्पष्ट रूपले लिंगहरूको बीच श्रम विभाजन गरिएको छ (पृष्ठ १०) ।

एक लिंगले अर्को लिंगको सहयोग विना काम चलाउन सक्दैन । महिलाहरूको भूमिका सम्बन्धी आफ्नो विश्लेषणमा श्रीनिमास (सन् १९७६: ८) ले घर परिवारलाई निम्न-अनुसार चार समूहमा वर्गिकरण गरेका छन्:

(१) ठूला भूमिपतिहरू जस्ले अरूले गरेको कामको निरीक्षण गर्दछन् र स्वयं कुनै शारीरिक परिश्रम पर्ने काम गर्दैनन् ।

(२) साना भूमिपतिहरू जस्ले आफ्नै वा मोहियानी जग्गामा ज्यालामा कामदार समेत लगाएर काम गर्दछन् ।

(३) मोहिहरू जस्ले मोहियानी जग्गा कमाउँदछन् र साथै ज्यालादारीमा अरूहरूको काम पनि गर्दछन् ।

(४) जग्गाविहिन कामदारहरू ।

उनको भनाई अनुसार माथि उल्लेख गरिएका सबै समूह परिवारमा स्वास्नीमान्छेले नै सबै सदस्यहरूको लागि कम्तिमा पनि दिनको दुई पटक खाना पकाउने र खुवाउने गर्दछन् र ग्रामीण भारतमा पकाउने भन्नाले घरमा उत्पादन गरेको वा किनेको अन्नको तयारी (कुट्ने, पिस्ने, सफा गर्ने) समेत पर्दछ । स्वास्नीमान्छेले खेती सम्बन्धी सानातिना धेरै कामहरू समेत गर्दछन् । गोड्ने, रोप्ने जस्ता काम स्वास्नीमान्छेले मात्र गर्दछन् भने बाली काट्ने वा स्याहार्ने काम पुरूष वा महिला यसैले मात्र गर्दछ भनि छुट्याउन धेरै कठीन पर्दछ (श्रीनिमास, सन् १९७६, ९) ।

बाली स्याहारी सकेपछि हिउँदमा, जग्गाविहिन महिला र पुरूष दुबैलाई सडक र नहर मरमत गर्ने ठेकेदारहरूले काममा लगाउँदछन् र कहिलेकाहिं धनि परिवारहरूले विशेष कामका लागि उनिहरूलाई ज्यालादारिमा लगाउँदछन् । महिला र पुरूष दुबैका लागि ज्यादारिमा काम गर्नु सामाजिक दृष्टिले निम्नस्तरको ठानिने हुनाले जस्ले सो नगरी निर्वाह गर्न सक्दछन् उनिहरूले अरूको लागि ज्यालादारिमा काम गर्दैनन् । जो आर्थिक दृष्टिले सम्पन्न र भूमिपति छ उसले उतिनै कम शारीरिक परिश्रम पर्ने कार्य गर्दछ ।

धान रोप्ने बेलामा जग्गाविहिन कामदार महिलाहरू बिहानको ४ बजे नै उठ्दछन् र खेतमा जानु अघिनै भात पकाउँदछन् । भारतको उत्तरी भेगमा धान रोप्ने काम अति कठीन छ, कारण यसका लागि महिलाहरूले ६ इन्च जति पानीमा उभिएर दिनको आठ घण्टा सम्म एक।एक धानको बीउ रोप्दै पछिपछि हट्दै जानु पर्दछ र पूरा दिन यस किसिमको श्रम गरिसकेपछि पनि उनिहरूले आफ्नो परिवारको लागि बेलुकिको खाना पकाउनु पर्दछ ।

उत्तरी बिहारका महिलाहरूले गर्ने परिश्रम बारे औलिभिआ स्टोकस् (सन् १९७५: २१६) ले गरेको अध्ययनले पुष्टि गर्दछ । स्टोकस्ले बिहारको एउटा जग्गाविहिन परिवारको दुइवटा बच्चा भएकी महिलालाई उनको काम गर्ने दिनको बारेमा अन्तर्वार्ता लिएकी थिइन। उनको भनाई अनुसार ती महिलाको दिन बिहान ४ बजेदेखि नै शुरू हुन्छ । ती महिलाको उत्तर यस प्रकार छ:

> मैले पहिला भांडा माझ्नु र बढार्नु पर्दछ । त्यसपछि म इन्धनका लागि दाउरा र गुइंठा बटुल्न र गोरूहरूको लागि घांस काट्न जान्छु । घरमा खाद्यान्न भए दिउंसोको खाना पकाउंदछु, नभए त्यसै बस्छु वा सुत्छु । सुत्नाले सजिलो हुन्छ, किनभने सुतेको बेलामा छोराछोरीहरूले भोक लाग्यो भनी कराएको सुनिदैन । दिउंसो म फेरि गोरूहरूको लागि घांस बटुल्न जान्छु र त्यसपछि खाद्यान्न भए सांझको खाना तयार गर्छु । आवश्यकता परेमा मैले खेतमा पनि काम गर्दछु । खेतमा खासगरी धान रोप्ने, मल छर्ने, मकै गोड्ने र बालि स्याहार्दा मद्धत गर्ने काम गर्दछु ।

ती महिलाले जमिन्दारको पनि काम गर्दथिन् भनी स्टोकसले लेखेकी छन् । तर हाल उनको बालबच्चा हेरिदिने कोही नभएकाले उनले त्यो काम छोड्नु प-यो । अन्तर्वार्ता दिने ती महिलाले, पुरूषहरूले गाह्रो कामहरू गरे तापनि महिलाहरूले धेरै काम गर्दछन् भन्ने विचार व्यक्त गरेकी थिइन् ।

नेपालको तराईका जग्गावाल धनी परिवारका महिलाहरूले उत्तरी बिहारका महिलाले जस्तो खेतमा काम गर्दैनन्, न त उनिहरूका लोग्ने शारीरिक परिश्रम पर्ने काम नै गर्दछन् । लोग्नेमान्छेहरूले खेतीपातीको निरीक्षण र बन्दव्यापार सम्बन्धी कामहरू हेर्दछन् भने स्वास्नीमान्छेहरूले घरको व्यवस्था मिलाउने, घरका परिवार र ज्यालामा लगाएका कामदारहरूको लागि पकाउने र खुवाउने काम गर्दछन् । यस्ता धनी श्रेणीका परिवार निकै

कम छन् (तालिका नं. ३६) । तराईका ६७ प्रतिशत परिवारहरू संग ज्यादै कम जग्गा छ र धेरै कमले मात्र काम नगरी निर्वाह गर्न सक्छन् । त्यसकारण जनगणना तथ्यांकले तराईमा देखाएको १३ प्रतिशत महिला गतिविधि दर माथि शंका गर्न प्रसस्त गुन्जायस छ ।

तालिका नं. ३६

<u>तराईमा जग्गाको स्वामित्व</u>

| जग्गाको स्वामित्व | प्रतिशत |
| --- | --- |
| ०.६७ हेक्टर भन्दा कम | २४.० |
| ०.६७ - १.६६ | २२.८ |
| १.६६ - ३.३६ | २१.० |
| ३.३६ - ५.०८ | ६.८ |
| ५.०८ - ६.७७ | ६.८ |
| ६.७७ - १०.१६ | ७.१ |
| १०.१६ - १३.५४ | ४.१ |
| १३.५४ - देखि माथि | ४.४ |
| तराईको सबै समूह | १००.० |

स्रोत: <u>एग्रीकल्चरल</u> <u>सेक्टर</u> <u>सर्भे</u>, सन् १९७४, १ (एपेन्डिक्स): ५ ।

सुदूर पश्चिम नेपालको मुख्य थारू बस्ती भएको कैलाली जिल्लामा जनगणनाले देखाएको २३.५ प्रतिशत महिला गतिविधि दर छिमेकी भारतका (श्रीवास्तव, सन् १९५८) थारू मध्येका महिलाहरूले गर्ने कामको परिपाटी संग तुलना गर्न अझ रोचक हुनेछ । उक्त अध्ययन उत्तर-पश्चिम भारतमा पर्ने सिम्लाको पहाडी शहर नजिकैका ६ जिल्लाहरूमा गरिएको थियो र सो अध्ययनले ती (थारू) समुदायका महिलाहरूमा कामको बोझ **अत्यन्तै** बढी भएको दर्शाउंदछ । श्रीवास्तवले अध्ययन गरेका थारूहरू जस्तै नेपालका थारूहरूको पनि एउटै उत्पत्ति र उस्तै प्रथा, परम्परा र कामको परिपाटी छ । दुबै समुदायको लागि कृषि नै मुख्य जीवन निर्वाह गर्ने स्रोत रहेको छ ।

तालिका नं. ३७ मा देखाइएका श्रम विभाजन सम्बन्धी विवरणहरू (सूचनाहरू) ले

तालिका नं. ३७

थारू समुदायमा लिंगहरूका बीच श्रमको विभाजन

| | पुरूष | महिला | दुबै |
|---|---|---|---|
| १ कृषि | खेत खन्ने र जोत्ने काम, बीउ राख्ने, रातमा बालीको हेरविचार गर्ने र बाली थन्क्याउने | बीउ छर्नका लागि बीउ तयार गर्ने, खेत गोड्ने लोग्ने मानिसहरूका लागि खेतमा भात लैजाने, मकै थन्क्याउने, खोस्ट्याउने र दल्ने । | बीउ बोकेर बीउ छर्ने, खेतमा लैजाने र कुनै समय बीउ छर्न मद्दत गर्ने, बाली स्याहार्ने, अन्नको बाला बाध्ने, बोक्ने र फड्फडाउने, मकैबारीको काम गर्ने । |
| २ शिकार गर्ने, भेला हुने र माछा मार्ने | - - | बनबाट जंगली फलफूल र जराहरू जम्मा गर्ने । | माछा मार्ने । |
| ३ जन्तुको हेर-विचार र कुखुरापालन | गाईबस्तु हुर्काउने र चराउने, बनबाट दाउरा ल्याउने । | दही र घ्यू तयार गर्ने । | गाई, भैंसी दुहुने, कुखुराको व्यवसाय गर्ने । |
| ४ उद्योग र हस्तकला | दाम्ला,डोरी, जाली, पासो, बाजा बनाउने, काठको काम र धातुको काम गर्ने । | डोका, डाली बनाउने, माटाका भांडा बनाउने । | - - |
| ५ खाद्यान्नको तयारी विधी | - - | सबै किसिमका अन्नहरू दल्ने र कुट्ने | - - |
| ६ घरायसी काम | नयाँ घर बनाउने र पुरानो मर्मत गर्ने, फाँक्री सम्बन्धी कर्मकाण्ड र धार्मिक कामहरू गर्ने, ज्यालादारीमा र सेवामा काम गर्ने । | खाना पकाउने र कुवाबाट पानी ल्याउने, आफ्नो र बच्चाका कपडा सीउने, गारो पोत्ने र कलात्मक नमूना बनाउने र त्यसमा बुट्टा बनाउने । | - - |

स्रोत: श्रीवास्तव, सन् १९५८ ।

थारू अर्थतन्त्रमा पुरूष र महिला दुबैथरी बराबर सहभागी हुने देखाउंदछ । के सीमानग्र वारी नेपालको कैलाली जिल्लामा थारूहरूको श्रम विभाजन भारतका छिमेकी थारू समुदाय-हरूको भन्दा त्यस्तो धेरै फरक छ जबकि १० वर्ष र सो भन्दा माथिका पुरूष थारूहरू मध्ये ८८.५ प्रतिशत आर्थिक दृष्टिले सकृय छन् भने उही उमेर समूहका महिलाहरू मध्ये खाली २३.५ प्रतिशत मात्र आर्थिक दृष्टिले सकृय छन् ?

हुन त रजौरियाले गरेको दांग उपत्यकाका थारूहरूको अध्ययन (रजौरिया, सन् १९७८) प्रतिवेदनले लिंगहरूका बीचको श्रम विभाजन बारे विस्तृत वर्णन गरेको छैन, तापनि कामको परिपाटी सम्बन्धी अन्य कतिपय अध्ययन अनुसार पारिवारिक अर्थतन्त्रको संभार र पुनरूत्पतिमा नेपालका तराई थारू महिलाको योगदान भारतका थारू महिलाको बराबर छ ।

यसरी नेपाल अधिराज्यको धेरैजसो समुदायमा कृषिको धेरैजसो कार्य र केही वाणिज्य र व्यापारको कामका साथै धेरैजसो उद्योगहरू महिलाहरूले नै सन्चालन गर्दछन् । नेपालका प्रमुख बालीहरू मध्ये धान, मकै, कोदो, जौ र आलुको हेरविचार र गोडमेल गर्ने उत्तरदायित्व महिलाको नै रहेको छ । उदाहरणका लागि, तराईका केही छानिएका जिल्लाहरूको धान उत्पादन सम्बन्धी तथ्यांकले जग्गा तयार गर्नेदेखि बाली स्याहार्ने सम्मको उत्पादन प्रकृयाको कुल श्रम मध्ये ८७ देखि ९३ प्रतिशत श्रम धान रोप्न, गोड्न र स्याहार्न मात्र लाग्दछ (तालिका नं. ३८) । त्यस्तैगरी मकै र आलु खेतीका लागि लाग्ने कुल जन-श्रमको अधिकांश श्रम गोड्न र स्याहार्न (प्राय: महिलाहरूले गर्ने काम) लाग्दछ । करेसा बारीको संभार र हेरविचार, जसबाट परिवारलाई आवश्यक पर्ने पौष्टिक तत्व प्राप्त हुन्छ, पूर्णतया महिलाहरूले गर्दछन् । जो महिलाहरू यी आवश्यक निर्वाह गर्ने गतिविधिमा सहभागी हुन्छन् ती आर्थिक दृष्टिले सकृय जनसंख्यामा ज्यादै कम मात्रामा समावेश गरिन्छन्।

सारांशमा, शारीरिक रचना शास्त्र (Anthropology) सम्बन्धी अध्ययनहरूले जन-गणना प्रतिवेदनमा उल्लेखित महिलाहरूको आर्थिक गतिविधि दरहरू वास्तविकता भन्दा अत्यन्तै कम छन् भन्ने कुरा सूचित गर्दछन् । यी शारीरिक रचना शास्त्र सम्बन्धी अध्ययन खाली ग्रामीण स्तरका वर्णनात्मक अध्ययन हुन् र समयको विभाजन र गतिविधिको परिपाटी बारे ठोस निष्कर्ष निकाल्न अति अपर्याप्त छन् । त्यस्ता अध्ययनले भविष्यका विस्तृत तथ्यांक सम्बन्धी सर्भेक्षणका लागि प्रारम्भिक मार्गदर्शन मात्र दिन्छन् ।

तालिका नं. ३८

धान खेतीमा लाग्ने जनश्रमको वनोट

प्रतिविघा खर्च (रूपैयांमा)

| धान (स्थानीय) | | पूर्वी नेपाल | | मध्य नेपाल | | | | पश्चिमी नेपाल | | सुदूर पश्चिमी नेपाल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | झापा | मोरंग | सप्तरी | धनुषा | बारा | चितवन | रूपन्देही | कपिलबस्तु | दांग | बांके | बर्दिया |
| क | मानिसको श्रमको कुल लागत | २४५.५० | ४३५.८८ | ६०२.१४ | ४७०.५१ | ५५३.९७ | ५९५.४३ | ४८३.७६ | ४३६.६४ | ४६०.३० | ४६७.४५ | ४२४.९९ |
| क | रोप्ने | ८६.८० | १३०.७५ | १५०.६५ | १७४.२५ | १४३.७५ | १८६.८० | १३१.०९ | १५२.७५ | १५६.१३ | १६०.३० | १११.३३ |
| ख | गोड्न | ६.०० | ४१.२५ | १२७.६० | ९७.१९ | १७२.५० | ८१.६३ | ६६.२१ | - | ४०.४० | १३.०० | - |
| ग | काट्न स्याहार्न | १२४.७० | २०५.१३ | २७४.८८ | १६६.०६ | १९९.१५ | २७८.७७ | २३३.५७ | २२८.६४ | २५३.१७ | २३५.३० | २८३.२२ |
| ख | कुल(क+ख+ग) | २१७.५० | ३७७.१३ | ५५३.४३ | ४३७.५० | ५१५.४० | ५४७.५० | ४३३.८७ | ३८१.६६ | ४५२.७० | ४३८.६० | ३९६.५५ |
| ख, क को प्रतिशत | | ८८.६ | ८६.५२ | ९१.९१ | ९२.९८ | ९३.०४ | ९१.९५ | ८९.६६ | ८७.३६ | ९८.३५ | ९३.८३ | ९३.३१ |

श्रोत: नेपाल राष्ट्र बैंक, कृषि कर्जा महा-शाखा, २०३४ ।

औद्योगिक र पेशागत वर्गिकरण

आर्थिक दृष्टिले सकृय जनसंख्याको सानो अंश मात्र गैर कृषि क्षेत्रमा संलग्न छ । यसमा पनि पुरूष र महिलाको बीच रोजगारीको परिपाटी उल्लेखनीय किसिमले फरक छ । सकृय महिला संख्याको ९८ प्रतिशत भन्दा बढी कृषिमा आधारित छन् भने पुरूषहरूको लागि यो ९३ प्रतिशत छ (तालिका नं. ३९) । गैर कृषि क्षेत्रमा संलग्न हुनेहरू मध्ये अधिकांश निजी र सामुदायिक सेवामा कार्यरत छन् । व्यापार र बस्तु पैदा गर्ने (manufacturing) क्षेत्रहरूले सकृय जनसंख्याको करिव १ प्रतिशतलाई रोजगारी दिन्छ । महिलाहरूलाई रोजगार दिने सन्दर्भमा अन्य क्षेत्रको भूमिका नगण्य छ ।

आर्थिक दृष्टिले सकृय व्यक्तिहरू मध्ये गैर कृषि क्षेत्रमा रोजगार पाएका महिलाहरूको प्रतिशत २००९।११ सालमा ३.७५ प्रतिशत भएकोमा सो घटेर २०२८ सालमा १.८३ भयो ।

गैर कृषि क्षेत्रहरूमा २०१० सालको दशक देखि २०२० सालको दशक सम्म भएको सरकारी लगानी मध्ये ५६ प्रतिशत अंश निर्माण क्षेत्रले ओगटेको थियो (आचार्य, सन् १९७८) । तापनि निर्माण क्षेत्रमा संलग्न कामदारहरूको संख्या भने २००९।११ को तुलनामा घटेको देखिन्छ र पुरूषहरूको संख्या भन्दा महिलाहरूको संख्या अझ तीब्र रूपले घटेको छ । निर्माण क्षेत्रमा काम गर्ने महिलाहरूको प्रतिशत २००९।११ सालमा १४ भएकोमा सो घटेर २०२८ सालमा ३ पुग्यो (तालिका नं. ४०) । महिलाहरूको सहभागिता प्रतिशत यस्तो तीब्र रूपले घट्न गएको कारण २००९।११ सालमा अपनाइएको परिभाषा २०२८ सालमा अपनाइएको परिभाषा भन्दा बढी अनुदार भएकोले हुनु पर्दछ । उस्तै वर्गिकरण र परिभाषाहरू अपनाइएको २०१८ र २०२८ सालको जनगणनाको तथ्यांक तुलना गरी हेर्दा पनि घट्दै गएको प्रवृत्तिको पुष्टि हुन आउंदछ ।

त्यस्तैगरी यातायातमा संलग्न महिलाहरूको संख्या पनि उल्लेखनीय रूपले घटेको छ । सडकहरूको निर्माणले गर्दा परम्परागत माल-सामान ओसार्ने व्यवसाय, जस्मा असंख्य पहाडी महिलाहरू संलग्न थिए, लाई वाधा पु-यायो । सडक निर्माण भएबाट यातायात सम्बन्धी रोजगारी र सेवा जस्तै चालकहरू, परिचालक (conductor) र यन्त्रकार (mechanics) को अवसरमा वृद्धि भएको छ । तर यी पेशा मध्ये कुनै पनि तहमा महिलाहरू छैनन् । आधुनिक यातायातको विकासले, महिलाहरूलाई हिंडडूल गर्न सजिलो भै आफ्नो क्षेत्रमा नयां बजार र सेवाहरू खुलेर केही अप्रत्यक्ष फाइदाहरू पु-याए तापनि यस क्षेत्रमा महिलाहरूको परम्परागत रोजगारीमा प्रतिकूल असर पारेको छ । विद्युत, ग्यांस र पानी सम्बन्धी कामहरूमा पनि रोजगारी गर्ने महिलाहरूको प्रतिशत घटेको छ ।

औद्योगिक क्षेत्रमा रोजगारी गर्ने महिलाहरूको संख्यामा भएको ह्रास अझ बढी टड्कारो छ । २००९।११ सालको जनगणनामा औद्योगिक कामदारहरू मध्ये ३४ प्रतिशत महिला थिए भने २०२८ सालमा सो १३ प्रतिशत मात्र भयो । औद्योगिक कामदारहरूको

तालिका नं. ३९

## व्यवसाय अनुसार आर्थिक दृष्टिले सकृय जनसंख्याको वितरण

(कुल आर्थिक दृष्टिले सकृय जनसंख्याको प्रतिशतमा)

| | | | २००६।११ (१५ वर्ष र मार्थि) | | | २०१८ (१५ वर्ष र माथि) | | | २०२८ (१० वर्ष र माथि) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | पुरूष | महिला | कुल | पुरूष | महिला | कुल | पुरूष | महिला |
| क | | खेती र वन | ९३.४८ | ९१.७१ | ९६.०५ | ९३.८२ | ९१.७४ | ९६.८७ | ९४.३७ | ९२.८१ | ९८.१७ |
| ख | | खेती बाहेक अन्य | ६.३२ | ८.०९ | ३.७५ | ५.४२ | ८.२८ | ३.१३ | ५.६३ | ७.१९ | १.८३ |
| | १ | बस्तु पैदा गर्ने | १.६४ | २.१७ | १.६० | १.८८ | २.३१ | १.२४ | १.०७ | १.३२ | ०.४६ |
| | २ | बिजुली, ग्यांस, पानी | ०.०२ | ०.०२ | ०.०१ | ०.०३ | ०.०५ | ०.०२ | ०.०३ | ०.०५ | - |
| | ३ | निर्माण सम्बन्धी | ०.१६ | ०.२८ | ०.०६ | ०.१३ | ०.२१ | ०.०१ | ०.११ | ०.१४ | ०.०१ |
| | ४ | वाणिज्य | १.३९ | १.८० | ०.८० | १.१० | १.५१ | ०.४६ | १.३१ | १.६२ | ०.५५ |
| | ५ | यातायात | ०.४७ | ०.५७ | ०.३८ | ०.३८ | ०.५१ | ०.१६ | ०.२० | ०.२७ | ०.०२ |
| | ६ | आर्थिक र व्यापारिक सेवा | २.३१ | ३.२८ | ०.६० | १.६० | २.८१ | ०.५५ | ०.०७ | ०.१० | ०.०१ |
| | ७ | निजी र सामाजिक सेवा | | | | | | | २.८४ | ३.६९ | ०.७८ |
| ग | | व्यवसाय स्पष्ट नखुलेका | ०.२० | ०.२० | ०.२० | ०.७६ | ०.८६ | ०.६३ | - | - | - |
| | | कुल | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० |

श्रोत: राष्ट्रिय जनगणना, २००६।११: तालिका नं. १२ "क" ।

राष्ट्रिय जनगणना, २०१८ : चतुर्थ भाग, तालिका नं. ७ ।

राष्ट्रिय जनगणना, २०२८ : तृतीय भाग, खण्ड १, तालिका नं.२१ ।

तालिका नं. ४०

आधारभूत उद्योग सम्बन्धी क्षेत्रमा काम गरेका महिलाहरू

| | उद्योग | २००६।११ | | २०१८ | | २०२८ | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | निर्माण सम्बन्धी | | | | | | |
| | कुल | ७,८५५ | १०० | ५,५८८ | १०० | ५,०१६ | १०० |
| | पुरूष | ६,७७६ | ८६ | ५,३४५ | ९६ | ४,८७६ | ९७ |
| | महिला | १,०७९ | १४ | २४३ | ४ | १४० | ३ |
| २ | यातायात र संचार | | | | | | |
| | कुल | १९,६९४ | १०० | १६,३७१ | १०० | ६,६३७ | १०० |
| | पुरूष | १३,३१६ | ६८ | १३,०७२ | ८० | ६,३२२ | ९७ |
| | महिला | ६,३७८ | ३२ | ३,२९९ | २० | ३१५ | ३ |
| ३ | विद्युत, ग्यांस र पानी | | | | | | |
| | कुल | ७२६ | १०० | १,४५३ | १०० | १,५९६ | १०० |
| | पुरूष | ५५६ | ७७ | १,१५९ | ८० | १,५७० | ९८ |
| | महिला | १७० | २३ | २९४ | २० | २६ | २ |
| ४ | खनिज बस्तु खन्ने, भिक्ने र बस्तु पैदावार गर्ने | | | | | | |
| | कुल | ८०,५८० | १०० | ८०,६२२ | १०० | ५१,९३८ | १०० |
| | पुरूष | ५३,४७३ | ६६ | ५९,३५३ | ७३ | ४५,४२२ | ८७ |
| | महिला | २७,१०७ | ३४ | २१,२६९ | २७ | ६,५१६ | १३ |

स्रोत: आचार्य, सन् १९७८ ।

संख्यामै अचम्म संग ह्रास भएको छ र महिला कामदारहरूको संख्या अझ तीव्र रूपले घटेको छ (तालिका नं. ४०) ।

चौध लाख महिलाहरू कृषि क्षेत्रमा र २६ हजार महिला गैर कृषि क्षेत्रमा संलग्न छन् (तालिका नं. ४१) । कृषि श्रमशक्तिको ३०.४० प्रतिशत महिलाहरू छन् भने गैर कृषि क्षेत्रको खालि ९.५२ प्रतिशत कामदारहरू मात्र महिला छन् (तालिका नं.४२)। अन्य क्षेत्रका कामदारहरूको तुलनामा कृषि क्षेत्रमा काम गर्ने व्यक्तिहरूको मर्यादा स्तर कम हुने सन्दर्भमा विचार गर्दा महिलाहरूको यस्तो धेरै संख्या कृषि क्षेत्रमा केन्द्रित भएको तथ्यले पुरूष श्रमिकको तुलनामा महिला श्रमिकहरूको आर्थिक स्तर कम छ ।

तालिका नं. ४१

<u>मुख्य व्यवसाय अनुसार श्रमिकहरूको संख्या</u>


| | | २००९।११ | २०१८ | २०२८ |
|---|---|---|---|---|
| १. कृषि | पुरूष | २,२६१ | २,३५१ | ३,१८७ |
| | महिला | १,६२९ | १,६८८ | १,३९२ |
| | कुल | ३,८९० | ४,०३९ | ४,५७९ |
| २. गैरकृषि | पुरूष | १९९ | १९० | २४७ |
| | महिला | ६४ | ४३ | २६ |
| | कुल | २६३ | २३३ | २७३ |

श्रोत: राष्ट्रिय जनगणना, २००९।११, २०१८, २०२८ ।

**फोटो सामुन्ने पृष्ठमा:**

**हुन त निर्माण उद्योग बढेको छ तापनि महिला कामदारहरूको संख्या २००९ सालमा १४ प्रतिशत भएकोमा घटेर २०२८ सालमा ३ प्रतिशत मात्र भयो। निर्माण उद्योगमा काम गर्ने धेरैजसो महिलाहरू अदक्ष श्रमिकसरह कम ज्याला पाउँदछन् जस्तै यी ढुंगा फोर्ने महिलाले हातैले रोडा बनाउँदैछिन**

**फोटो: निर्मल तुलाधर**



## तालिका नं. ४२

### व्यवसाय अनुसार श्रम शक्तिको बनोट

(प्रतिशतमा)

| | | २००६।११ (१५ वर्ष र माथि) | | | २०१८ (१५ वर्ष र माथि) | | | २०२८ (१० वर्ष र माथि) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | पुरूष | महिला | कुल | पुरूष | महिला | कुल | पुरूष | महिला |
| क | खेती र वन | १००.० | ५८.१२ | ४१.८८ | १००.० | ५८.२१ | ४१.७९ | १००.० | ६९.६० | ३०.४० |
| ख | खेती बाहेक अन्य | १००.० | ७५.७६ | २४.२४ | १००.० | ८१.६३ | १८.३७ | १००.० | ९०.४८ | ९.५२ |
| | १ खनिजबस्तु खन्ने र झिक्ने | १००.० | १००.० | - | १००.० | ८१.८२ | १८.१८ | १००.० | ८६.११ | १३.८९ |
| | २ बस्तु पैदा गर्ने | १००.० | ६६.३६ | ३३.६४ | १००.० | ७३.३३ | २६.६७ | १००.० | ८७.४६ | १२.५४ |
| | ३ विद्युत, ग्यांस र पानी | १००.० | ७६.५८ | २३.४२ | १००.० | ७९.७७ | २०.२३ | १००.० | ९८.३७ | १.६३ |
| | ४ निर्माण सम्बन्धी | १००.० | ८६.२६ | १३.७४ | १००.० | ९५.६५ | ४.३५ | १००.० | ९७.२१ | २.७९ |
| | ५ वाणिज्य | १००.० | ७६.३५ | २३.६५ | १००.० | ८१.८६ | १८.१४ | १००.० | ८७.६५ | १२.३५ |
| | ६ यातायात र संचार | १००.० | ६७.६१ | ३२.३९ | १००.० | ७९.८५ | २०.१५ | १००.० | ९६.७३ | ३.२७ |
| | ७ आर्थिक र व्यापारिक सेवा | १००.० | ८४.११ | १५.८९ | १००.० | ८८.२३ | ११.७७ | १००.० | ९६.१० | ३.९० |
| | कुल | १००.० | ५९.२४ | ४०.७६ | १००.० | ५९.५३ | ४०.४७ | १००.० | ७०.७७ | २९.२३ |

स्रोत: राष्ट्रिय जनगणना, २००६।११: तालिका नं. १२ "क" ।

राष्ट्रिय जनगणना, २०१८ : चतुर्थ भाग, तालिका नं. ७ ।

राष्ट्रिय जनगणना, २०२८ : तृतीय भाग, खण्ड १, तालिका नं. २१ ।

पेशागत रूपमा हेर्दा महिलाहरू कृषिमा बाली खेती र माछा मार्ने तथा गैर कृषिमा खासगरी ज्यालादारी ज्यामी र बिक्री वा सेवा प्रदान गर्ने कामदारको समूहमा पर्दछन् (तालिका नं. ४३-४४) । केही महिलाहरूले व्यवसायिक र प्राविधिक पद पनि ओगटेका छन् तर यी क्षेत्रमा उनिहरूको भूमिका अति कम छ । २०२८ सालको जनगणनाबाट निकै कम महिला मात्र प्रशासनिक पदमा बहाली भएको देखिएको छ । अन्तर्राष्ट्रिय श्रम संगठन (आई.एल.ओ. सन् १९६८: ११) को परिभाषा अनुसार, प्रशासनिक पेशा भन्नाले,

> मुख्यतया नीति वा कानून र सार्वजनिक नियम (न्यायिक) को तर्जुमा र सरकारी नीतिको व्याख्या गर्ने, सरकारी र गैर सरकारी संगठनहरूमा महत्वपूर्ण निर्णयहरू लिने र निर्धारित नीति र उद्देश्यहरूको प्राप्तिका लागि आवश्यक पर्ने संगठनात्मक व्यवस्थाका लागि निर्देशन दिने कार्यलाई जनाउँछ ।

वि.सं. २०२८ सम्ममा नीति तर्जुमा गर्ने स्तरमा कुनै पनि महिला थिएनन् र हाल सम्म पनि यस दिशा तर्फ खास उल्लेखनीय परिवर्तन भएको देखिदैन । सरकारी सेवामा रहेका महिलाहरूको प्रतिशत २०३५ आषाढमा २.६२ मात्र थियो (तालिका नं. ४५)। त्यसमा पनि सामान्य प्रशासनको नीति निर्धारण गर्ने माथिल्लो स्तरमा कुनै पनि महिला कर्मचारी थिएनन् । प्राविधिक समूहमा खालि चारवटा महिलाले मात्र प्रथम श्रेणीको पद पाएका थिए (तालिका नं. ४५) ।

सरकारी र अर्ध-सरकारी संस्थानहरूमा भने महिलाहरूको सहभागिता केही राम्रो देखिन्छ (तालिका नं.४६) । छनोटमा परेका केहि सरकारी संस्थानहरूको अध्ययन गरी हेर्दा सबभन्दा धेरै महिला कर्मचारीहरू सांस्कृतिक संस्थाहरूमा, त्यसपछि आर्थिक संस्थानहरू र औद्योगिक संगठनहरूमा छन् ।

सरकारी सेवा र सरकारी संस्थानहरूमा काम गर्ने महिलाहरू मध्ये बढी महिलाहरू राजपत्रांकित स्तरहरूको तल्लो तहमा र राजपत्र अनंकित स्तरको माथिल्लो तहमा केन्द्रित छन् । यस्ता जागीरे महिलाहरू मध्ये धेरैजसो मध्यम वर्गका शहरबासी छन् र प्राय: मध्य स्तर वा उच्च शिक्षा प्राप्त गरेका देखिन्छन् । घर र बालबच्चाको हेरचाह गर्ने दायित्व, हिंडडूल तर्फको प्रतिबन्ध र सेवामा ढिलो प्रवेश जस्ता कारणहरूले महिलाहरूलाई शैक्षिक योग्यताहरू बढाउने मौका सीमित गर्दछ र फलस्वरूप उनिहरूको पदोन्नतिमा प्रतिकूल असर पर्न गई प्राय: तल्लो तहमा नै रोकिन्छन् ।

धेरै तलब पाउने र गौरवशालि पदहरूको प्राय: सानो प्रतिशत मात्र महिलाले ओगटेका छन् । २०२८ सालमा कुल डाक्टर संख्याको १७ र नर्स लगायत अरू बांकी चिकित्सा व्यवसायी संख्याको २८ प्रतिशत महिला थिए । यस्तैगरी थोक बिक्रेताको ८.८६ प्रतिशत, खुद्रा बिक्रेताको १२ प्रतिशत,कृषि व्यवस्थापक संख्याको ४.४ प्रतिशत र कृषक एवं

तालिका नं. ४३

विस्तृत पेशागत समूह अनुसार आर्थिक दृष्टिले सकृय जनसंख्याको बर्गिकरण

(प्रतिशतमा)

| पेशा | २०१८ | | | २०२८ | | |
|---|---|---|---|---|---|---|
| | कुल | पुरूष | महिला | कुल | पुरूष | महिला |
| खेती सम्बन्धी काम गर्नेहरू | ६३.७८ | ६१.६८ | ६६.८७ | ६४.३७ | ६२.८० | ६८.१७ |
| उत्पादनको काम गर्नेहरू | २.२६ | २.८१ | १.४४ | २.१८ | २.८० | ०.६७ |
| बिक्रीकर्ताहरू | १.०८ | १.४८ | ०.५० | १.२४ | १.५४ | ०.५१ |
| कारिन्दा भई काम गर्नेहरू | ०.४१ | ०.६६ | ०.०१ | ०.६६ | १.३१ | ०.१३ |
| प्रशासकीय काम गर्नेहरू | | | | ०.०२ | ०.०३ | - |
| सेवा सम्बन्धी काम गर्नेहरू | १.२६ | १.७७ | ०.५० | ०.७१ | ०.८४ | ०.३८ |
| प्राध्यापक, शीक्षकहरू | ०.४७ | ०.७५ | ०.०६ | ०.५२ | ०.६८ | ०.१४ |
| नखुलेका | ०.७४ | ०.८२ | ०.६२ | - | - | - |
| कुल आर्थिक दृष्टिले सकृय | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० |

श्रोत: राष्ट्रिय जनगणना, २०१८: तालिका नं. ५ ।
राष्ट्रिय जनगणना, २०२८: तालिका नं. २० ।

तालिका नं. ४४

## विस्तृत पेशागत समूहको बनोट

(प्रतिशतमा)

| पेशा | २०१८ | | | २०२८ | | |
|---|---|---|---|---|---|---|
| | कुल | पुरूष | महिला | कुल | पुरूष | महिला |
| खेती सम्बन्धी काम गर्नेहरू | १००.० | ५८.२० | ४१.८० | १००.० | ६६.६० | ३०.४० |
| उत्पादनको काम | १००.० | ७४.२० | २५.८० | १००.० | ६१.०४ | ८.६६ |
| विक्रीकर्ताहरू | १००.० | ८१.४२ | १८.५८ | १००.० | ८७.६५ | १२.०५ |
| कारिन्दा भई काम गर्नेहरू | १००.० | ९८.९९ | १.०१ | १००.० | ९६.०८ | ३.९२ |
| प्रशासकीय काम गर्नेहरू | | | | १००.० | ९५.८० | ४.२० |
| सेवा सम्बन्धी काम गर्नेहरू | १००.० | ८४.०० | १६.०० | १००.० | ८४.३३ | १५.६७ |
| नखुलेका | १००.० | ६५.९७ | ३४.०३ | - | - | - |
| कुल | १००.० | ५९.५३ | ४०.४७ | १००.० | ७०.७७ | २९.२३ |

स्रोत: राष्ट्रिय जनगणना, २०१८: तालिका नं. ५ ।
राष्ट्रिय जनगणना, २०२८: तालिका नं. २० ।

## तालिका नं. ४५

## सरकारी सेवामा[१] महिलाहरूको अनुपात, आषाढ २०३५

| | प्रशासकीय | | | | प्राविधिक | | | | कुल | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | | | कुलमा महिलाको प्रतिशत | संख्या | | | कुलमा महिलाको प्रतिशत | संख्या | | | कुलमा महिलाको प्रतिशत |
| | कुल | पुरूष | महिला | | कुल | पुरूष | महिला | | कुल | पुरूष | महिला | |
| राजपत्रांकित | २,२९८ | २,२५६ | ४२ | १.८३ | ३,८०१ | ३,६४६ | १५५ | ४.०८ | ६,०९९ | ५,९०२ | १९७ | ३.२३ |
| विशिष्ट | ४५ | ४५ | – | – | – | – | – | – | ४५ | ४५ | – | – |
| प्रथम श्रेणी | १२८ | १२८ | – | – | २२५ | २२१ | ४ | १.७८ | ३५३ | ३४९ | ४ | १.१३ |
| द्वितीय श्रेणी | ६२५ | ६१५ | १० | १.६० | ७०१ | ६७८ | २३ | ३.२८ | १,३२६ | १,२९३ | ३३ | २.४९ |
| तृतीय श्रेणी | १,५०० | १,४६८ | ३२ | २.१३ | २,८७५ | २,७४७ | १२८ | ४.४५ | ४,३७५ | ४,२१५ | १६० | ३.६६ |
| राजपत्र अनंकित (कारिन्दा) | १८,३०८ | १७,९७४ | ३३४ | १.८६ | १५,२२२ | १४,७३७ | ४८५ | ३.१९ | ३४,५३० | ३२,७११ | ८१९ | २.३७ |
| प्रथम श्रेणी | ३,१३५ | ३,०२३ | ११२ | ३.५७ | ३,९०२ | ३,७४७ | १५५ | ३.९७ | ७,०३७ | ६,७७० | २६७ | ३.७९ |
| द्वितीय श्रेणी | ७,१३५ | ७,०२७ | १०८ | १.५१ | ४,७०५ | ४,४४४ | २६१ | ५.५५ | ११,८४० | ११,४७१ | ३६९ | ३.१२ |
| तृतीय श्रेणी | ५,५१२ | ५,४२२ | ९० | १.६३ | ३,५९४ | ३,५२७ | ६७ | १.८६ | ९,१०६ | ८,९४९ | १५७ | १.७२ |
| चतुर्थ श्रेणी | २,५२६ | २,५०२ | २४ | ०.९५ | ३,०२१ | ३,०१९ | २ | ०.०७ | ५,५४७ | ५,५२१ | २६ | ०.४७ |
| निम्न स्तरका सहायक कर्मचारी | १६,१०४ | १५,६६० | ४४४ | २.७६ | – | – | – | – | १६,१०४ | १५,६६० | ४४४ | २.७६ |
| कुल | ३६,७१० | ३५,८९० | ८२० | २.२३ | १९,०२३ | १८,३८३ | ६४० | ३.३६ | ५५,७३३ | ५४,२७३ | १,४६० | २.६२ |

श्रोत: श्री ५ को सरकार, प्रशासन व्यवस्था विभाग ।

१ आषाढ मसान्त २०३५ सम्म स्थाई भएका मात्र ।

## तालिका नं. ४६

## क्नोटमा परेका सरकारी र अर्ध-सरकारी संस्थाहरूमा महिलाहरूको अनुपात

## (आषाढ २०३५)

| स्तर | आर्थिक[१] | | | व्यापारिक[२] | | | उद्योगहरू[३] | | | सार्वजनिक सेवा[४] | | | सांस्कृतिक[५] | | | क्नानिस्का संस्थाहरूको कुल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | | कुलमा महिलाको प्रतिशत | संख्या | | कुलमा महिलाको प्रतिशत | संख्या | | कुलमा महिलाको प्रतिशत | संख्या | | कुलमा महिलाको प्रतिशत | संख्या | | कुलमा महिलाको प्रतिशत | संख्या | | कुलमा महिलाको प्रतिशत |
| | कुल | महिला | | कुल | महिला | | कुल | महिला | | कुल | महिला | | कुल | महिला | | कुल | महिला | |
| राजपत्रांकित | १,३०८ | ८८ | ६.७३ | २४६ | १३ | ५.२८ | ७५ | ७ | ९.३३ | ५२० | २३ | ४.४२ | ४० | ५ | १२.५० | २,१८६ | १३६ | ६.२१ |
| राजपत्र-अनंकित | ७,३९६ | ९६७ | १३.०७ | १,६६८ | ९८ | ५.८८ | ५४१ | ६४ | ११.८३ | २,८३३ | २१९ | ७.७३ | १६३ | ३२ | १९.६३ | १२,६०१ | १,३८० | १०.९५ |
| निम्न स्तरका सहायक | २,२४९ | १११ | ४.९४ | २४४ | ११ | ४.५१ | २०१ | १२ | ५.९७ | १,३५४ | ३० | २.२२ | ४० | २ | ५.०० | ४,०८८ | १६६ | ४.०६ |
| कुल | १०,९५३ | १,१६६ | १०.६५ | २,१५८ | १२२ | ५.६५ | ८१७ | ८३ | १०.१६ | ४,७०७ | २७२ | ५.७८ | २४३ | ३९ | १६.०५ | १८,८७८ | १,६८२ | ९८.९१ |

स्रोत: सम्बन्धित संस्थानहरू ।

१ समावेश गरिएको: नेपाल राष्ट्र बैंक, दुई वाणिज्य बैंक, जीवन बीमा संस्थान, कर्मचारी संचय कोष, औद्योगिक विकास संस्थान, कृषि विकास बैंक र कर्जा जमानत संस्थान ।

२ समावेश गरिएको: राष्ट्रिय व्यापार निगम केन्द्रीय कार्यालय, कृषि खरिद .... संस्थान, नेपाल खाद्य संस्थान, दुग्ध विकास संस्थान ।

३ समावेश गरिएको: बाँसबारी छाला जुत्ता कारखाना, शाही औषधालय लि., हिमाल सीमेण्ट कम्पनी ।

४ समावेश गरिएको: विद्युत् संस्थान, दूर संचार संस्थान, आयल निगम र शाही नेपाल वायु सेवा निगम ।

५ समावेश गरिएको: सांस्कृतिक संस्थान र शाही नेपाल चलचित्र संस्थान ।

शीकारीको ३१ प्रतिशत महिला थिए (तालिका नं. ४७) । उप-प्राध्यापक र प्राध्यापकको सामूहिक वर्गिकरण अनुसार ती पदहरूको १५.६६ प्रतिशत पदहरूमा महिला रहेको देखिए तापनि कुनै पनि प्राध्यापक पदमा महिलाहरू आसिन नभएको तथ्य डा. राणाले (राणा सन् १९७७: १६) आफ्नो अध्ययन प्रतिवेदनमा उल्लेख गर्नु भएको छ । वि.सं. २०३४ (सन् १९७७) मा विज्ञान तथा प्रविधि राष्ट्रिय परिषदले गरेको सर्भेक्षणाले देशका कुल वैज्ञानिक तथा प्राविधिक जनशक्तिको करिब ८ प्रतिशत महिला भएको कुरा दर्शाएको छ (तालिका नं. ४८) ।

महिलाहरूको सहभागिता चिकित्सा व्यवसायमा सबभन्दा बढी छ (२१.७८ प्रतिशत) । प्राकृतिक विज्ञान क्षेत्रमा कुल जनशक्तिको १६.३३ प्रतिशत महिलाहरूले प्रतिनिधित्व गर्दछन् । महिलाहरूको अनुपात इन्जिनियरिंग (०.९५ प्रतिशत) र कृषि विज्ञान (१.८४ प्रतिशत) क्षेत्रमा सबभन्दा कम छ । देशमा एउटा पनि पशु-चिकित्सक (veterinarian) अथवा शिल्प-शास्त्री (technologists) महिला छैनन् (तालिका नं. ४८) ।

नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०३०।३१ मा १८ नगरहरूमा सन्चालन गरेको पारिवारिक आय-व्यय सर्भेक्षण (Household Budget Survey) ले शहरी क्षेत्रका औद्योगिक र व्यवसायिक वर्गिकरण बारे केहि तथ्यांक प्रस्तुत गरेको छ । यी शहरहरूमा कुल परिवार संख्या ७४,००० थियो जस मध्ये ६,६२४ परिवारहरू (अर्थात् करिब ६ प्रतिशत) सर्भेक्षणमा परेका थिए ।[१] तालिका नं. ४६ मा देखाइएको लिंग अनुसारको श्रम वर्गिकरण वृहत अन्तर्राष्ट्रिय पेशागत वर्गिकरण अनुसार छ (आई.एल.ओ, सन् १९६८) । उदाहरणका लागि, एक्लै वा संयुक्त रूपमा बालीखेती वा पशुपालन जस्ता मिश्रीत खेती कार्य (mixed farming) गर्ने व्यक्तिलाई कृषि भनिएको छ । कृषि कार्यमा सहयोग गर्ने वा ज्यालामा काम गर्नेलाई सहायक र ज्यालादारी अन्तर्गत समावेश गरिएको छ । अन्य कामदार भन्नाले अन्तर्राष्ट्रिय नियम (Codes) ८१ देखि ६४ अन्तर्गत पर्ने सबै कामदारलाई जनाउंदछ, जस्तै दराज (Cabinet) बनाउने, काठको काम गर्ने, सूर्तीका बस्तु बनाउने कामदार आदि ।

कपडा बुन्ने र खाद्य एवं पेय पदार्थ उत्पादन गर्ने उद्योगहरूमा मात्र महिला कामदारहरूको संख्या उल्लेखनीय देखिन्छ । खनिज बस्तु, भांडा-कुंडा, रसायन पदार्थ, काठ चिरानी (pulp), र छाला सम्बन्धी उद्योगहरूमा महिला कामदारहरू संलग्न भएको देखिदैन । उत्पादन निरीक्षक पद र प्राविधिक एवं तालीम प्राप्त समूहमा कुनै पनि महिला थिएनन् । व्यापार र सेवा व्यवस्थापकहरू र काम गर्ने मालिकहरूलाई एउटा वर्गिकरणमा राखिएको थियो, जबकि चीया विक्रेताहरू बाहेक अरूलाई अन्य व्यापार र सेवा सम्बन्धी कामदारहरूको वर्गिकरणमा समावेश गरिएको थियो । सेवा

---

१ यी तथ्यांकहरू नेपाल राष्ट्र बैंकको अप्रकाशित रेकर्डबाट लिइएका हुन् ।

तालिका नं. ४७

पेशा अनुसार महिलाहरूको संख्या,२०२८

| पेशा | | कुल संख्यामा | महिलाको संख्या | महिलाहरू कुलको प्रतिशतमा |
|---|---|---|---|---|
| १ | डाक्टरहरू | २२५ | ३६ | १७.३३ |
| २ | कम्पाउण्डर्स र नर्सहरू | ३४५ | ६७ | २८.१२ |
| ३ | निजामती (civil) इन्जिनियरहरू | १७७ | २ | ११.३० |
| ४ | उप-प्राध्यापकहरू र प्राध्यापकहरू | ४४४ | ७१ | १५.६६ |
| ५ | स्कूलका शीक्षकहरू | ११,१६७ | ७३७ | ६.५८ |
| ६ | थोक विक्रेताहरू | ३७१ | ३३ | ८.८६ |
| ७ | खुद्रा विक्रेताहरू | ५७,५६४ | ६,८६६ | ११.६३ |
| ८ | होटेल मालिकहरू | ५७८ | ७६ | १३.६७ |
| ९ | कृषि प्रबन्धकहरू | ३,९४६ | १७२ | ४.३६ |
| १० | खेतीवाल र शिकारीहरू | ४,३८७,१९९ | १,३६४,४९० | ३१.१० |
| ११ | प्राविधिकहरू[१] | ३९,२३४ | ४,८८८ | १२.४६ |
| १२ | साधारण श्रमिकहरू | १९,८७६ | २,३७७ | ११.९६ |

श्रोत: राष्ट्रिय जनगणना, २०२८ ।

१ समावेश गरिएको: बस्तु पैदावार गर्ने र निर्माण सम्बन्धी प्राविधिकहरू, सूचिकारहरू, जुत्ता मरंमत गर्नेहरू, चालकहरू आदि ।

तालिका नं. ४८

विशेष ज्ञान अनुसार व्यवसायिक र प्राविधिक जनशक्तिको वनोट

(व्यक्ति संख्यामा)

| विशेष ज्ञान | | | पुरूष | महिला | | कुल |
|---|---|---|---|---|---|---|
| | | | | संख्या | सम्बन्धित विषयको कुल जनशक्तिको प्रतिशतमा | |
| (क) | कृषि | | ४६८ | ६ | १.८६ | ४७७ |
| | १ | विशेष ज्ञान[१] (Specialised) | २१ | - | - | २१ |
| | २ | सामान्य (General) | ४४७ | ६ | १.९७ | ४५६ |
| (ख) | इन्जिनियरिंग | | ७३२ | ७ | ०.६५ | ७३६ |
| | १ | कृषि (Agriculture) | ३५ | १ | २.७८ | ३६ |
| | २ | वास्तुकला (Architecture) | १९ | १ | ५.०० | २० |
| | ३ | रसायनिक (Chemical) | १२ | १ | ७.६९ | १३ |
| | ४ | निजामती (Civil) | ३४३ | ३ | ०.८७ | ३४६ |
| | ५ | यान्त्रीक (Mechanical) | ९६ | १ | १.०३ | ९७ |
| | ६ | अन्य सबै[२] | २२७ | - | - | २२७ |
| (ग) | वन सम्बन्धी | | १५५ | - | - | १५५ |
| (घ) | चिकित्सा सम्बन्धी विज्ञान | | ४०४ | ८८ | १७.८८ | ४९२ |
| | १ | वेहोसीपन (Anesthesia) | ५ | ३ | ३७.५० | ८ |
| | २ | स्त्री रोग (Gynecology) | १ | ४ | ८०.०० | ५ |

१ कृषि शास्त्र (Agronomy), पशु विज्ञान (Animal Husbandry), डेरी (Dairy), उद्यान विज्ञान (Horticulture), पन्छी (Poultry), परजिवी (Parasitology), रोग शास्त्र (Pathology) र माटो विज्ञान समावेश गरिएको।

तालिका नं. ४८ को बाँकी

| | | विशेष ज्ञान | पुरूष | महिला | | कुल |
|---|---|---|---|---|---|---|
| | | | | संख्या | सम्बन्धित विषयको कुल जनशक्तिको प्रतिशतमा | |
| | ३ | नर्सिङ० (Nursing) | २ | ६ | ७५.०० | ८ |
| | ४ | चिकित्सा (Physician) | ६५ | १० | १३.३३ | ७५ |
| | ५ | जन स्वास्थ्य (Public Health) | १९ | ५ | २०.८३ | २४ |
| | ६ | शल्यक्रिया (Surgery) | २० | ३ | १३.०४ | २३ |
| | ७ | अन्य[३] | ६८ | - | - | ६८ |
| | ८ | सामान्य (General) | २२४ | ५७ | २०.२८ | २८१ |
| (ङ०) | | प्राकृतिक विज्ञान | ३६३ | ८७ | १९.३३ | ४५० |
| | १ | जीवको रसायन (Bio-chemistry) | ६ | २ | २५.०० | ८ |
| | २ | वनस्पति शास्त्र (Botany) | ५२ | ३९ | ४२.८६ | ९१ |
| | ३ | रसायन शास्त्र (Chemistry) | ८२ | २६ | २४.०७ | १०८ |
| | ४ | गृह विज्ञान (Home Science) | - | ५ | १००.०० | ५ |
| | ५ | गणित (Mathematics) | ५४ | १ | १.८२ | ५५ |
| | ६ | भौतिक शास्त्र (Physics) | ६२ | ३ | ४.६२ | ६५ |
| | ७ | तथ्यांक शास्त्र (Statistics) | १६ | २ | ११·११ | १८ |
| | ८ | जीव शास्त्र (Zoology) | ४२ | ९ | १७.६५ | ५१ |
| | ९ | अन्य | ४९ | - | - | ४९ |
| (च) | | प्रविधि | ६४ | - | - | ६४ |
| | | कुल | २१८६ | १९१ | ८.०४ | २३७७ |

श्रोत: डाइरेक्टरी: साइन्टिस्टस् एण्ड टेक्नोलोजिस्ट अफ नेपाल, सन् १९७७ ।

२ वायू यान विज्ञान (Aeronautics and Aircraft), विद्युत्, इलेक्ट्रोनिक्स खाद्य, भौगर्भिक (Geology), यान्त्रीक, धातुकला (Metallurgy), वायू विज्ञान (Meteorology), खनिज (Mining), रेडियो, सिलिक्यर (Silicare), नापी र संचार (Survey and Tele-com) समावेश गरिस्को ।

३ मानसिक चिकित्सा (Psychiatrists), एक्सरे विज्ञान (Radiology), पशु-विज्ञान (Veterinary Science) आदि समावेश गरिस्को ।

तालिका नं. ४९

**केही आर्थिक क्षेत्रमा लिंग अनुसार श्रमशक्तिको बनोट**

(विभिन्न शहरहरूमा क्रमिक पेशागत समूहहरूको प्रतिशतमा)

| | | व्यापारिक कामदारहरू | | | | सेवा सम्बन्धी कामदारहरू | | | | कृषि (खेती) संबन्धी कामदारहरू | | | | उत्पादन कामदारहरू | | | | निर्माण संबन्धी कामदारहरू | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | व्यवस्थापक (बिक्री व्यवस्थापक र काम गर्ने मालिक) | | अन्य बिक्री कामदारहरू | | चिया बिक्रेताहरू | | अन्य सेवा सम्बन्धी कामदारहरू | | कृषकहरू | | कृषि कामदार र काम सघाउने हरू | | कपडा बुन्ने कामदारहरू | | खाद्य र पिउने पदार्थ | | साधारण कामदारहरू | |
| | | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला |
| तराई क्षेत्र | भद्रपुर | - | - | - | - | - | - | ८१.३ | १८.७ | - | - | - | - | - | - | - | - | - | - |
| | विराटनगर | ८४.४ | १५.६ | ८७.० | १३.० | ७५.० | २५.० | ८५.७ | १४.३ | - | - | - | - | ८९.३ | १०.७ | - | - | - | - |
| | जनकपुर | - | - | ९०.० | ९.१ | - | - | ८०.६ | १९.४ | - | - | - | - | - | - | - | - | ७५.० | २५.० |
| | बीरगन्ज | - | - | ७६.२ | २३.८ | - | - | ८८.० | १२.० | - | - | ७५.० | २५.० | - | - | ७१.४ | २८.६ | ५०.० | ५०.० |
| | भैरहवा | ९०.२ | ९.८ | - | - | ६१.९ | ३८.१ | ८६.५ | १३.५ | ८९.२ | १०.८ | ६१.५ | ३८.५ | ९४.४ | ५.६ | ५०.० | ५०.० | ५०.० | ५०.० |
| | नेपालगन्ज | ५८.१ | ४१.९ | ७१.४ | २८.६ | - | - | ७७.७ | २२.३ | ८८.९ | ११.१ | - | - | - | - | ८३.३ | १६.७ | ८६.७ | १३.३ |
| | महेन्द्रनगर | - | - | - | - | ७५.० | २५.० | - | - | - | - | ८३.३ | १६.७ | - | - | - | - | ७५.० | २५.० |
| पहाडी क्षेत्र | इलाम | ७३.७ | २६.३ | ३३.३ | ६६.७ | ७१.४ | २८.६ | ७८.३ | २१.७ | ८६.१ | १३.९ | ३३.३ | ६६.७ | ८३.३ | १६.७ | ६६.७ | ३३.३ | ४७.४ | ५२.६ |
| | ओखलढुंगा | ७०.० | ३०.० | - | - | ५३.८ | ४६.२ | - | - | ६६.१ | ३३.९ | ३५.२ | ६४.८ | ९०.९ | ९.१ | - | - | ४२.९ | ५७.१ |
| | धनकुटा | ७४.२ | २५.८ | ७२.७ | २७.३ | ७३.३ | २६.७ | ५०.० | ५०.० | ८४.९ | १५.१ | २०.५ | ७९.५ | - | - | ८०.० | २०.० | ३०.० | ७०.० |
| | हेटौंडा | ८५.७ | १४.३ | - | - | - | - | ८६.४ | १३.६ | - | - | ५०.० | ५०.० | - | - | - | - | ६६.७ | ३३.३ |
| | पोखरा | ८५.० | १५.० | ८०.० | २०.० | ५४.८ | ४२.२ | ८३.३ | १६.७ | ७२.३ | २७.७ | ४७.८ | ५२.२ | - | - | - | - | ४५.८ | ५४.२ |
| | बाग्लुङ० | ८७.८ | १२.२ | ७५.० | २५.० | ५५.० | ४५.० | ९२.९ | ७.१ | ७८.८ | २१.२ | २५.० | ७५.० | - | - | ६६.७ | ३३.३ | ३०.१ | ६९.९ |
| | दाङ० | ९७.४ | २.६ | - | - | ६९.२ | ३०.८ | ५३.३ | ४६.७ | ७७.२ | २२.८ | - | - | - | - | - | - | ५०.० | ५०.० |
| | सुर्खेत | - | - | - | - | ७५.० | २५.० | - | - | ७९.२ | २०.८ | - | - | - | - | - | - | ५४.४ | ४५.८ |
| काठमाडौं | काठमाडौं | ९८.७ | १.३ | ९०.२ | ९.८ | - | - | ६६.७ | ३३.३ | ८४.४ | १५.६ | ५७.१ | ४२.९ | ६२.५ | ३७.५ | ६६.७ | ३३.३ | ८०.० | २०.० |
| | भक्तपुर | ९६.६ | ३.४ | - | - | ८५.७ | १४.३ | ६६.७ | ३३.३ | - | - | - | - | ४१.७ | ५८.३ | - | - | ६९.६ | ३०.४ |
| | ललितपुर | ८७.५ | १२.५ | ९२.३ | ७.७ | ८०.० | २०.० | ७६.५ | २३.५ | ८१.४ | १८.६ | ८२.३ | १७.७ | ७६.२ | २३.८ | ८०.० | २०.० | ६६.७ | ३३.३ |

स्रोत: नेपाल राष्ट्र बैंक, पारिवारिक आय-व्यय सर्वेक्षण, २०३०।३१, अप्रकाशित रिकर्डहरू ।

क्षेत्रमा कुनै पनि महिला व्यवस्थापक थिएनन् भने व्यापार क्षेत्रमा पनि पुरूषहरूको तुलनामा धेरै कम महिलाहरू मात्र व्यवस्थापक थिए ।

कृषकहरू मध्ये महिलाहरूको प्रतिशत ज्यादै कम थियो । यो प्रतिशत भैरहवामा १०.८ र ओखलढुंगामा ३३.६ थियो । पहाडी शहरहरूमा, सहायक र ज्यालादारी वर्ग समूहको दुई तिहाई भन्दा बढी महिलाहरू थिए । निर्माण सम्बन्धी क्षेत्रमा कुनै पनि महिला सुपरिवेक्षक तहमा नभएको हुंदा त्यस क्षेत्रले महिला संख्याबाट खालि साधारण कामदारहरू मात्र भर्ना गरेको देखिन्छ ।

महिला गतिविधि दर २००६।११ र २०१८ सालको तुलनामा २०२८ सालमा तीब्र रूपले घटेको कुरा अगाडि उल्लेख भई सकेको छ । वास्तवमा गतिविधि दर मात्र घटेको नभई महिला कामदारको संख्यामै ह्रास भएको देखिन्छ । आर्थिक क्षेत्र अनुसारको आंकडाले गैर कृषि क्षेत्रमा सबैभन्दा धेरै महिला श्रमशक्ति घटेको देखाउंदछ । गैर कृषि क्षेत्रमा महिलाहरूको सहभागिता २००६।११ को तुलनामा ५६.३८ प्रतिशत र २०१८ सालको तुलनामा ३६.५३ प्रतिशतल घटेको थियो । त्यस्तै गरी कृषि क्षेत्रमा २००६।११ को दांजोमा १४.५५ प्रतिशत र २०१८ को तुलनामा १७.५४ प्रतिशतले घटेको थियो ।

महिलाहरूको आर्थिक गतिविधि दरहरूमा भएको कमि केहि हद सम्म २०२८ को जनगणनामा अपनाइएको संकुचित परिभाषाको परिणाम हो भन्न सकिन्छ । यो संकुचित परिभाषाले गतिविधि दरलाई सम्भवत: बढी असर पारेको हुनुपर्दछ । गैर कृषि क्षेत्रमा महिलाहरूको सहभागिता तीब्र गतिले घट्न गएको कारण महिलाहरूको आर्थिक सहभागिताको आधारको रूपमा रहेको घरायसी इकाईलाई नै आर्थिक गतिविधि भित्र समावेश नगरिएकोले हुन सक्दछ । आधुनिक उद्योगहरूको शुरूवातले धेरैजसो घरेलु र ग्रामीण उद्योगहरूलाई प्रतिकूल असर पाऱ्यो, जस्ले गर्दा महिलाहरूको सहभागिता दरमा पनि प्रतिकूल प्रभाव पर्न गयो । बोसेरप (सन् १९७१: १९२) को सिद्धान्त अनुसार आधुनिकीकरण र मौद्रिकिकरणले महिलाहरूको आर्थिक क्षेत्रमा सहभागिता (परम्परागत परिभाषा अनुसार) घटाउंदछ र प्राप्त तथ्यांकहरूले यहि प्रकृया नेपालमा पनि शुरू भैसकेको संकेत दिन्छन् ।[१]

१ विस्तृत ऐतिहासिक प्रवृत्तिको वर्णन र नीति सम्बन्धी प्रश्नहरूका लागि आचार्य, सन् १९७८ हेर्नुहोस् ।

## रोजगारीको स्तर र काम गर्ने अवस्था

काम गर्ने अवस्था, रोजगारी, औद्योगिक क्षेत्र भित्रको पारिश्रमिक र महिला कामदारहरूको संख्या आदि बारेका तथ्यांकहरू साह्रै अपर्याप्त छन् । नेपालको राष्ट्रिय जनगणनाले रोजगारी स्तर बारेमा मात्र सूचना प्रस्तुत गर्दछ । २०३३ सालको नेपाल औद्योगिक गणनाले औद्योगिक रोजगारीका विभिन्न पक्षको जानकारी प्रदान गर्दछ तर महिला।पुरूषको वर्गिकरण गरेको छैन । तसर्थ यस खण्डमा काम गर्ने अवस्था र रोजगारी अवसरहरू बारेका अप्रत्यक्ष सूचकहरूको उपयोग गर्ने प्रयास गरिएको छ ।

जनगणना तथ्यांकमा व्यक्तिको रोजगारीको स्तर भन्नाले "उत्पादन इकाइमा यदि अरू व्यक्ति भए तिनीहरू संगको सापेक्षिक स्तर" लाई जनाउंदछ । उदाहरणका लागि रोजगारी दिने व्यक्ति भन्दा रोजगारी गर्ने व्यक्तिको निम्न आर्थिक स्तर हुन्छ ।

२०२८ को राष्ट्रिय जनगणना अनुसार, नेपालको कुल सक्रिय पुरूष संख्याको ०.४५ प्रतिशतले अरूलाई काम लगाउंथे, जबकि कुल सक्रिय महिला संख्याको ०.२१ प्रतिशत मात्र रोजगारी दिने वर्गिकरणमा पर्दथे । पुरूषहरू भन्दा बढी महिलाहरू निजी काम गर्ने (self employed) र काम सघाउने (unpaid family workers) वर्गिकरणमा केन्द्रीत भएको देखिन्छ (तालिका नं. ५०) ।

उमेर समूह अनुसारको रोजगारी तथ्यांकहरूले धेरैजसो काम सघाउने पुरूषहरू २० वर्ष भन्दा कम उमेरका भएको देखाउंछ । उमेर बढ्दै गएपछि, पुरूषहरू आम्दानी हुने रोजगारीमा लाग्दछन् र क्रमशः बढी आम्दानी हुने रोजगारी हासिल गर्दछन् । २०२८ सालमा माथिल्लो उमेर समूहका आर्थिक दृष्टिले सक्रिय पुरूषहरू मध्ये एक भन्दा पनि कम प्रतिशत मात्र काम सघाउने वर्गमा पर्दथे (तालिका नं. ५०) ।

अरूलाई रोजगारी दिने वर्गिकरणमा परेका व्यक्तिहरूको संख्या २००६।११ र २०२८ सालको अवधिमा सामान्य रूपले मात्र घटेको तर रोजगारी दिने महिला-हरूको संख्यामा भने निकै तीव्र गतिले घटेको देखिन्छ । निजी काम गर्ने श्रमिकहरूको प्रतिशत २००६।११ को तुलनामा २०१८ सालमा घटेको तर २०२८ सालमा भने बढेको देखिन्छ (तालिका नं. ५१) । आधुनिकीकरण बढ्दै जांदा यो वर्गिकरणमा काम गर्नेहरूको संख्या पनि घट्दै जाने अन्य देशहरूको अनुभव भन्दा यहांको अनुभव ठीक विपरित छ । निजी काम गर्ने श्रमिकहरूको संख्या बढ्न गएको कारण काम सघाउने कामदारहरूलाई पनि यो वर्गिकरणमा सम्मिलित गरेकाले हुनसक्दछ । महिलाहरूको सन्दर्भमा यो अझ बढी मिल्दछ । एक तर्फ काम सघाउने महिलाहरूको प्रतिशत २०१८ सालमा ११.३५ भएकोमा २०२८ सालमा घटेर ७.१६ प्रतिशत भएको र अर्को तर्फ निजी काम गर्ने महिलाहरूको प्रतिशत ७७.३४ बाट बढेर ८८.९८ भएबाट उपरोक्त कुराको पुष्टी हुन्छ ।

तालिका नं. ५०

## उमेर समूह अनुसारको रोजगारी स्तर, २०२८

(प्रतिशतमा)

| उमेर समूह | पुरुष | | | | | महिला | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अरुलाई काममा लगाउने | अरुको काम गर्ने | निजी काम गर्ने | काम सघाउने | कुल | अरुलाई काममा लगाउने | अरुको काम गर्ने | निजी काम गर्ने | काम सघाउने | कुल |
| १०-१४ | ०.४८ | ७.१८ | ८३.२५ | ६.०६ | १००.० | - | २.५२ | ८४.८७ | १२.६१ | १००.० |
| १५-१९ | ०.२४ | १०.६५ | ८३.०५ | ६.०६ | १००.० | ०.४३ | ३.०२ | ८७.५० | ९.०५ | १००.० |
| २०-२४ | ०.४८ | १४.८७ | ८०.५८ | ४.०७ | १००.० | ०.५० | ३.५४ | ८८.८९ | ७.०७ | १००.० |
| २५-२९ | ०.४६ | १५.२४ | ८१.७६ | २.५४ | १००.० | ०.५७ | ४.०२ | ८९.६६ | ५.७५ | १००.० |
| ३०-३४ | ०.५४ | १३.४० | ८४.४५ | १.६१ | १००.० | - | ४.२० | ९०.९१ | ४.८९ | १००.० |
| ३५-३९ | ०.५३ | १२.७७ | ८५.६४ | १.०६ | १००.० | - | ४.१३ | ९०.९१ | ४.९६ | १००.० |
| ४०-४४ | ०.६८ | ११.६१ | ८७.०३ | ०.६८ | १००.० | - | ४.६५ | ९०.१० | ४.६५ | १००.० |
| ४५-४९ | ०.८४ | ११.२९ | ८७.४५ | ०.४२ | १००.० | - | ४.२८ | ९१.४३ | ४.२९ | १००.० |
| ५०-५४ | ०.५२ | ९.३८ | ८९.५८ | ०.५२ | १००.० | - | ३.३३ | ९१.६७ | ५.०० | १००.० |
| ६०-६४ | १.११ | ८.८९ | ८८.८९ | १.११ | १००.० | - | ३.५७ | ९२.८६ | ३.५७ | १००.० |
| ६५+ | १.४३ | ७.१४ | ९१.४३ | - | १००.० | - | ५.२६ | ८९.४८ | ५.२६ | १००.० |
| कुल | ०.५५ | ११.७० | ८४.६३ | ३.१२ | १००.० | ०.२१ | ३.६६ | ८८.६४ | ७.१९ | १००.० |

स्रोत: राष्ट्रिय जनगणना, २०२८ ३(२): तालिका नं. २५ ।

तालिका नं. ५१

आर्थिक दृष्टिले सक्रिय जनसंख्याको रोजगारी स्तर

(प्रतिशतमा)

| स्तर | २००८।११ | | | २०१८ | | | २०२८ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | कुल | पुरुष | महिला | कुल | पुरुष | महिला | कुल |
| अरूलाई काम लगाउने | १.०६ | ०.६५ | ०.८६ | ०.६२ | ०.४० | ०.७१ | ०.५५ | ०.२१ | ०.४५ |
| निजी काम गर्ने | ७८.०१ | ८४.२७ | ८०.५६ | ७५.६५ | ७७.३४ | ७६.३३ | ८४.६६ | ८८.६८ | ८५.६२ |
| अरूको काम गर्ने | २०.६५ | १४.७८ | १८.२६ | २०.१५ | १०.३६ | १६.१६ | ११.६६ | ३.६५ | ६.३४ |
| काम सघाउने | - | - | - | २.८० | ११.३५ | ०.५५ | ३.१० | ७.१६ | ४.२६ |
| नखुलेको | ०.२८ | ०.३० | ०.२६ | ०.४८ | ०.५५ | ०.५१ | - | - | - |
| कुल सक्रिय[१] | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० |

स्रोत: राष्ट्रिय जनगणना, २००८।११, २०१८, २०२८ ।

१ २००८।११ का लागि वेरोजगारी समेत समावेश गरिएको ।

नेपाल राष्ट्र बैंकले २०३०।३१मा गरेको पारिवारिक आय-व्यय सर्भेक्षणको समयमा ज्यालामा काम गर्ने महिलाहरूको काम गर्ने समय र उनिहरूको कमाइका बारेमा केहि सूचनाहरू संकलन गरिएका थिए (तालिका नं. ५२-५३)। पारिवारिक आय-व्यय सर्भेक्षणको तथ्यांकहरू खालि शहरी क्षेत्र संग मात्र सम्बन्धित छ र ५० प्रतिशत भन्दा बढी आम्दानी नगदमा प्राप्त गर्ने परिवारहरू मात्र सर्भेक्षणमा समावेश गरिएका छन्। सर्भेक्षण प्रतिवेदन अनुसार, कृषि क्षेत्रमा महिलाहरूले पुरूषहरू सरह नै खेतवारीमा समय लगाएका छन्। गाउँ र कम मौद्रिकरण भएका स्थानहरूमा महिलाहरूले नै अझ बढी समय कृषि कार्यमा बिताएको हुनु पर्दछ। असंगठित क्षेत्र (जस्तै व्यापार र सेवा) मा संलग्न कामदारहरूको अध्ययनबाट यी व्यवसायहरूमा पनि महिलाहरूले पुरूषहरू सरह नै समय व्यतित गरेको देखिन्छ। वर्षभरिको दैनिक काम गर्ने औषत घण्टा लिएको खण्डमा मात्र औद्योगिक क्षेत्रमा महिला कामदारहरूले पुरूष कामदारहरू भन्दा कम घण्टा काम गरेको देखिन्छ। यसो हुनु महिलाहरूलाई काम गर्ने सजिलो अवस्था भएर भन्दा उनिहरूलाई रोजगारीको अभावको प्रतिफल हो।

पारिवारिक आय-व्यय सर्भेक्षणले महिला कामदारहरूको कमाइका विषयमा केहि तथ्यांकहरू प्रस्तुत गरेको छ (तालिका नं. ५३)। परिवारका सदस्यहरूले आफ्नो घर खेत वा उद्योगबाट प्राप्त गर्ने आम्दानी, कस्ले के-कति आम्दानी गऱ्यो सो वास्ता नगरी साधारणतया घरमूलिलाई अर्पण गरेका हुन्छन्, त्यसैले धेरै शहरहरूमा, परिवारका महिला कामदारहरूले आफ्नो घरायसी कामबाट आर्जन गरेको आम्दानीको रेकर्ड राखेका हुँदैनन्। महिलाहरूले पारिवारिक अर्थतन्त्र भन्दा बाहिरबाट कमाएको नगदी आम्दानी मात्र महिलाको कमाई भनी पारिवारिक सर्भेक्षण रेकर्ड गरिएको थियो। कृषि क्षेत्रका केहि अपवादलाई छोडेर, पुरूषहरूको रिकर्ड गरिएको आम्दानी महिलाहरूको भन्दा उल्लेखनीय ढंगले बढी छ। यसरी महिलाहरूले पुरूष बराबर नै काम गरेको भए तापनि उनिहरूले पुरूषहरूले भन्दा धेरै कम आम्दानी आर्जन गरेको देखिन्छ।

राष्ट्रिय योजना आयोगले हालै गरेको बेरोजगारी र आम्दानीको वितरण सम्बन्धी सर्भेक्षणले (श्री ५ को सरकार, सन् १९७७) महिलाहरूको रोजगारी अवसरलाई केहि सूक्ष्म दृष्टि दिएको छ। आर्थिक दृष्टिले सकृय महिलाहरूको ६६ प्रतिशत र पुरूषहरूको ५८ प्रतिशत समय उपयोग नभएको तथ्य उपरोक्त सर्भेक्षण प्रतिवेदनले देखाउँदछ। सर्भेक्षणका प्रश्नावलीहरूमा कुल पारिवारिक आम्दानी मात्र समावेश भएकाले पारिवारिक आम्दानीमा महिलाहरूको के-कति देन छ भन्ने कुरा पत्ता लगाउन सकिँदैन।

## तालिका नं. ५२

### क्षेत्र अनुसार काम गर्ने दैनिक औषत घण्टा

| | | कृषि (खेती) सम्बन्धी कामदारहरू | | | | उत्पादन कामदारहरू | | | | | | निर्माण सम्बन्धी कामदारहरू | | व्यापारिक कामदारहरू | | | | सेवा सम्बन्धी कामदारहरू | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कृषकहरू | | कृषि कामदार र काम सघाउने | | बुन्ने | | खाद्य र पीउने | | अन्य | | साधारण कामदारहरू | | व्यवस्थापक | | अन्य कामदारहरू | | चीया विक्रेताहरू | | अन्य सेवा सम्बन्धी कामदारहरू | |
| | | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| तराई क्षेत्र | भद्रपुर | ६.३ | ५.१ | ७.२ | ७.५ | - | - | ६.२ | - | ८.५ | - | ८.२ | ७.४ | ८.४ | ६.० | ७.८ | ४.४ | ८.० | ११.० | ९.१ | ६.१ |
| | विराटनगर | ५.६ | ८.० | १०.२ | १०.० | ७.३ | ६.९ | ६.६ | - | ७.४ | ६.० | ७.५ | ६.४ | ९.० | ८.९ | ७.६ | ८.० | १०.० | ५.५ | ८.४ | ६.७ |
| | जनकपुर | ४.८ | ४.९ | ६.३ | ३.६ | ७.७ | - | ८.० | - | ८.० | - | ७.५ | ४.६ | ८.६ | ७.२ | ८.१ | ३.२ | ८.३ | ५.८ | ७.३ | ५.७ |
| | बीरगन्ज | ४.७ | ४.१ | ५.२ | ५.२ | ६.४ | - | ६.६ | - | ७.६ | ४.० | ७.१ | ५.७ | ८.६ | ८.४ | ७.२ | ५.१ | ७.८ | ८.६ | ८.९ | ५.६ |
| | भैरहवा | ६.३ | ५.४ | ५.२ | ४.५ | ८.० | ४.० | ८.० | ५.० | ६.७ | ५.३ | ७.६ | ७.२ | ८.४ | ७.३ | ८.० | ७.० | ९.९ | ७.७ | ७.७ | ६.० |
| | नेपालगन्ज | ५.७ | ४.३ | ६.१ | १.७ | ७.० | - | - | - | - | - | ७.३ | ४.६ | ९.४ | ९.२ | ८.० | ६.४ | ९.० | - | ८.४ | ४.३ |
| | महेन्द्रनगर | ६.६ | ५.० | ६.१ | ५.३ | ७.१ | ४.३ | ५.० | ५.५ | ९.० | - | ८.० | ६.४ | ८.१ | - | ७.९ | ३.० | १०.० | ६.३ | ८.३ | ७.० |
| पहाडी क्षेत्र | ईलाम | ६.२ | ६.३ | ६.१ | ५.७ | ८.७ | ५.२ | ९.५ | ६.० | ६.८ | - | ७.२ | ६.४ | ८.७ | ५.२ | ८.५ | १२.० | ९.६ | ७.५ | ८.१ | ७.३ |
| | औखलढुंगा | ६.७ | ६.९ | ६.३ | ६.१ | ६.१ | ८.० | - | - | ८.१ | - | ७.७ | ७.१ | ८.९ | ८.५ | १०.२ | ६.९ | ८.० | ८.५ | ७.३ | ६.८ |
| | धनकुटा | ५.३ | ५.२ | ५.५ | ५.२ | ८.१ | ४.६ | ५.६ | ५.२ | ६.१ | १०.० | ४.३ | ३.७ | ६.६ | ७.० | ८.१ | ५.२ | ६.१ | [illegible] | ६.७ | ७.५ |
| | हेटौंडा | ५.७ | ५.४ | ५.६ | ४.५ | ६.४ | ३.२ | - | - | ६.५ | ७.६ | ६.८ | ६.८ | ९.३ | ७.६ | ७.८ | ५.३ | ८.६ | - | ७.८ | ४.१ |
| | पोखरा | ६.१ | ६.७ | ५.१ | ६.७ | ४.५ | ५.२ | ६.१ | - | ६.३ | ४.० | ७.१ | ७.६ | ८.६ | ८.० | ६.५ | ७.३ | ६.५ | ७.९ | ७.९ | ६.३ |
| | बागलुंग | ५.४ | ६.० | ५.७ | ५.८ | ७.१ | ५.४ | ४.९ | ४.० | ६.४ | - | ६.२ | ६.२ | ६.६ | ६.४ | ५.७ | - | ७.० | ६.९ | ७.१ | ७.२ |
| | दांग | ६.४ | ५.१ | ६.२ | ५.१ | ९.२ | ८.९ | - | ८.० | ८.३ | ८.० | ७.९ | ७.१ | ८.८ | १०.० | ६.९ | ५.५ | ७.८ | ८.६ | [illegible] | [illegible] |
| | सुर्खेत | ६.२ | ८.२ | ८.५ | ९.२ | ६.८ | ३.४ | १०.१ | ३.४ | - | - | ८.३ | २.० | ९.९ | ३.४ | ६.४ | ३.४ | ७.८ | २.३ | ७.५ | ३.४ |
| काठमाडौं | काठमाडौं | ७.७ | ६.८ | ७.५ | ७.१ | ७.६ | ६.८ | ७.१ | - | ७.५ | ५.७ | ६.८ | ४.४ | ८.४ | १०.० | ७.७ | ८.३ | ७.९ | - | ८.९ | [illegible] |
| | भक्तपुर | ७.७ | ७.२ | ६.२ | ६.७ | ६.६ | ५.३ | ५.० | - | ७.४ | ४.८ | ६.४ | ६.० | - | - | ७.१ | ५.० | ९.१ | ६.८ | २.० | ४.८ |
| | ललितपुर | ६.३ | ५.२ | ५.७ | ५.२ | ६.९ | ६.६ | ८.४ | ४.५ | ६.७ | - | ७.१ | ६.५ | ७-४ | ९.५ | ५.९ | ५.६ | ६.५ | ८.३ | ८.२ | [illegible] |

स्रोत: नेपाल राष्ट्र बैंक, पारिवारिक आय-व्यय सर्वेक्षण, २०३०।३१, अप्रकाशित रिकर्डहरू ।

तालिका नं. ५३

काठमाडौंका क्षेत्रहरुमा मासिक औसत आय

(रु. मा)

| क्षेत्र | शहर | व्यापारिक कामदारहरु |  |  |  | सेवा सम्बन्धी कामदारहरु |  |  |  | कृषि (खेती) सम्बन्धी कामदारहरु |  |  |  | निर्माण सम्बन्धी कामदारहरु |  | उत्पादन कामदारहरु |  |  |  |  |  |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  | व्यवस्थापक |  | अन्य व्यापारिक कामदारहरु |  | चीया विक्रेताहरु |  | अन्य सेवा सम्बन्धी कामदारहरु |  | कृषकहरु |  | कृषि कामदार र काम सघाउने |  | साधारण कामदारहरु |  | खाद्य र पीउने पदार्थ |  | अन्य कामदारहरु |  | बुन्ने कामदारहरु |  |
|  |  | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| तराई क्षेत्र | भद्रपुर | - | - | १६४ | - | ७८५ | - | १६६ | ६० | - | - | १५२ | - | १५६ | १२१ | १६७ | - | - | - | ३२४ | - |
|  | विराटनगर | ५६१ | १७५ | ३४५ | २५० | ५६६ | ११७ | २०२ | ८३ | २३२ | - | ६८ | - | - | - | ८१७ | - | २२४ | १६५ | २२६ | ११३ |
|  | जनकपुर | ६०० | - | ३१४ | ५० | ३०० | - | १३३ | ५८ | २५० | - | - | - | १८५ | १५६ | २६४ | - | ३८० | - | २६५ | - |
|  | वीरगन्ज | १०१३ | - | २२३ | १३३ | - | - | १३५ | ७५ | १०३ | - | १३३ | ७७ | १७१ | ९९ | २१७ | ९० | २३४ | - | २५८ | - |
|  | भैरहवा | ३५४ | ७९ | २६४ | - | ३०५ | २४४ | १९७ | १६७ | ११० | १२० | ११४ | ४७ | १२९ | ९५ | १७० | १२५ | ४४९ | ७० | ३५१ | - |
|  | नेपालगन्ज | ४६३ | ३२९ | २१८ | १०५ | ३६७ | - | २९८ | ८३ | १०१ | २६० | ३० | - | १५३ | १३६ | २४१ | ७० | २२७ | - | २६५ | - |
|  | महेन्द्रनगर | ४६२ | - | १४० | - | २७४ | ३०० | १६७ | - | ११८ | - | ११० | ४५ | १८३ | १३८ | ३०९ | - | २२४ | - | ३०७ | - |
| पहाडी क्षेत्र | इलाम | ६२० | १८० | १३० | ७० | ४३० | २१२ | २४४ | १०६ | ११३ | ४९ | ६० | ५५ | १२० | ९२ | १९७ | ५० | ४०० | २०० | २८४ | - |
|  | ओखलढुंगा | ७८० | ४०० | २४९ | - | ५८६ | १६२ | २४५ | - | १०० | ७१ | ७९ | ६३ | १२९ | ९१ | - | - | २४६ | ५० | १५१ | - |
|  | धनकुटा | ३२० | ११५ | १३२ | १०६ | ३३९ | १५० | १६५ | १४८ | १०० | ४३ | १५१ | ६२ | ९३ | ६२ | २१९ | ४० | २८२ | - | १२१ | - |
|  | हेटौंडा | ३४२ | ५७ | १६० | - | ३१८ | - | ११९ | १०६ | १०६ | - | १०० | ५६ | १०४ | ६३ | - | - | १५० | - | १८० | ९८ |
|  | पोखरा | ४१५ | २२० | १३२ | ८० | ३६८ | १३८ | २५२ | ८५ | ९६ | ६५ | ८२ | १०१ | १२२ | ७५ | २४२ | - | २८३ | - | २४४ | - |
|  | बागलुंग | ३७९ | १६१ | ३०० | २०० | २९३ | २२४ | १६६ | २२० | १३९ | ५६ | ५१ | ६१ | ७१ | ६९ | १७५ | ८० | १३९ | - | ८४ | १५० |
|  | दांग | ३५७ | १०० | - | - | २९२ | ३०० | १८८ | ३६ | ९१ | ५७ | ४५ | ४४ | १०९ | ६६ | - | ९० | २८० | - | २०९ | १०० |
|  | सुर्खेत | २७६ | - | २७७ | - | २२० | १७० | १५५ | - | १०४ | १६२ | - | - | ११६ | ८० | ३०९ | - | १९० | - | - | - |
| राजधानी | काठमाडौं | ५६५ | १५० | २२४ | ४१२ | १०६३ | - | २३६ | ९५ | २९८ | ७२ | १०५ | ७३ | १५६ | ७१ | ३१२ | १०९ | २४४ | १७० | ४१५ | १०० |
|  | भक्तपुर | २८८ | ३०० | १७४ | - | २१६ | २०० | १०० | ६२ | ९९ | - | ७७ | - | ११९ | ७६ | २३७ | - | २१३ | ६७ | १८७ | १२१ |
|  | ललितपुर | ६०५ | ३५० | १८७ | १२५ | ४२५ | १५० | १६० | ६८ | ११३ | ८६ | ११७ | ८६ | - | - | ४२५ | ५५ | २४५ | ८३ | २७४ | - |

स्रोत: नेपाल राष्ट्र बैंक, पारिवारिक आय-व्यय सर्वेक्षण, २०३०।३१, अप्रकाशित रिकर्डहरु ।

पुरूषहरूको तुलनामा महिलाहरूको लागि कम रोजगारिका अवसरहरू प्राप्त हुने कुरा महिला श्रम शक्तिको निम्न शैक्षिक स्तरले पनि देखाउंदछ । २०२८ सालको जनगणना अनुसार महिला श्रम शक्तिको ९८.९६ प्रतिशतले कुनै पनि विद्यालयमा पढेका थिएनन् भने पुरूष श्रम शक्तिको ९१.६१ प्रतिशतले मात्र पाठशालामा पढेका थिएनन् । महिला श्रम शक्तिको १.०४ प्रतिशत शिक्षित महिला मध्ये ०.६४ प्रतिशतले प्राथमिक विद्यालय र ०.३२ प्रतिशतले माध्यमिक विद्यालय पूरा गरेका थिए । यसरी माध्यामिक विद्यालय भन्दा माथिको शिक्षा पाएका महिला श्रम शक्तिको प्रतिशत ०.०८ मात्र थियो (तालिका नं. ५४) ।

तालिका नं. ५४

श्रम शक्तिको शैक्षिक स्तर

शैक्षिक वर्ष पूरा गरेको

(१० वर्ष र माथिका कुल जनसंख्याको प्रतिशतमा)

| | विद्यालयमा नपढेका | प्राथमिक विद्यालय १-५ | माध्यमिक विद्यालय ६-१० | मध्यवर्ति intermediate ११-१२ | स्नातक + |
|---|---|---|---|---|---|
| पुरूष | ९१.६१ | ४.४२ | ३.२४ | ०.३७ | ०.३७ |
| महिला | ९८.९६ | ०.६४ | ०.३२ | ०.०३ | ०.०५ |
| सबै | ९३.९६ | ३.३१ | ३.९९ | ०.२७ | ०.२७ |

श्रोत: राष्ट्रिय जनगणना, २०२८ ।

महिला श्रम शक्तिको वैवाहिक स्तरले नेपालको अर्को विशेषता देखाउंदछ । धेरैजसो विकाशोन्मुख र समाजवाद रहित (non-socialist) विशसित देशहरूमा जस्तै २०२८ को जनगणनाले नेपालमा पनि आर्थिक दृष्टिले सकृय महिला संख्याको ६७ प्रतिशत बिबाहित र ८ प्रतिशत विधवा वा सम्बन्ध-विच्छेद (पारपाचुके) गरेको तथ्य देखाएको छ । स्वतन्त्र विश्वका अति विकशित देशहरूमा आर्थिक गतिविधिलाई बिबाहको विकल्पको रूपमा हेरिन्छ । एशिया क्षेत्रका धेरै देशहरूमा कुल महिला श्रम शक्ति मध्ये बिबाहित महिलाको प्रतिशत कम छ । उदाहरणका लागि, फिलिपिन्समा महिला श्रम शक्तिको ४७.४ प्रतिशत मात्र सन् १९७५ मा बिबाहित थिए (एलेते, सिल्भा र एलिएजार: सन् १९७७) । नेपालमा क्षेत्रीय रूपमा हेर्दा आर्थिक दृष्टिले सकृय महिला जनसंख्या मध्ये बिबाहित महिलाहरूको प्रतिशत सबभन्दा धेरै तराई क्षेत्रमा देखिन्छ । काठमाडौं

उपत्यकामा कामदार महिलाहरू मध्ये बिबाहित महिलाको प्रतिशत सबभन्दा थोरै देखिन्छ (तालिका नं. ५५) ।

कामदार महिलाहरू मध्ये धेरै प्रतिशत बिबाहित हुनु उच्च जातिका हिन्दु समूहमा सम्बन्ध-विच्छेदको सामाजिक अस्वीकृति र परिवारको जीविका चलाउन महिलाहरूले धेरै काम गर्नु पर्ने आवश्यकताको परिणाम हो । नेपालको श्रम शक्तिमा अधिकांश बिबाहित महिलाहरू भएबाट नेपाली अर्थव्यवस्थामा पारिवारिक उत्पादनको भूमिका तुलनात्मक दृष्टिले ज्यादै महत्वपूर्ण भएको र अधिकांश महिलाहरूले घरायसी कामका साथै आर्थिक कार्य समेत गर्ने कुरा प्रष्ट हुन्छ । अर्को तर्फ, नेपालको पहाडी क्षेत्रको तुलनामा तराई क्षेत्रको श्रम शक्तिमा बिबाहित महिलाहरूको प्रतिशत धेरै हुनु तराईका हिन्दुहरूमा सानै उमेरमा बिबाह गर्ने प्रथा अद्यपी मौजुद भएको सूचक हो ।

माथि विश्लेषण गरिएका तथ्यांकहरूबाट बढी निष्कर्ष निकाल्न नसकिए तापनि निम्न निष्कर्षमा पुग्न सकिन्छ ।

(क) महिलाहरू कम आम्दानी हुने पेशाहरूमा केन्द्रीत छन्,

(ख) उनिहरूले कृषि क्षेत्रमा गरेको योगदानलाई राष्ट्रिय उत्पादनमा समावेश गरिएको छैन,

(ग) रोजगारीको अवसर पुरूषहरूको लागि भन्दा महिलाहरूको लागि झन् कम छ, र

(घ) आर्थिक दृष्टिले सक्रिय महिला जनसंख्यामा बिबाहित महिलाहरूको प्रतिशत अन्य विकशित वा विकाशोन्मुख देशहरूमा भन्दा नेपालमा बढी छ ।

तालिका नं. ५५

आर्थिक दृष्टिले सकृय महिला जनसंख्याको बैबाहिक स्थिति[१]

(क्रमिक क्षेत्रहरूमा आर्थिक दृष्टिले सकृय महिलाको प्रतिशतमा)

| | पूर्वान्चल विकास क्षेत्र | | | मध्यमान्चल विकास क्षेत्र | | | पश्चिमान्चल विकास क्षेत्र | | | सुदूर पश्चिमान्चल विकास क्षेत्र | | | सम्पूर्ण नेपाल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अविवाहित | बिवाहित | विधवा र सम्बन्ध विच्छेद भएका | अविवाहित | बिवाहित | विधवा र सम्बन्ध विच्छेद भएका | अविवाहित | बिवाहित | विधवा र सम्बन्ध विच्छेद भएका | अविवाहित | बिवाहित | विधवा र सम्बन्ध विच्छेद भएका | अविवाहित | बिवाहित | विधवा र सम्बन्ध विच्छेद भएका |
| पहाडी क्षेत्र | ३३.६ | ५८.७ | ७.७ | २७.२ | ६६.६ | ६.२ | २५.५ | ६७.२ | ७.३ | २२.९ | ६९.९ | ७.२ | २६.६ | ६६.३ | ७.१ |
| तराई क्षेत्र | १६.३ | ७१.० | १२.७ | ११.६ | ७२.० | १६.५ | ९.७ | ७९.५ | १०.८ | १७.३ | ७६.३ | ६.४ | १३.८ | ७४.० | १२.२ |
| भित्री मदेश | २२.५ | ६८.३ | १०.२ | २६.८ | ६६.० | ७.२ | - | - | - | २३.७ | ७०.४ | ५.९ | २४.९ | ६७.८ | ७.३ |
| काठमाडौं उपत्यका | - | - | - | २४.६ | ६५.५ | ९.९ | - | - | - | - | - | - | २४.६ | ६५.५ | ९.९ |
| कुल | २८.२ | ६२.६ | ९.२ | २५.४ | ६७.० | ७.७ | २३.८ | ६८.५ | ७.७ | २२.६ | ७०.३ | ७.१ | २४.८ | ६७.३ | ७.९ |

श्रोत: राष्ट्रिय जनगणना, २०२८: तालिका नं. १९ र २० ।


१ १० वर्ष र सो भन्दा माथिका ।

# सारांश र निष्कर्श

# सारांश र निस्कर्ष

वि.सं. २०२८ मा नेपालको कुल जनसंख्याको ४९.३ प्रतिशत (अर्थात् ५७ लाख) महिलाहरू थिए जस मध्ये ३९.९८ प्रतिशत १५ वर्ष मुनिका र ५.८८ प्रतिशत ५९ वर्ष भन्दा माथिका थिए। नेपाली महिलाहरू सानै उमेरमा बिबाहित, धेरै बालबच्चा र पुरूषहरूको भन्दा कम जीवन अवधिका हुन्छन्। निम्नस्तरको स्वास्थ्य सुविधा र चांडो बिबाह गर्ने प्रथाले गर्दा उनिहरूमा चांडै विधवा हुने संभावना बढी हुनुका साथै साक्षरता दर पनि अति कमछ। केहि महिलाहरूले मात्र उच्च शिक्षा हासिल गर्न सकेका छन्। राजनैतिक तथा प्रशासकिय क्षेत्रमा महिलाहरूको सहभागिता नगण्य छ र सरकारी वा संगठित क्षेत्रको नीति निर्धारण गर्ने स्तरमा अति थोरै महिलाहरू मात्र पुगेका छन्।

राष्ट्रिय अर्थ व्यवस्थामा महिलाहरूको योगदानलाई सीमित रूपमा मात्र स्वीकार गरिएको छ र उनिहरू मध्ये बहुसंख्यकलाई श्रमशक्तिको तथ्यांकमा समावेश गरिएको छैन। आर्थिक दृष्टिले सकृय मानिएका मध्ये पनि गैर कृषि व्यवसायमा लागेका महिलाको संख्या नगण्य छ र यस्तो अल्प संख्याको पनि अधिकांश संख्या थोरै आम्दानी हुने र निम्न स्तरका कामहरूमा केन्द्रित छन्। औधोगिक बस्तु उत्पादन गर्ने कार्यहरूमा कुनै पनि दक्ष महिला कार्यरत छैनन्। व्यापारिक र सेवा सम्बन्धी क्षेत्रमा देखिएका व्यवस्थापकहरूको एउटा सानो प्रतिशत मात्र महिला छन्। घरायसी कामका अतिरिक्त कृषि कार्यकलापमा झण्डै पुरूषहरू सरह नै समय लगाउंदछन् तर त्यस्ता कार्यकलापबाट उनिहरूले आर्जन गर्ने आम्दानीको लेखाजोखा हुंदैन।



मध्य तराईकी एउटी थरूनी अन्न थन्क्याउने बेरी बनाउँदैछिन्।

रोजगारी सम्बन्धी तथ्यांक अनुसार आर्थिक दृष्टिले सकृय जनसंख्याको ८६ प्रतिशत आफ्नै काम गर्ने वा आफै काममा लागेका र ७.१६ प्रतिशत काम सघाउने ( unpaid family workers ) थिए । बहुसंख्यक नेपाली ग्रामीण महिलाहरू घरायसी कार्यमा व्यस्त रहने परिप्रेक्षमा हेर्दा यस वर्गिकरणमा महिलाहरूको कम प्रतिशत देखाइनु संकास्पद छ र यसो हुनुको कारण सायद सकृय श्रमशक्तिमा महिलाहरूको सहभागिता सम्बन्धी तथ्यांक अवास्तविक भएकोले हो । श्रमशक्तिको शैक्षिकस्तर यसै पनि कम छ र खासगरी महिला श्रमशक्तिको स्तर झनु कम छ । २०२८ सालमा पुरुषहरूको श्रमशक्तिको ८.३६ प्रतिशतको तुलनामा महिला श्रमशक्तिको १.०४ प्रतिशतले मात्र प्राथमिक शिक्षा पूरा गरेका थिए ।

महिलाहरूको काम गर्ने परिभाटी बारे शारीरिक रचना शास्त्र (Anthropological) सम्बन्धी अध्ययनहरूले देखाएका चित्रणाहरू तथ्यांकले प्रस्तुत गरेका चित्रण भन्दा एकदमै विपरित छन् । निर्वाहिक परिवारका महिलाहरू पुरुषहरू जत्तिकै सकृय पाइएका छन् । त्यसैले निर्वाहिक परिवारमा सहभागी हुने सबैको आर्थिक गतिविधिहरू अझ सही रूपले प्रतिबिम्बित गर्ने खालका नयां सांख्यिकीय मापदण्डहरूको विकास गर्नु पर्ने आवश्यकता छ ।

आर्थिक तथ्यांकहरूका कमजोरीहरू विभिन्न अन्तर्राष्ट्रिय कार्यशाला र प्रकाशनहरूमा उल्लेख गरिएका छन् । तल उद्धृत गरिएका वाक्यहरूले यी कुराहरू स्पष्ट गराउंदछन (संयुक्त राष्ट्र संघ, सन् १९६८):

> परिभाषा, धारणा र वर्गिकरणाहरू उहि वा प्राय: उस्तै भए तापनि तथ्यांक संकलन गर्ने कार्यकर्ता र उत्तरदाताहरूद्वारा ती कुरालाई बेग्लै किसिमले व्याख्या गरेको हुन सक्दछ । यो खासगरी विकाशोन्मुख देशहरूमा महत्वपूर्ण हुन्छ, जहां सबैजसो आर्थिक गतिविधिहरू पारिवारिक स्तरमा सन्चालन गरिन्छ, जस्मा गृहिणी र विद्यार्थी बालबच्चाले महत्वपूर्ण भूमिका खेलेको हुन्छन् ।

अहिले सम्म कार्य मूल्यांकन गर्ने कुनै निस्चित मापदण्डको विकास हुन सकेको छैन । यस बारेका छलफलहरू विकाशोन्मुख देशहरूमा कामको ढांचा नाप्ने उद्देश्य भन्दा राष्ट्र राष्ट्रका बीच तुलना गर्ने विचारधारामा केन्द्रित छन् । विकाशोन्मुख देशहरूमा काम गर्ने ढांचा र लिंग अनुसारको श्रम विभाजन सम्बन्धी भरपर्दो तथ्यांकको अभावमा ग्रामीण विकाश सम्बन्धी धैरैजसो कार्यक्रमहरू निष्फल भएका छन् ।

आर्थिक गतिविधिको परम्परागत परिभाषाहरू अपूर्ण हुनुको कारणमा पुनरूत्पादन विधिको ज्ञान र सोचाइमा भिन्नता भएकोले हो । पुनरूत्पादनका दुई स्पष्ट भागहरू छन्: भौतिक सम्पत्तिको पुनरूत्पादन र श्रमशक्तिको पुनरूत्पादन । आर्थिक र अनार्थिक गतिविधिहरूको परिभाषा, भौतिक सम्पत्तिको पुनरूत्पादन एउटा आर्थिक गतिविधि हो र श्रमशक्तिको पुनरूत्पादन आर्थिक गतिविधि हैन भन्ने धारणामा आधारित छ । तर यो प्रमाणित गर्न कठिन छ । नर्सिंग विद्यालयको एउटी शिक्षिकालाई आर्थिक गतिविधिमा सरिक भएको मानिन्छ, जबकि एउटी आमाले सोहि काम घरमा गर्दा नीजलाई आर्थिक




ईटा बनाउने काम महिला र पुरुष दुवैथरी मिलेर गर्दछन्।

दृष्टिले निस्कृय भनि वर्गिकरण गरिन्छ । श्रमशक्तिलाई एउटा बस्तुको रूपमा हेरिने आधुनिक औद्योगिक समाजहरूमा श्रमिकहरूको पुनरूत्पादनलाई आर्थिक गतिविधि अन्तर्गत गणाना नगरिनु अचम्म छ । यस्को एउटा कारण सायद भौतिक सम्पत्तिको पुनरूत्पादन सामूहिक ठाउं अर्थात् कारखानामा गरिने र श्रमशक्तिको पुनरूत्पादन घरायसी इकाई भित्र गरिने भएकाले होला । गृहिणीहरू (housewives) ले घरमा उत्पादन गर्ने बस्तु र सेवाहरू राष्ट्रिय आयमा गणाना नगरिने भएकाले उनिहरूलाई आर्थिक दृष्टिले सकृय जनसंख्यामा समावेश गरिनु हुँदैन भन्ने तर्कहरू बराबर गरिन्छन् (संयुक्त राष्ट्र संघ, सन् १९६८) ।

एउटा प्राध्यापकले आफ्नो निजी सचीवलाई बिबाह गरेमा राष्ट्रिय आय घट्दछ भन्ने उखान प्रसिद्ध छ । राष्ट्रिय आय र श्रमशक्ति सम्बन्धी तथ्यांकहरूका यस्ता समस्याहरू कसरी समाधान गर्ने भन्ने बारे अर्थ शास्त्रीहरू धेरै समय देखि चिन्तितछन् । राल्फ थोम्लिनसन् (सन् १९७६: ३९१) ले जनशक्ति र श्रमशक्तिका धारणाहरू अस्पष्ट छन् र परिभाषा दिन कठिन छ किनभने तिनीहरू एउटा व्यक्तिले गरेको प्रयासमा आधारित नभै तलब वा मुनाफा पाउंछ वा पाउँदैन भन्ने सिद्धान्तमा आधारित हुन्छन् भनि लेखेका छन् ।

उपरोक्त उखानले, बिक्रीका लागि गरिने उत्पादन र सो मा संलग्न हुने श्रमशक्ति मात्र आर्थिक गतिविधि हो र घरायसी खपतका लागि गरिने उत्पादन र तत्सम्बन्धमा संलग्न हुने श्रमशक्ति आर्थिक गतिविधि हैन भन्ने धारणामा आधारित हालका आर्थिक गतिविधिको परिभाषाहरूको खरावीलाई रेखांकित गर्दछ । उदाहरणका लागि नेपाली अर्थ व्यवस्थाको करिव ४० प्रतिशत मौद्रिकरण भएको छैन र बजार व्यवस्थाबाट बाहिर



ऊनी धागो कातिरहेकी
एउटी तामाङ्ग महिला

पर्दछ । यदि बजारमूलक गतिविधिहरूलाई मात्र आर्थिक गतिविधिको परिभाषामा राख्ने हो भने, नेपालको जस्तो निर्वाहक अर्थव्यवस्थामा, जनसंख्याको ठूलो भाग -- दुबै पुरूष र महिला -- बेकम्मा देखिन्छन् जबकि वास्तवमा उनिहरूले पारिवारिक जीवन निर्वाहका लागि धेरै कठोरताका साथ काम गरिरहेका छन् । तसर्थ, जनगणना संकलन विधिमा संशोधन गर्नु वान्छनीय देखिन्छ । उदाहरणका लागि २०३८ सालको जनगणनामा महिलाहरूलाई तीन समूहमा वर्गिकरण गर्नु अफ वास्तविक हुन्छ:

(१) विक्रीका लागि विक्रीयोग्य बस्तुहरू उत्पादन गर्ने,

(२) निर्वाहक गतिविधि अर्थात् घरायसी आवश्यकताको पूर्तिका लागि मात्र बस्तु उत्पादन गर्ने, र

(३) घरायसी काम मात्र गर्ने ।

धेरैजसो महिलाहरू यी तीनै वा पछिल्ला दुई कार्यकलापमा लागेका हुन्छन्, त्यसकारण व्यक्तिहरूको वर्गिकरण गर्ने जटिल प्रश्न उठ्न सक्दछ । घरायसी काम र निर्वाहक गतिविधिको परिभाषा गर्ने गणकहरू वा उत्तरदाताहरूलाई छाड्नु भन्दा केन्द्रबाटै स्पष्ट परिभाषा गरिदिनु आवश्यक हुन्छ ।

राष्ट्रिय लेखा र जनगणनाको नयां सैद्धान्तिक परिधि विकाश गर्ने कुरा वर्तमान अध्ययनको क्षेत्रभन्दा बाहिरको विषय हो । त्यसो भए तापनि यसै अध्ययनको दोस्रो

चरणमा, स्थानीय स्तरमा नेपाली महिलाहरूको गतिविधि दरहरूको केहि वास्तविक मापदण्डको विकाश गर्ने, कामको वास्तविक ढांचा हेर्ने र ग्रामीण परिवारको श्रमको बांडफांड गर्ने परिपाटीको सुचेतन (sensitive) विषयहरू निर्धारित गर्ने प्रयास गरिने छ, जसबाट पारिवारिक श्रम साधनको उत्पादकत्व बढाउन अझ बढी प्रभावकारी कार्यक्रमहरू विकशित हुन सक्नेछन् ।

महिलाहरूको यस्ता धेरै पक्षहरू छन्, जस्को विषयमा तथ्यांकहरू प्राप्त छैनन् । आर्थिक पक्षमा महिलाहरूको रोजगारीको अवस्था बारे असंगठित क्षेत्रहरूको तथ्यांकहरू मात्र नभएका होइनन्, संगठित क्षेत्रका पनि छैनन् । राजनैतिक पक्षका तथ्यांकहरूको अवस्था झन् खराब छ । बिबाहका विकल्पहरू र सामाजिक जीवन परिपाटीहरू बारेका सूचनाहरू अपर्याप्त छन् र प्राय: अविश्वासनिय छन् । तसर्थ, महिलाहरूको जीवनका सबै पक्षहरूको विस्तृत अध्ययनको आवश्यकता छ । महिलाहरूको बहुरूपी भूमिकाको वास्तविक अध्ययन र नीतिहरूमा आवश्यक संशोधनहरू नगरे सम्म विकासको गति तीव्र हुन सक्दैन ।

नेपाली महिलाहरूको जीवन पद्धति बारेको पूर्ण चित्रण गर्न हाल उपलब्ध तथ्यांक-बाट मात्र असम्भव छ । तापनि यस अध्ययनको दोश्रो चरणमा ग्रामीण परिवारका महिलाहरूको जीवन पद्धति बारेको अध्ययन गर्ने प्रयास गरिने छ । राष्ट्रिय अर्थ व्यवस्थामा ग्रामीण क्षेत्रको महत्वपूर्ण भूमिका भएकाले यस क्षेत्रलाई पहिलो प्राथमिकता दिनु उचित हुनेछ । नयां दिल्ली र फिलिपिन्समा भएका दुईवटा पारिवारिक अर्थ शास्त्र सम्बन्धी गोष्ठीहरूमा (फोर्ड फाउण्डेशन, सन् १९७७) आधारित कार्यपत्रहरूले पनि विकाशोन्मुख

देशहरूका अनुसन्धानकर्ताहरूले ग्रामीण परिवारको अध्ययनलाई पहिलो प्राथमिकता दिनु पर्दछ भन्ने विचार व्यक्त गरेका छन् । त्यसकारण, वर्तमान अध्ययनको दोस्रो चरणमा निम्न प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिने छ:

(१) नेपाली महिलाहरू वास्तवमा के गरिरहेका छन् ? उनिहरूले आफ्नो समय कसरी बिताउंछन् ? अन्य कार्यहरू कुन बेला कसरी गर्दछन् ? उदाहरणका लागि, यदि बालिकाहरू विद्यालयमा गए भने बालबच्चा कस्ले हेर्दछ ?

(२) महिलाहरूको कार्यकलापले परिवारलाई उपभोग गर्ने इकाई भन्दा एउटा उत्पादन गर्ने इकाईमा कसरी प्रभाव पार्दछ ?

(३) पारिवारिक उत्पादनशिल गतिविधिमा उत्पादन इकाइको रूपमा परिवारको के भूमिका छ ? त्यो कसरी सन्चालन हुन्छ ?

(४) विभिन्न समुदायहरूका परिवार भित्र निर्णय लिने विधि के छ र निर्णय लिने विधिमा महत्वपूर्ण विषयहरू के छन् ?

फोटोहरू अघिल्ला पृष्ठमा :
पृष्ठ १०५ : आन हालण्ड
पृष्ठ १०७ : निर्मल तुलाधर
पृष्ठ १०८ : लिन बेनेट

फोटो पछिल्लो पृष्ठमा :
मध्य तराईकी एउटी मैथिली महिला
बच्चालाई दुध खुवाउँदै हाट-बजार जाँदैछिन्।

फोटो : निर्मल तुलाधर



# सहायक सन्दर्भ सूची

REFERENCES CITED

Acharya, Meena
1978 Development Planning for Women: Country Case Study. Presented at the Training Seminar on Development Planning for Women, UNAPDI and APCWD, Bangkok.

Alete, I.R., Silva, T.G. and Eleazar, E.P.
1977 A Profile of Philippine Women. Manila: Philippine Business for Social Progress.

Andors, Ellen
1976 The Rodi: Female Associations Among the Gurungs of Nepal. Ph.D. Dissertation. Columbia University.

Aziz, Barbara
1978 Tibetan Frontier Families. New Delhi: Vikas.

Boserup, Ester
1970 Women's Role in Economic Development. London: George Allen and Unwin.

1970 Preface. IN: Women and National Development: The Complexities of Change. The Wellesley Editorial Committee, Ed. Chicago: University of Chicago Press.

Campbell, J. Gabriel, Shrestha, Ramesh and Stone, Linda
In Press The Use and Misuse of Social Science Research Methods in Nepal. Kathmandu: CNAS, Tribhuvan University.

Committee on the Status of Women in India
1974 Towards Equality. New Delhi: Government of India, Department of Social Welfare.

Darling, Martha
1975 The Role of Women in the Economy. Paris: OECD.

Durand, John
1975 The Labour Force in Economic Development. Princeton: Princeton University Press.

Ford Foundation
1977 Rural Production, Employment Problems and Sex Differentiation of Wage Rates and Productive Work Opportunities: A Policy Research Agenda. New Delhi. (Mimeographed.)

Giele, Janet Zollinger and Smock, Audrey Chapman
1977 Women's Roles and Status in Eight Countries. New York: John Wiley and Sons. A Wiley Interscience Publication.

Hitchcock, John
1966 The Magars of Banyan Hill. New York: Holt, Rinehart and Winston.

H.M.G., The Planning Commission

1977 _Preliminary Report on Unemployment, Income Distribution and Consumption Levels_. Kathmandu: H.M.G. Press.

I.L.O.

1968 _International Standard Classification of Occupations_. Geneva.

Jones. Rex L. and Jones, Shirley Kurz

1976 _The Himalayan Woman_. Palo Alto: Mayfield.

Kansakar, Vidya Bir Singh

1977 _Population Census of Nepal and the Problems of Analysis_. Kathmandu: CEDA, Tribhuvan University.

Macfarlane, Alan

1976 _Resources and Population: A Study of the Gurungs of Nepal_. London: Cambridge University Press.

Martin, M. Kay and Voorhies, Barbara

1970 _Female of the Species_. New York: St. Martin's Press.

Murphy, Yolanda and Murphy, Robert

1974 _Women of the Forest_. New York: Columbia University Press.

Rajaure, Drone

1978 An Anthropological Study of the Tharus of Dang Deukhuri. Masters Degree Thesis. CNAS, Tribhuvan University (Manuscript.)

Rana, Ratna S.J.B.

1977 Country Paper. Presented to the UN Seminar on Participation of Women in Political, Economic, and Social Development, Kathmandu.

Schroeder, Robert and Schroeder, Elaine

1979 Women in Nepali Agriculture: All Work and No Power. _The Journal of Development and Administrative Studies_. Kathmandu: CEDA, Tribhuvan University Press.

Shrestha, Ramesh

1977 _Adult Literacy in Nepal: A Report_. Kathmandu: CNAS, Tribhuvan University.

Singhe, J.N.

1968 Dynamics of Female Participation in Economic Activity in a Developing Economy. World Population Conference. (WPC 185, Mimeographed.)

Srinivas, M.N.

1976 The Changing Position of Indian Women. Huxley Memorial Lecture. Bangalore: Institute of Social and Economic Change. (Mimeographed.)

Stokes, Olivia
1975 Women of Rural Bihar. IN: Indian Women. Devika Jain, Ed. New Delhi: Government of India, Ministry of Information and Broadcasting. pp. 217-228.

Stoler, Ann
1975 Land, Labor and Female Autonomy in a Javanese Village. New York: Columbia University. (Mimeographed.)

Tinker, Irene
1976 The Adverse Impact of Development on Women. IN: Women and World Development. Irene Tinker and Michele Bo Bramsen, Eds. Washington D.C.: Overseas Development Council. pp. 22-34.

Tray, Dennis
1977 Household Studies Workshop Seminar Report Series No. 3. New York: Agricultural Development Council.

United Nations
1968 Methods of Analyzing Census Data on Economic Activities of the Population.

Wellesley Editorial Committee
1977 Women and National Development: The Complexities of Change. Chicago: University of Chicago Press. pp. 1-21.

# तथ्यांकका श्रोतहरू

## RESOURCES OF STATISTICS


Acharya, Meena
1978 Development Planning for Women: Country Case Study. Presented at the Training Seminar on Development Planning for Women, UNAPDI and APCWD, Bangkok.

H.M.G., Ministry of Health and Family Planning and the Maternal Child Health Project (MCH)
1976 Nepal Fertility Survey.

H.M.G., Ministry of Information and Broadcasting
1974 (2031) Mechi Dekhi Mahakali Samma (Nepali).

H.M.G., The Planning Commission
1952/1954 The Population Census.

1961a The Population Census.

1961b Definitions and Regulations on the Nepal National Census (Nepali.)

1971 The Population Census.

1976 The Demographic Sample Survey.

1977 The Analysis of the Population Statistics of Nepal.

I.B.R.D.
1974 Agricultural Sector Survey Vol. I. Washington D.C.

National Council for Science and Technology
1977 Directory of Scientists and Technologists of Nepal. Kirtipur, Kathmandu.

Nepal Rastra Bank
1973/1974 Household Budget Survey. Unpublished Records.

1977 Production Costs and Return of Major Cereal and Cash Crops F.Y. 1976-77. Agricultural Credit Division.

Rajbanshi, B.S. and Gubaju, B.B.
1976 Population Projections of Nepal 1971-2001. Kathmandu. (Mimeographed.)

Tuladhar, Jayanti, Gubaju, B.B., and Stoeckel, John
1977 The Population of Nepal: Structure and Change. Berkeley: University of California Press.

Vaidya, Kokila, Dhungel, Bashundhara, and Carlow, Raymond
1978 Social Network Survey of Nepali Women. FP/MCH Project. Kathmandu. (Draft.)

पहिलो जिल्दका तस्वीरहरू:
माथि दायाँ: आन हालण्ड
अन्य फोटोहरू: डेविड ससून

पछिल्लो जिल्दमा:
बायाँ माथि, तल: निर्मल तुलाधर
दायाँ माथि, तल: डेविड ससून

युनिसेफ

UNICEF

आनिप्रके







